सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ वैशाख २०८२, सोमबार (28 Apr 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बालुवाटारमा ओली-देउवा समझदारी

सातबुँदे सहमति अक्षरशः पालना गर्ने



प्रधानमन्त्रीको बेडुमा बिचौलिया पुगेको पुष्टि गर्न गगनलाई ओलीको चुनौती

(विस्तृत पृष्ठ ३)

शैक्षिक रूपान्तरणमा खोजिएको संघीय शिक्षा ऐन



● किरण कोइराला

संविधान संशोधन गरेर शिक्षालाई तीनै तहको साझा सूचीमा राखी तहगत सरकारलाई गुणस्तरीय शिक्षा विकासमा जिम्मेवार बनाउनुपर्छ

(पृष्ठ ४)

प्राकृतिक विपत्तिमा पनि दमनलाई निरन्तरता दिइरहेको म्यानमार



भूकम्प प्रभावित क्षेत्रमा युद्धविराम घोषणा गरिए पनि सशस्त्र समूहविरुद्ध सेनाको अभियान तीव्र

(विस्तृत पृष्ठ ५)

लगानी बोर्डको पाँचवर्षे रणनीतिक योजनाको अन्तिम मस्यौदा स्वीकृत

निजी क्षेत्रसहित ४२ परियोजनासँग २४ खर्ब लगानी सम्झौता गर्ने लक्ष्य



प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको बैठकले १४ खर्ब लगानी स्वीकृत गर्ने लक्ष्यसहितको रणनीतिक तथा व्यावसायिक योजनाको मस्यौदा स्वीकृत गरेको छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

२५ दिनसम्म शान्त शिक्षक आन्दोलन सरकारले सुनुवाइ नगरेपछि आक्रामक बन्दै

शिक्षकहरूले रचनात्मक गतिविधिमार्फत पेसागत माग राख्दा सरकारले बेवास्ता मात्रै गरेन, मानमर्दनसमेत गर्दा मुठभेडतिर पुग्यो आन्दोलन

सत्तारूढ दल कांग्रेसका नेताहरूबाटै दमनको विरोध

शिक्षकमाथि दमन होइन, संवादबाट सम्बोधन गरौँ

● **गगन थापा**, महामन्त्री



राज्यसँग आग्रह छ- शिक्षकहरूको आवाजलाई दमन होइन, संवादबाट सम्बोधन गरौं। शिक्षकहरूसँग भएको विगतको सहमतिको आधारमा निर्णय गरेर चाँडो कक्षाकोठामा फर्कने वातावरण बनाउनमा नै हामी सबैले काम गर्नुपर्नेछ।

शिक्षकमाथि दमन र धम्की कुशासनको अर्को उदाहरण

● **शेखर कोइराला**, नेता



शिक्षकसँग वार्ता गरी समस्या समाधान गर्नुपर्नेमा सडकमै उनीहरूमाथि प्रहरी बल प्रयोग गर्नु र पालिका लगाएर शिक्षकहरूलाई धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण हो।

विपक्षी माओवादी र एकीकृत समाजवादीले पनि भने- शिक्षकमाथिको दमन निरंकुश र गैरजिम्मेवार

● **अग्नि सापकोटा**
प्रवक्ता, माओवादी



बहुमतको दम्भ र अहंकार त्यागी निकासका लागि सरकारले गम्भीर पहल गरोस्, अझै शिक्षकलाई तर्साउने, गलाउने र थर्काउने काममा सरकार लाग्नु परिस्थितिलाई थप भड्काउनु हो।

● **प्रकाश ज्वाला**
उपाध्यक्ष, एकीकृत समाजवादी



सरकारले राज्यशक्तिको दुरुपयोग गरेर शिक्षकको शान्तिपूर्ण प्रदर्शनमा दमन गर्ने, लाठीचार्ज गर्ने र आन्दोलनरत शिक्षकहरूलाई घाइते बनाउने निरंकुश र गैरजिम्मेवार काम गरेको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरबाट काठमाडौंको सडकमा भेला भएर २५ दिनसम्म शिक्षा ऐन माग्दै आएका शिक्षकका रचनात्मक गतिविधिलाई सरकारको नेतृत्वले नै बेवास्ता र मानमर्दन गर्दा आन्दोलन मुठभेडतिर प्रवेश गरेको छ। २५ दिनसम्म गीत गाएर, कविता भनेर र जादु देखाएर रचनात्मक दबाब दिँदै आएका शिक्षकहरू सर्वोच्चको आदेशपछि पनि सरकार गम्भीर नभएपछि

» पृष्ठ २ मा क्रमशः

झन्डै एक महिना बित्दा पनि शिक्षकका माग पूरा गर्न सकिने या नसकिने विषयमा सरकार मौन, गलाउने रणनीति

शिक्षक आन्दोलनका २६ दिनमा सरकारका गतिविधि हेर्दा संवादबाट समाधान खोज्नेभन्दा विभिन्न दबाब दिएर शिक्षकलाई गलाउने रणनीति देखिन्छ। यो अवधिमा शिक्षकहरूले प्रधानमन्त्री केपी ओलीलाई ५ वैशाखमा एकपटक मात्रै भेटून पाएका छन्। शिक्षक महासंघका प्रतिनिधिहरूका अनुसार उक्त भेटमा प्रधानमन्त्रीले शिक्षा ऐनका विषयमा संसदीय प्रक्रिया बुझ्नेर फेरि छलफलमा बोलाउने भनेका थिए। तर, ओलीले उल्टै सार्वजनिक कार्यक्रमहरूमा शिक्षक आन्दोलनकै मानमर्दन हुने अभिव्यक्ति दिन थाले। ८ वैशाखमा शिक्षकमाथि घोचपेच गर्दै उनले भनेका थिए, 'सानो ऐन बोक्न यत्रा शिक्षक सडकमा आउनुपर्दैन।' उनले शिक्षक आन्दोलनले राजावादीलाई सघाएको संगीन आरोप पनि लगाएका थिए।



आइतबार बानेश्वर क्षेत्रमा आन्दोलनरत शिक्षकमाथि प्रहरीको बलप्रयोग। लाठी, बुट र पानीको फोहोरा हान्दा ६२ शिक्षक र प्राइम टेलिभिजनकी पत्रकार सविना कार्की घाइते भएका छन्। पाँच सुरक्षाकर्मी पनि घाइते भएको प्रहरीले जनाएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शिक्षकका मागमा प्रधानमन्त्री अनुदार बनेकै कारण शिक्षामन्त्रीबाट विद्या भट्टराईले राजीनामा नै दिनुपऱ्यो। 'शिक्षकका माग समाधानमा प्रधानमन्त्रीबाटै सहयोग नहुने भएपछि राजीनामा दिने निधो भएको,' भट्टराईका सचिवालय सदस्य आयुष रावतले बताएका थिए। भट्टराई शिक्षामन्त्री छँदा शिक्षक प्रतिनिधिले २८ चैतमा एकपटक मात्रै भेटेर ध्यानाकर्षण-पत्र बुझाएका थिए। नवनियुक्त शिक्षामन्त्री रघुजी पन्तले त सुरुबाटै शिक्षकप्रति अविश्वासको वातावरण बनाईदिए। पन्तसँग पहिलोपटक शुक्रबार भेटवार्ता तय गरिएकोमा शिक्षक महासंघले तोकेको वार्ता टोलीमा नाम थपेर चलखेल गरेपछि वार्ता गर्न गएका शिक्षकहरू सिंहदरबार गेटबाटै फर्किएका थिए। महासंघले १३ सदस्यको नाम पठाएकोमा पन्तले आफूले इच्छाएका १२ जनाको नाम थपेर २५ सदस्यीय बनाइदिएपछि शिक्षकहरू भड्किएका थिए। भोलिपल्ट शनिबार शिक्षामन्त्री र महासंघका प्रतिनिधिबिच भेट भए पनि उपलब्धिमूलक भएन।

सर्वोच्च अदालतको आदेश पालनामा पनि सरकार गम्भीर देखिँदैन। बिहीबार सर्वोच्चले सरकारका नाममा अन्तरिम आदेश दिएको थियो, 'आन्दोलनरत शिक्षकका जायज र संविधानसम्मत मागहरू तत्काल सम्बोधन गर्ने सम्बन्धमा विपक्षी निकायहरूले उचित र आवश्यक निर्णय गरी यो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र शिक्षकहरू विद्यालयमा फर्की पठनपाठन गर्ने वातावरण सुनिश्चित गर्नू।' आदेश आएको तीन दिन धर्किसकेको छ, तर शिक्षकलाई विद्यालय फर्काउन उनीहरूका माग सम्बोधन गर्नतर्फ सरकार सक्रिय देखिँदैन। बरु जाडो र गर्मी बिदा कटौती गरेर क्यालेन्डर परिमार्जन गर्ने तयारीमा शिक्षा मन्त्रालय लागेको छ।

शिक्षकहरूले २४ वटा माग राखेका छन्। तीमध्ये १७ वटा ऐन र सातवटा मन्त्रिपरिषद्सँग सम्बन्धित छन्। तर, सरकारले यी माग पूरा हुन्छन् या हुँदैनन् भनेर पनि शिक्षकहरूलाई भनेको छैन। बरु, एकोहोरो आन्दोलन त्याग्न भनिरहेको मात्रै छैन, स्थानीय सरकारहरूमार्फत सूचना जारी गरेर विद्यालय नफर्किने शिक्षकलाई कारबाही गर्ने धम्की आउन थालेको छ। सत्तारूढ दलकै नेतृत्व रहेका स्थानीय तहबाट यस्तो सूचना जारी भएका छन्।

■ आवासीय चिकित्सक पनि निरन्तर आन्दोलनमा

तर, सरकारको नजरअन्दाज

विशेषज्ञ डाक्टर बन्न निजी मेडिकल कलेजमा पोस्ट ग्राजुएट (पिजी) तह अध्ययनरत आवासीय चिकित्सक चिकित्सा शिक्षा आयोगको निर्णयअनुसार निर्वाह भत्ताको माग राख्दै एक महिनादेखि आन्दोलनमा छन्। आयोगले गरेको निर्णयअनुसार निर्वाह भत्ता दिन निजी मेडिकल कलेजले निरन्तर अटेरी गर्दै आएका छन्। तर, सरकारले आवासीय चिकित्सकको माग सम्बोधनमा अग्रसरता लिएको छैन। सरकारले तोकेको निर्वाह भत्ता नदिएसम्म आन्दोलन जारी रहने चिकित्सक संघले बताएको छ।

चिकित्सा शिक्षा आयोगको १६औँ बैठकले तोकेको निर्वाह भत्ता (मासिक ४८ हजार सात सय रुपैयाँ) पाउनुपर्ने उनीहरूको माग छ। उनीहरूको आन्दोलनलाई नेपाल चिकित्सक संघले समेत साथ दिएपछि आन्दोलनको दायरा झनै फराकिलो भएको छ। चिकित्सकहरूले माइतीघर मण्डलामा निरन्तर प्रदर्शन गर्दै आइरहेका छन्। बिहीबार स्वास्थ्य मन्त्रालय घेराउ गरेका थिए। संघका अनुसार आन्दोलनमा ६ हजारभन्दा बढी चिकित्सकको सहभागिता छ।

संघका अध्यक्ष अनिलविक्रम कार्कीले निजी मेडिकल कलेजले श्रमशोषण गरेको बताउँदै सरकारले तोकेको निर्वाह भत्ता नदिएसम्म आन्दोलन सशक्त रूपमा अघि बढाइने चेतावनी दिए।

मधेशका पालिकाका लागि स्वास्थ्य उपकरण खरिदमा ५२ करोड ४२ लाख भ्रष्टाचार

मधेश प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालयको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आर्थिक वर्ष ०७९/८० मा विभिन्न स्थानीय तहमा निदान केन्द्रका लागि स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचार, कानुनविपरीत खरिद सम्झौता गरी भ्रष्टाचार कसुर गरेको आरोपमा अख्तियारद्वारा दुई बहालवाला सहसचिवसहित ४५ विरुद्ध मुद्दा, मेडिकल व्यवसायी विशाल पण्डित प्रमुख प्रतिवादी

सुवास भट्ट/नयाँ पत्रिका

मधेश प्रदेश सरकारद्वारा प्रदेशभित्र विभिन्न स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाका लागि गरिएको ठेक्कामा ५२ करोड ४२ लाख ५४ हजार भ्रष्टाचार भएको दाबी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छ। यस सम्बन्धमा अख्तियारले आइतबार विशेष अदालतमा चारवटा छुट्टाछुट्टै मुद्दा दायर गरेको छ। दायर मुद्दामा ४५ जना प्रतिवादी रहेका छन्।

आयोगका अनुसार मधेश प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालयको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आर्थिक वर्ष ०७९/८० मा प्रदेशका विभिन्न स्थानीय तहमा निदान केन्द्रका लागि स्वास्थ्य उपकरण खरिद गर्दा भ्रष्टाचार भएको प्रमाण भेटिएको हो। कानुनविपरीत खरिद सम्झौता गरी भ्रष्टाचार कसुर गरेको आरोपमा अख्तियारले दुईजना बहालवाला सहसचिवविरुद्ध पनि मुद्दा दायर गरेको छ।

■ भ्रष्टाचारका प्रमुख 'खेलाडी'



● सहसचिव इमनारायण श्रेष्ठ
हाल उनी पाठ्यक्रम विकास केन्द्रमा महानिर्देशक छन्



● सहसचिव डा. श्रवणकुमार मिश्र
हाल उनी मधेश प्रदेशको स्वास्थ्यसचिव छन्



● विशाल पण्डित
उनी हस्पिटेक इन्टरप्राइजेज प्रालिका सञ्चालक हुन्

ठेकेदारसँग मिलेमतो गरी कानुनविपरीत ठेक्का लगाएर भुक्तानी गरिएको आरोपमा आयोगले

» पृष्ठ २ मा क्रमशः

■ सांसद राईविरुद्ध तीन दिन म्याद थप

सहकारी ठगी तथा संगठित अपराध कसुरमा अनुसन्धान

संलग्नताको प्रमाण फेला परिसकेका छन्

सहकारी ठगीमा राईको संलग्नता खुल्ने केही प्रमाण प्रहरीले फेला पारिसकेको छ। सहकारीको बोर्ड बैठकका माइन्युटमा उनको हस्ताक्षर भेटिएको छ। उनी दुई कार्यकाल स्वर्णलक्ष्मीको सञ्चालक समितिमा बसेकी थिइन्। सहकारीका माइन्युट र संसद्मा उनले गरेको हस्ताक्षरसमेत 'म्याच' भइसकेको प्रहरी अधिकारी बताउँछन्।



टेकराज थामी/नयाँ पत्रिका

कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड रुपैयाँ हिनामिना प्रकरणमा पत्राउ परेकी कांग्रेस सांसद माया राईमाथि अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले तीन दिनको म्याद दिएको छ। शनिबार कपनस्थित निवासबाटै पत्राउ परेकी राईलाई काठमाडौं प्रहरीले अदालत पेस गरेकोमा अनुसन्धानका लागि तीन दिन पाएको हो।

प्रहरीले राईविरुद्ध सहकारी ठगी तथा संगठित अपराध कसुरमा अनुसन्धान सुरु गरेको छ। 'शनिबार पत्राउ परेकी राईविरुद्ध तीन दिनको म्याद थप भएको छ। प्रहरीले सहकारी ठगी र संगठित अपराध कसुरमा अनुसन्धान प्रक्रिया अघि बढाइसकेको छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिराज बोहराले भने। संगठित अपराधमा प्रहरीले ६० दिनसम्म अनुसन्धान गर्न पाउँछ।

राई कालीमाटीस्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारीको पूर्वसञ्चालिका हुन्। जिबी राई अध्यक्ष रहेको उक्त सहकारीमा उनी सहसचिव थिइन्। सहकारीमा दुई अर्ब ६५ करोड रुपैयाँ हिनामिना भएको छ।

घटनामा संलग्न रहेको भन्दै रास्वपा सभापति तथा सांसद रवि लामिछानेसहित ३९ विरुद्ध गत २१ पुसमा नै सहकारी ठगी तथा संगठित अपराध कसुरमा मुद्दा दर्ता भएको थियो। उनीहरूविरुद्ध एक अर्ब १९ करोड ३० लाख ९० हजार ४९३ रुपैयाँ मात्रै

» पृष्ठ २ मा क्रमशः



तीन दिन म्याद थपेर अनुसन्धान थालेका छौं

● **एसपी अपिलराज बोहरा**, प्रवक्ता जिल्ला प्रहरी परिसर काठमाडौं

शनिबार पत्राउ परेकी राईविरुद्ध तीन दिनको म्याद थप भएको छ। प्रहरीले सहकारी ठगी र संगठित अपराध कसुरमा अनुसन्धान प्रक्रिया अघि बढाइसकेको छ।

■ **अझै पत्राउ परिनन् राप्रपा सांसद बस्नेत**



नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारी संस्थाको १६ करोड ६९ लाख बचत अपचलनमा एक वर्षअघि नै पत्राउ पुर्जी जारी भए पनि राप्रपा सांसद गीता बस्नेत 'फरार' नै छिन्। १२ महिनादेखि संसद्मा अनुपस्थित बस्नेतको दुईपटक बिरामी बिदा स्वीकृत गरिदिएर सभामुख देवराज घिमिरेले पद भने जोगाईदिएका छन्। उनले फरार अवस्थामै १६ लाख तलबभत्ता बुझिसकेकी छिन्।

■ **सानो पाइला सहकारीमा ४१ विरुद्ध मुद्दा चलाउन प्रहरीको राय**

प्रहरीले पर्साको वीरगन्जस्थित सानो पाइला सहकारी ठगी प्रकरणमा ४१ विरुद्ध मुद्दा चलाउन सरकारी वकिलको कार्यालयलाई राय दिएको छ। कुल एक अर्ब १२ करोड ६५ लाख ५५ हजार बिगो मागदाबीको राय दिइएको छ। ३० व्यक्ति र ११ कम्पनीसहित ४१ विरुद्ध सहकारी ठगी र संगठित अपराधमा अभियोजन अघि बढाउन रायसहितको अनुसन्धान प्रतिवेदन शुक्रबार सरकारी वकिलको कार्यालयमा पेस गरिएको पर्साका एसपी गौतम मिश्रले बताए। 'अनुसन्धान सकेर प्रतिवेदन बुझाइसकेका छौं,' उनले भने। पर्साका जिल्ला न्यायाधिवक्ता भोलानाथ निरौलाले प्रहरी प्रतिवेदन प्राप्त भएको र अध्ययनपछि अभियोजन दर्ता हुने बताए। 'फाइल आएको छ, कुनकुन कसुरमा मुद्दा अगाडि बढाउने भनेर अध्ययनपछि निष्कर्षमा पुग्छौं, त्यसपछि मुद्दा दायर हुन्छ,' निरौलाले भने।

'भाटभटेनीमा रक्सी लुट्ने' सहमहामन्त्रीका छोराको संसद्मा खोजी

कमलराज भट्ट/नयाँ पत्रिका

कांग्रेस सांसदहरूले १५ चैतमा राजावादी प्रदर्शनको वेला भाटभटेनी कम्प्लेक्स लुट्ने सहमहामन्त्रीका छोराको विवरण माग गरेका छन्। १२ वैशाखको प्रतिनिधिसभा बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सत्तारूढ दलको सहमहामन्त्रीको छोरा लुटपाटमा संलग्न रहेको र गृह प्रशासनको दबाबमा छोडिएको भनेर दिएको अभिव्यक्तिमा कांग्रेस सांसदले ती व्यक्तिको खोजी गरेका हुन्।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकको आकस्मिक समयमा कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले सहमहामन्त्री पद आफ्नो पार्टीमा मात्रै प्रचलनमा रहेको भन्दै स्पष्ट पार्न राप्रपा अध्यक्ष लिङ्देनलाई अनुरोध गरे। 'सत्तारूढ सहमहामन्त्री भन्दा कांग्रेसमा मात्रै सहमहामन्त्री भन्ने चलन छ। अन्य पार्टीमा सहमहामन्त्री भन्ने प्रचलन छैन। त्यसकारण कांग्रेसलाई इंगित गरेको हो भनेर बुझ्न गाह्रो भएन,' उनले भने, 'सहमहामन्त्री हाम्रो आठजना हुनुहुन्छ। कुनचाहिँ सहमहामन्त्रीको

» पृष्ठ २ मा क्रमशः





■ १२ वैशाखको प्रतिनिधिसभा बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भनेका थिए- हामीसँग त रेकर्ड छ

गृहमन्त्रीज्यू, भाटभटेनीको लुटपाटमा सत्तारूढ पार्टीको, तपाईंको पार्टीको सहमहामन्त्रीको छोरा पक्राउ परेको छ। किन छाड्नुभयो तुरुन्तै ? तपाईंको नेताको छोराले रक्सी लिएर गयो, उसले ल्याएको मान्छेले म रक्सी खान्नँ, मलाई कपडा काम लाग्छ भनेर कपडा लिएर गयो। पछि थाहा भयो- तपाईंको पुलिसले भिडियो हेरेर पक्रियो, तर पक्रिँदा त नेताको छोरा रहेछ। नेताको छोरालाई छाड्नुभयो, ल्याएको मान्छे छुटेन। पछि यो कुरा सार्वजनिक गरिदिन्छु भनेर धम्क्याएपछि दुई घण्टापछि छोड्नुभयो। त्यसकारण यो सत्य-तथ्य सार्वजनिक हुन जरुरी छ।

कांग्रेस सांसदले मागे लिङ्देनसँग प्रमाण



● **श्यामकुमार घिमिरे**
प्रमुख सचेतक, कांग्रेस

सत्तारूढ सहमहामन्त्री भन्दा कांग्रेसमा मात्रै सहमहामन्त्री भन्ने चलन छ। अन्य पार्टीमा सहमहामन्त्री भन्ने प्रचलन छैन। त्यसकारण कांग्रेसलाई इंगित गरेको हो भनेर बुझ्न गाह्रो भएन। सहमहामन्त्री हाम्रो आठजना हुनुहुन्छ। कुनचाहिँ सहमहामन्त्रीको कुनचाहिँ छोराले रक्सीको बोतल बोकेर हिँड्नुभएको हो, त्यो प्रमाणित गर्नका लागि आग्रह गर्न चाहन्छु। कसैलाई व्यक्तिगत वा सामूहिक रूपमा र पार्टीलाई पनि लाञ्छित गरेर बोल्न पाइँदैन। त्यो रेकर्डबाट हटाउनुपर्छ। यस्ता किसिमका झुटा अभिव्यक्ति दिएर एउटा पार्टीको केन्द्रीय अध्यक्षले आफ्नो गरिमा घटाउनुभएको छ। म उहाँलाई आग्रह गर्दछु- यथाशीघ्र उहाँले त्यो व्यक्ति को हो रोस्टमबाट स्पष्ट पार्नुपर्छ। होइन भने क्षमा माग्नुपर्छ। र, रेकर्डबाट हटाउनुपर्छ।

कांग्रेस सहमहामन्त्रीका छोरा पक्राउ नपरेको प्रहरीको स्पष्टीकरण

● **जिल्ला प्रहरी परिसर, काठमाडौंले आइतबार विज्ञप्ति जारी गर्दै भनेको छ-** 'विभिन्न सञ्चारमाध्यमहरूबाट तीनकुने घटनामा नेपाली कांग्रेसका सहमहामन्त्रीका छोरा पक्राउ गरी विनाकारबाही छाडिएको' भन्ने प्रेषित समाचारहरूमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। सो सन्दर्भमा, त्यस्तो कुनै पनि व्यक्तिलाई यस परिसर तथा मातहत कार्यालयहरूबाट नियन्त्रणमा लिइएको भन्ने समाचारमा कुनै सत्यता नरहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ।

'भाटभटेनीमा...

पृष्ठ १ बाट क्रमशः

कुनचाहिँ छोराले रक्सीको बोतल बोकेर हिँड्नुभएको हो, त्यो प्रमाणित गर्नका लागि आग्रह गर्न चाहन्छु।'

प्रमाणित गर्न नसके लिङ्देनले आफ्नो शब्द फिर्ता लिनुपर्ने र क्षमायाचना गर्नुपर्ने घिमिरेको भनाइ छ। 'कसैलाई व्यक्तिगत वा सामूहिक रूपमा र पार्टीलाई पनि लाञ्छित गरेर बोल्न पाइँदैन। त्यो रेकर्डबाट हटाउनुपर्छ,' उनले भने, 'यस्ता किसिमका झुटा अभिव्यक्ति दिएर एउटा पार्टीको केन्द्रीय अध्यक्षले आफ्नो गरिमा घटाउनुभएको छ। म उहाँलाई आग्रह गर्दछु- यथाशीघ्र उहाँले त्यो व्यक्ति को हो रोस्टमबाट स्पष्ट पार्नुपर्छ। होइन भने क्षमा माग्नुपर्छ। र, रेकर्डबाट हटाउनुपर्छ।'

कांग्रेस सांसद चन्दा चौधरीले पनि विशेष समयमा बोल्दै रक्सी चोरेको कसले हो प्रस्ट पार्न भनिन्। 'सहमहामन्त्रीको छोराले रक्सी चोर्‍यो भनेर भन्नुभएको छ। म चुनौती दिन चाहन्छु-प्रमाणसहित यही सदनमा कुन पार्टीको कुन सहमहामन्त्रीको छोराले चोरेको हो प्रस्ट पार्नुस्। को चोर हो यहाँ ल्याएर उभ्याउनुपर्‍यो। होइन भने यो सदनको रेकर्डबाट हटाइयोस्,' उनले भनिन्।

कांग्रेसकै मुक्ताकुमारी यादवले राप्रपाका अध्यक्षले कांग्रेसलाई इंगित गरी सहमहामन्त्रीको छोरा भाटभटेनी लुटपाटमा संलग्न भएको भनेको जिकिर गरिन्। 'तपाईंहरू लुट्न गएको वेला कुनचाहिँ सहमहामन्त्रीको छोरा लुट्न गएको थियो ? स्पष्ट पार्नुस्,' उनले भनिन्, 'प्रमाणित गर्न सकिन्न भने यहाँ उभिएर माफी माग्नुस्। होइन भने त्यो वाक्यांश गलत हो भनेर रेकर्डबाट हटाइयोस्।'

कांग्रेसबाट प्रश्न उठेपछि राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले सहमहामन्त्रीका छोरा संलग्न रहेको विषय खुला रहेको बताए। 'हाम्रो पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले सत्तारूढ दलका सहमहामन्त्रीका छोराले भाटभटेनीमा रक्सी चोरे भन्नुभयो। कसले चोरे भन्नुभएको छैन। पहिला एउटा कथन थियो, चोरलाई खुट्टा काट भनेपछि खुट्टा लुकाउँथ्यो रे। आज संसद्मा त्यही भयो,' उनले भने।

सरकारले आफ्नो आयु होइन, उपलब्धिको चर्चा गरोस् : रास्वपा

प्रतिनिधिसभाको विशेष समयमा रास्वपाका मनीष झाले प्रधानमन्त्रीबाट बारम्बार सरकार ढल्दैन भन्ने सुनिएको भन्दै सरकार ढल्न नहुने बताए। 'हामी प्रतिपक्षी बेन्चबाट भन्छौँ कि सरकार ढल्नुहुँदैन। यो सरकार नढलोस्। यो गठबन्धन अझै लामो समय निरन्तर गइराखोस्। सरकारले आफ्नो आयुको भन्दा उपलब्धिको चर्चा धेरै गरोस्,' उनले भने, 'सरकारले यति महिनामा यो-यो गरेँ भनेर परिणाम सुनाउँदा अझै राम्रो हुन्छ।'

सत्तारूढ दलले सातबुँदे बिर्सिए पनि आफूहरूले फरक रूपमा सम्झिराखेको झाले बताए। 'पहिलो सहकारीको समस्या समाधानको नाममा नयाँ आएको दलको नेतालाई थुन्ने, दोस्रो स्थानीय तहलाई सहजीकरण गर्ने नाममा बालेनहरूलाई अवरोध गर्ने, तेस्रो आफ्नो मान्छे नियुक्त गर्ने नाममा काम गरिरहेको कुलमानहरूलाई लखेट्ने, चौथो गभर्नर नियुक्ति दक्षता, क्षमताका आधारमा भन्दा पनि कुन कोटामा कुन बिचौलियाको घरबाट आएर कुन नामलाई नियुक्ति गर्ने,' उनले भने, 'पाँचौँ सदनलाई सक्रिय बनाउनुको साटो सकेसम्म कम समय सञ्चालन गर्ने, छैटौँ विभिन्न पक्षलाई राजनीतिका लागि सडकमा आउन दिने, योअनुसार त सरकार सफल भइसक्यो,' उनले भने। सांसद झाले कार्यकर्ता र बिचौलिया खुसी पार्नेभन्दा राष्ट्रव्यापी रणनीति बनाएर बजेट ल्याउन सरकारलाई सुझाव पनि दिए।

सहकारी ठगी...

पृष्ठ १ बाट क्रमशः

बिगो दाबी गर्दै अदालतमा मुद्दा दर्ता भएको छ। उनीहरूविरुद्ध ६९० बचतकर्ताले जाहेरी दिएका थिए। तर, राईविरुद्ध भने मुद्दा दर्ता हुन सकेको थिएन। सहकारीको रकम अपचलनमा उनीविरुद्ध प्रहरीले गत २ भदौमा नै अदालतबाट पक्राउ अनुमति लिएको थियो। तर, त्यसयता उनी फरार थिइन्। संसद्को बजेट अधिवेशन सुरु भएकै दिन १२ वैशाखमा उनी संसद्मा उपस्थित भई हाजिर गरेकी थिइन्, जसको समाचार नयाँ पत्रिकाले प्रकाशन गरेको थियो। फरार सांसदले हाजिर गरेको समाचार आएलगत्तै दबाबमा परेको गृह प्रशासनले प्रहरीलाई राईलाई पक्रिन आदेश दिएको थियो। उनले फरार रहेकै अवस्थामा ११ लाख रुपैयाँ तलबभत्ता बुझेकी थिइन्।

सहकारी ठगीमा राईको संलग्नता खुल्ने केही प्रमाण प्रहरीले फेला पारिसकेको छ। सहकारीको बोर्ड बैठकका माइन्युटमा उनको हस्ताक्षर भेटिएको छ। उनी दुई कार्यकाल स्वर्णलक्ष्मीको सञ्चालक समितिमा बसेकी थिइन्। सहकारीका माइन्युट र संसद्मा उनले गरेको हस्ताक्षरसमेत 'म्याच' भइसकेको प्रहरी अधिकारी बताउँछन्। गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा सहकारी धराशायी भएको अनुसन्धानमा देखिए पनि अन्य सञ्चालकलाई मुद्दा चलाउँदा राईलाई भने अनुसन्धानबाहिरै राखिएको थियो। प्रारम्भिक अनुसन्धानमा उनको संलग्नता देखिएपछि प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएको थियो। जिबी राईसहित सो सहकारीका अन्य धेरै सञ्चालक फरार नै छन्।

आर्थिक वर्ष ०७३/७४ मा उनी सदस्य हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, जिबी राई सचिव, सविना आलेमगर कोषाध्यक्ष तथा यामकुमार नाल्बो, राजु बराल र राई सदस्य थिए। पछि ०७४/७५ देखि ०७५/७६ सम्म उनी सहसचिव हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, दीपक लामा सचिव, रविना आलेमगर कोषाध्यक्ष तथा भक्तबहादुर भ्लोन र प्रदीप लामा सदस्य थिए।

२५ दिनसम्म

पृष्ठ १ बाट क्रमशः

आन्दोलनको २६औँ दिन आइतबार बानेश्वरमा निषेधित क्षेत्र तोड्न होमिएका हुन्।

सडकमा उठेका आवाजलाई वार्ताबाट मत्थर पार्नुको सट्टा दमन गर्ने सरकारको नियतले मानवीय र भौतिक क्षति निम्तिने गरेको छ। आइतबार शिक्षक आन्दोलनमा पनि प्रहरीले लाठी, बुट र पानीको फोहोरा हानेर बल प्रयोग गर्दा ६२ शिक्षक घाइते भएका छन्। आँखा, टाउको, खुट्टा, नाक र मुखमा चोट लागेका नौ शिक्षक अस्पतालमा उपचाररत छन्। चारजनाको सिभिल, तीनजनाको ट्रमा सेन्टर र दुईजनाको एभरेस्ट अस्पतालमा उपचार भइरहेको छ। मुठभेडमा पाँच प्रहरी पनि घाइते भएका छन्। त्यस्तै, पानीको फोहोरा लाग्दा प्राइम टेलिभिजनकी पत्रकार सविना कार्कीको आँखामा गम्भीर चोट लागेको छ। उनको तिलगंगा आँखा अस्पतालमा उपचार भइरहेको छ।

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले झन्डै एक महिनादेखि चल्दै आएको सभ्य, शान्त र रचनात्मक आन्दोलन दबाउन सरकार बल प्रयोगमा उत्रिएको आरोप लगाए। सर्वोच्च अदालतले समेत माग सम्बोधन गर्न अन्तरिम आदेश दिइसकेको अवस्थामा सरकार समाधानतिरभन्दा मुठभेड निम्त्याउन लागिपरेको उनले बताए।

'हामी शान्तिपूर्ण तरिकाले आन्दोलनमा थियौँ, तर प्रहरीले निर्मम रूपमा लाठी र पानीका फोहोरा वर्षायो,' उनले भने, '२५ दिनसम्म रचनात्मक गतिविधि गरेर माग सुनाउँदा सरकारले न त ऐन ल्यायो, न त हामीसँग वार्ता गर्‍यो। यतिका दिन सडकमा आएका हामी निराश भएर फर्किँदैनौँ।'

शिक्षक आन्दोलनमा ढुंगा र इँटा प्रहार हुँदा पाँच प्रहरी घाइते भएको प्रहरी परिसर काठमाडौँका प्रवक्ता अपिलराज बोहरा बताउँछन्। 'प्रहरीहरूलाई पनि ढुंगा र इँटा प्रहार भयो, पाँचजना घाइते भए, लाठी भाँचिएको छ,' उनले भने, 'एक लाख मूल्यबराबरको ब्यारिकेट भत्काइएको छ।' तर, आन्दोलनमा ढुंगा हान्नेहरूलाई नचिनेको शिक्षक महासंघका अध्यक्ष सुवेदी बताउँछन्। 'आन्दोलनमा केहीले ढुंगा समातेको फोटोमा देखिन्छ, ती को हुन् हामीलाई थाहा छैन,' उनले भने।

शिक्षकहरूले आफूहरूका माग समेटेर तत्काल शिक्षा ऐन मागिरहेका छन्। उनीहरूले उठाएका माग विगतमा सरकारले पटक-पटक सहमति गरेकै छन्। तर, अहिले ती माग समेटेर ऐन ल्याउन आनाकानी गरिएको भन्दै २० चैतदेखि उनीहरू काठमाडौँ केन्द्रित आन्दोलनमा छन्। तर, यसबिचमा उनीहरूसँग सरकारले गम्भीर वार्ता नै गरेको छैन। बरु, प्रधानमन्त्री केपी ओलीले नै शिक्षकहरूको मानमर्दन हुने गरी सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्।

पछिल्ला २६ दिनमा शिक्षकहरूले प्रधानमन्त्री केपी ओलीलाई एकपटक मात्रै भेट्ने पाएका छन्। शिक्षकका माग सम्बोधनमा प्रधानमन्त्री अनुदार बनेपछि शिक्षामन्त्रीबाट विद्या भट्टराईले राजीनामा नै दिनुपर्‍यो। भट्टराईलाई पनि शिक्षक प्रतिनिधिले एकपटक मात्रै भेटेका थिए। नवनियुक्त शिक्षामन्त्री रघुजी पन्तसँग पनि एकपटक मात्रै भेटेका छन्। पहिलोपटक शुक्रबार भेटवार्ता तय गरिएकोमा शिक्षक महासंघले तोकेको वार्ता टोलीमा नाम थपेर चलखेल गरेपछि वार्ता गर्न गएका शिक्षकहरू सिंहदरबार गेटबाटै फर्किएका थिए। महासंघले १३ सदस्यीय वार्ता टोलीको नाम पठाएकोमा पन्तले आफूले इच्छाएका १२ जनाको नाम थपेर २५ सदस्यीय बनाइदिएपछि शिक्षकहरू भड्किएका थिए। त्यसको भोलिपल्ट शनिबार शिक्षामन्त्री र महासंघका प्रतिनिधिबिच भेट भए पनि उपलब्धिमूलक वार्ता भएन। त्यस्तै, सभामुख देवराज घिमिरेलाई एकपटक भेटेका थिए। तर, आश्वस्त पार्ने काम कसैबाट नभएको शिक्षक प्रतिनिधिहरूको गुनासो छ।

'सरकारले झन्पछि झन् हामीलाई पेलिरहेको छ, प्रधानमन्त्री तहबाट ठोस जवाफ आएको छैन,' शिक्षक महासंघकी सहअध्यक्ष नानुमाया पराजुलीले भनिन्, 'ऐन नआएसम्म हामी फर्किने अवस्था हुँदैन।'

शिक्षकहरू आन्दोलनमा उत्रिएपछि विद्यालय ठप्प छन्। कक्षा ८ को नतिजा प्रकाशन, नयाँ शैक्षिक सत्रको भर्ना कार्यक्रम, एसइईको कापी परीक्षण, कक्षा १२ को परीक्षालगायत गतिविधि रोकिएका छन्। आन्दोलन लम्बिँदै जाँदा शैक्षिक सत्रमै असर पर्ने देखिएको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा भने शिक्षकहरू पेसाप्रति उत्तरदायी भएर आन्दोलनबाट फर्किनुपर्ने बताउँछन्। 'अदालतले दिएको आदेशको समय पनि घर्कियो, अब शिक्षकहरू उत्तरदायी हुनुपर्छ,' उनले भने, 'तर, हामीले उहाँहरूलाई जबर्जस्ती वा बल प्रयोग गरेर फर्काउने कुरा भएन, उहाँहरू फर्किन चाहनुभएको छैन, यसो गर्दा पठनपाठनमा असर परिसक्यो, उहाँहरूले मागेको ऐन आउँछ, तर यही मितिमा भन्न सकिन्न, जारी गर्ने प्रक्रिया छ।' सरकारले दमन बढाएपछि शिक्षक महासंघले भने काठमाडौंबाहिर रहेका



शिक्षक आन्दोलनको रिपोर्टिङ गर्न गएकी पत्रकार सविना कार्कीको आँखामा चोट लागेपछि तिलगंगा आँखा अस्पतालमा उपचार गराउँदै



प्रहरीको कुटाइबाट घाइते महिला शिक्षक

बाँकी शिक्षकलाई पनि आन्दोलनमा उपस्थित हुन अपिल गरेको छ।

शिक्षक आन्दोलनमा भएको दमनको सत्तारूढ दलका नेताहरूबाटै आपत्ति

शिक्षक आन्दोलनमा सरकारले गरेको दमनको प्रमुख सत्तारूढ दल कांग्रेसकै नेताहरूले आपत्ति जनाएका छन्। महामन्त्री गगन थापाले शिक्षकका आवाजलाई दमनबाट नभई संवादबाट सम्बोधन गर्न माग गरेका छन्।

'राज्यसँग आग्रह छ- शिक्षकहरूको आवाजलाई दमन होइन, संवादबाट सम्बोधन गरौँ। आन्दोलनरत शिक्षकहरूसँग भएको विगतको सहमतिको आधारमा निर्णय गरेर चाँडोभन्दा चाँडो कक्षाकोठामा फर्कने वातावरण बनाउनमा नै हामी सबैले काम गर्नुपर्नेछ, त्यही गरौँ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्। उनले लोकतान्त्रिक मूल्य र नागरिकको अधिकारको रक्षा गर्नु राज्यको पहिलो दायित्व भएको पनि सम्झाएका छन्। 'लोकतान्त्रिक मूल्य र नागरिक अधिकारको रक्षा गर्नु राज्यको पहिलो दायित्व हो, शान्तिपूर्ण आन्दोलनमा सहभागी शिक्षकहरू, सुरक्षाकर्मी र पत्रकारहरू घाइते हुनु कुनै पनि हिसाबले उचित हुन सक्दैन,' उनले लेखका छन्।

कांग्रेस नेता शेखर कोइरालाले पनि प्रहरी र पालिका लगाएर शिक्षकहरूलाई धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण भएको भन्दै वार्ताबाट समाधान खोज्न आग्रह गरेका छन्। 'शिक्षा ऐन ल्याउनुपर्ने मागसहित शिक्षकहरू सडक आन्दोलनमा उत्रेको झन्डै एक महिना भयो, पठनपाठन र सरकारी भर्ना अभियान ठप्प छ, कक्षा १२ को परीक्षासमेत सरेको छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस्तो अवस्थामा शिक्षकहरूसँग वार्ता गरी समस्या समाधान गर्नुपर्नेमा सडकमै उनीहरूमाथि प्रहरी बल प्रयोग गर्नु र पालिका लगाएर शिक्षकहरूलाई धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण हो।'

जेठ पहिलो साताअघि विद्यालय शिक्षा विधेयक संसद्मा टेबुल नहुने

शिक्षकहरूले मागिरहेको विद्यालय शिक्षा ऐनको विधेयक यति वेला संसद्को शिक्षा, स्वास्थ्य तथा सञ्चार प्रविधि समितिमा छ। विधेयक जेठ पहिलो साता मात्रै संसद्मा टेबुल गर्ने तयारी छ। समितिले हालसम्म १३९ दफामा छलफल गरिसकेकोमा अब २२ दफा बाँकी रहेको समिति सभापति अम्मरबहादुर थापाले बताए। 'शिक्षकहरू आत्तिनुभएको छ, तर हामीले विधि प्रक्रियामा काम गर्ने हो, २२ वैशाखसम्म उपसमितिले काम भ्याउँछ, त्यसपछि समितिमा जान्छ, समितिले पनि जेठको पहिलो साता प्रतिनिधिसभामा टेबुल गर्छ,' उनले भने, 'त्यसपछि बल्ल थाहा हुन्छ कहिले ऐन आउँछ, किनभने त्यहाँ पनि एक किसिमको छलफल हुन्छ।'

विपक्षी माओवादी र एकीकृत समाजवादीले पनि भने- शिक्षकमाथिको दमन निरंकुश र गैरजिम्मेवार

प्रमुख विपक्षी दल माओवादीले शिक्षकमाथि आइतबार सरकारले गरेको विरोधलाई विवेकशून्य र गैरजिम्मेवारीको पराकाष्ठा भन्दै आपत्ति जनाएको छ। उसले सर्वोच्च अदालतको आदेशको समेत ठाडो उल्लंघन भएको पनि जनाएको छ। 'शिक्षकमाथि भएको दमनको घटनाबाट सरकार सार्थक वार्ताको सट्टा घुसपैठ गराउने, फुटाउने र दमन गर्नेतिर उद्यत भएको भनी गरिएको आशंका पुष्टि भएको छ,' प्रवक्ता अग्नि सापकोटाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'बहुमतको दम्भ र अहंकार त्यागी निकासका लागि सरकारले गम्भीर रूपले पहल गरोस्, अझै पनि शिक्षकलाई तर्साउने, गलाउने र थर्काउने काममा सरकार लाग्नु भनेको परिस्थितिलाई थप भड्काउनु हो।'

त्यस्तै, विपक्षी दल एकीकृत समाजवादीले राज्यशक्तिको दुरुपयोग गरेर शिक्षकहरूमाथि दमन भएको भन्दै विद्यालय शिक्षा ऐन फास्ट ट्र्याकबाट पास गर्नुपर्ने माग गरेको छ। 'सरकारले राज्यशक्तिको दुरुपयोग गरेर शिक्षकहरूको शान्तिपूर्ण प्रदर्शनमा दमन गर्ने, लाठीचार्ज गर्ने र आन्दोलनरत दर्जनौँ शिक्षकहरूलाई घाइते बनाउने निरंकुश र गैरजिम्मेवार काम गरेको छ। प्रहरी हस्तक्षेपबाट पत्रकारसमेत घाइते बनाइएको छ,' पार्टी सचिवालय बैठकले निर्णय गरेको छ, 'विद्यालय शिक्षा ऐन फास्ट ट्र्याकमा पास गर्नुपर्छ।' शिक्षक आन्दोलनमा प्रतिबद्धता जनाउन सोमबार पूर्वप्रधानमन्त्री एवं पार्टी अध्यक्ष माधव नेपाल र पूर्वप्रधानमन्त्री एवं पार्टीका सम्मानित नेता झलनाथ खनाल बिजुलीबजार जाने एकीकृत समाजवादीले जनाएको छ।

एमाले महासचिव शंकर पोखरेलको दाबी- शिक्षक आन्दोलनको मुठभेड नियोजित

सत्ताको नेतृत्व गरिरहेको एमालेका महासचिव शंकर पोखरेलले भने आइतबार बानेश्वरमा प्रहरी र शिक्षकबिच भएको मुठभेड नियोजित भएको दाबी गरेका छन्। 'शिक्षक नेतृत्व वार्तावाट सहमतिमा पुग्न कोसिस गरिरहेको र वार्तासमेत सकारात्मक दिशामा अघि बढेका वेला आज भएको मुठभेड नियोजित नै देखिन्छ। शिक्षक आन्दोलनलाई आफ्नो राजनीतिक स्वार्थअनुरूप मुठभेडमा लैजाने षड्यन्त्रका विरुद्धमा महासंघको नेतृत्व थप सचेत हुनुपर्दछ,' उनले सामाजिक सञ्जालमा लेखका छन्, 'सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको पालना सरकार र शिक्षक दुवैको दायित्व हो। वार्ताबाट सहमतिमा पुग्नुको विकल्प छैन। दुवै पक्ष गम्भीर ढंगले वार्तामा बसौँ र सहमति गरेर मात्र वार्ताबाट उठौँ।'

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०१/१५

यस सा व उ स बाट संकलित साल गोलिया काठ ९४७.८३ क्यू फिट र खयर काठ १९९.४२ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

चौकीडाँडा सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ।

गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१५

यस चुरे हरियालि सा.व.उ.स. मरिण गा.पा. ५ सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल तथा अन्य जातको गोलिया थान ११७ को १५०६.४३ क्युफिट काठ र दाउरा ३.० चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा लैजाने गरि वन नियमावलि २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरि २२ औ दिनको १२.०० बजे भित्र बोलपत्र दाखिल गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री चुरे हरियालि सा.व.उ.स., मरिण गाउपालिका -५, सिन्धुली

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सूर्यबिनायक, भक्तपुर

तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१/१५

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ७ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्री सम्पत्तिहरू लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्बन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतसाथ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	व्यक्तिगत धनजमानीको विवरण	धितो सुरक्षणको विवरण
१)	नाम : कृष्ण बहादुर लामा ठेगाना : भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स.का वडा नं.४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बुबा : टेक बहादुर लामा बाजे : मान बहादुर लामा पत्नी : संगिता लामा ना.प्र.नं. : २२९११ जारी मिति : २०५६/०२/२६ जि.प्र.का. : भक्तपुर	मान बहादुर लामाको नाति, काजी मान लामाको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने हरि केशव लामा (ना.प्र.नं.८२१७, जारी मिति: २०५२/०१/११, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	कृष्ण बहादुर लामाको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं.४ख स्थित कित्ता नं.७९९ को क्षेत्रफल ०-५-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत।
२)	नाम: ऋषा सुनुवार ठेगाना : दोलखा जिल्ला, साविक हावा गा.वि.स.का वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बुबा : दान बहादुर सुनुवार बाजे : नर बहादुर सुनुवार ना.प्र.नं. : २२१०४६/८२ जारी मिति : २०६६/०३/०३ जि.प्र.का. : दोलखा	विर बहादुर लाकजुको नाति, डम्बर बहादुर लाकजुको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ९ बस्ने शम्भु लाकजु (ना.प्र.नं.२९ २४६९३, जारी मिति : २०६२/०३/०३, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	ऋषा सुनुवारको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं. ४ क स्थित कित्ता नं. ८९१ को क्षेत्रफल ०-५-२-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत।

मधेशका पालिकाका...

पृष्ठ १ बाट क्रमशः

विशेष अदालतमा मुद्दा दायर गरेको हो। यसमा संलग्न मेडिकल व्यवसायी विशाल पण्डितलाई अख्तियारले प्रमुख प्रतिवादी बनाएको छ। उनीविरुद्ध अख्तियारले यसअघि पनि भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अख्तियारले उही कार्यक्रम र समयमा भएको ठेक्कामा चारवटा अलगअलग मुद्दा दायर गरेको छ।

६४ पालिकाको ठेक्कामा १९ करोड ४६ लाख १३ हजार १२० भ्रष्टाचार

६४ पालिकामा निदान केन्द्र स्थापनाका लागि भएको ठेक्कामा १९ करोड ४६ लाख १३ हजार १२० रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको आरोप छ। सम्झौतामा प्रचलित खरिद कानुनविपरीत पूर्वतयारीका काम नगरी, खरिद विधिको अध्ययन र विश्लेषण नगरी बजेट माग गरेर ठेकेदारको मिलेमतोमा भ्रष्टाचार गरेको अभियोग अख्तियारको छ।

निदान केन्द्र सञ्चालन गर्न मधेश प्रदेश सरकारबाट २५ करोड ३८ लाख ५३ हजार १२० रुपैयाँ स्वीकृत भएको थियो। स्पष्ट आधार, कारण र औचित्यविना एउटा कार्यक्रमलाई दुईवटा ठेक्कामा टुक्र्याएर खरिद गरिएको थियो। चारवटा मात्रै स्वास्थ्य परीक्षणसम्बन्धी उपकरण खरिदका लागि कर्मचारीको सिफारिसमा प्रदेशको सामाजिक विकास मन्त्रालयबाट बोलपत्र स्वीकृत भएको थियो। तर, खरिद कार्यमा १९ करोड ५९ लाख ८७ हजारको लागत अनुमान तयार गरिएको थियो।

खरिदको प्राविधिक स्पेसिफिकेसन तयार गर्दा बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रालिसँग मिलेमतो देखिएको छ। हस्पिटेक मिन्ड्रे कम्पनीको नेपालका लागि एक मात्र आधिकारिक वितरक हो। हस्पिटेकले बोलपत्रसम्बन्धी कागजात पेस गर्दा त्यसमा खुलाएको दुई उपकरण प्राविधिक स्पेसिफिकेसन हुबहु मिलेका थिए। हस्पिटेककै प्राविधिक स्पेसिफिकेसन प्रयोग गरेर जनस्वास्थ्य प्रयोगशालाले प्रतिस्पर्धा सीमित गरेको देखिएको आरोपपत्रमा उल्लेख छ।

जनस्वास्थ्य प्रयोगशालाले ठेक्का सम्झौता गर्ने हस्पिटेकका सञ्चालक विशाल पण्डित हुन्। उनकी पत्नी सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक प्रालि, ससुरा सञ्चालक रहेको मेडी सोलुसन इन्टरनेसनल प्रालि र दाजुले बिक्री गरेको लाइफलाइन ट्रेड इन्टरनेसनल प्रालिसँग दररेट लिई केही रकम फरक पारेर लागत अनुमान तयार गरिएको भेटिएको छ। प्रयोगशालाले पण्डितसँगको मिलेमतोमा गैरकानुनी लाभ उठाउने बदनियतले पूर्वनियोजित योजनाबमोजिम नै एउटै परिवार वा नातेदारहरूकै फर्मबाट दररेट लिएको कुरा स्वार्थको द्वन्द्व भएको अख्तियारले उल्लेख गरेको छ।

हस्पिटेकले बोलपत्रको सूचना आह्वान गर्नुभन्दा पहिले ठेक्काकै ६४ थान उपकरण खरिदको अर्डर गरेर नेपालमा पैठारी भइसकेकोसमेत पाइएको थियो। बोलपत्र आह्वान गरेको संख्याबराबरको परिमाणको उपकरण पैठारी भएको देखिएकोबाट बोलपत्रदातालाई बोलपत्रको सूचना प्रकाशन हुनुपूर्व नै खरिद गर्ने उपकरणको पूर्णजानकारी रहेको पाइएको छ। आपूर्तिमा संलग्न व्यक्तिबिच पहिले नै सूचना आदान-प्रदान भएको र खरिद कार्यको सुरुवातबाट नै बोलपत्रदातासँग मिलेमतो गरी नियोजित तवरले सूचना प्रकाशन गरेको तथ्यबाट पुष्टि भएको अख्तियारको दाबी छ।

कुनै विशेष परिस्थिति नहुँदा पनि गैरकानुनी लाभ लिन सार्वजनिक खरिद ऐन र नियमावलीको विशेष परिस्थितिसम्बन्धी कानुनी प्रावधानको दुरुपयोग गरी खरिद कार्यमा बदनियत राखी ३० दिनको म्यादलाई १५ दिन राखेर सूचना प्रकाशित गरेकोसमेत पाइएको छ। खरिद प्रक्रियामा अन्य फर्महरूलाई सहभागी हुन नदिन बोलपत्र कागजातमा पाँच दिनभित्र सामान उपलब्ध गराउनुपर्ने प्रावधान राखिएको र बोलपत्रबमोजिमका उपकरण पैठारीका लागि तयार भइसकेको हस्पिटेकलाई नै अनुकूल हुने गरी बोलपत्र पेस गर्न बदनियतपूर्वक सूचना आह्वान गरेको आरोपपत्रमा उल्लेख छ।

तीन दिनभित्रमा कार्य सम्पन्न गर्ने गरी प्रयोगशाला र बोलपत्रदाता हस्पिटेकबिच सम्झौता भएको थियो। उपकरण जडान गरेपछि भुक्तानी गर्ने व्यवस्था स्पेसिफिकेसनमा भए पनि त्यसअगावै भुक्तानी सिफारिस भएको देखिएको छ। कार्य सम्पन्न नहुँदै १९ करोड ४६ लाख १३ हजार १२० रुपैयाँ भुक्तानी भएको थियो।

अख्तियारले स्थलगत अनुमगन गर्दा सम्पूर्ण प्रयोगशालामा औसतमा दैनिक चार-पाँचजना बिरामी मात्र परीक्षणमा आएको फेला पारेको थियो। यसरी आउने बिरामीले पनि सामान्य परीक्षण मात्र गरेको देखिएको, जडान भएका उपकरण सातामा एकपटक मात्र सञ्चालन गरेको, प्रायः सम्पूर्ण प्रयोगशालामा रिएजेन्ट उपकरण म्याद गुज्रेको अवस्थामा रहेको, तर जनस्वास्थ्य प्रयोगशालाबाट मौखिक आदेशबमोजिम म्याद गुज्रेका तीनै उपकरणको प्रयोग गरी नमुना परीक्षण गरी नतिजा दिएकोसमेत भेटिएको छ। अधिकांश उपकरण पूर्ण रूपमा प्रयोगमा नआएर भण्डारण मात्र देखिएको थियो। नमुना परीक्षण क्षमता ६० वटा प्रतिघण्टा रहेकामा कुनै पनि प्रयोगशालामा दैनिक बढीमा १० जनाभन्दा बढी बिरामी नभएकाले कम क्षमताका उपकरण भए पनि हुनेमा अस्वाभाविक रूपमा बढी क्षमता भएका उपकरण खरिद भएको अख्तियारले भेटेको छ।

यसमा संलग्न मधेश प्रदेशका सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नवीन दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साहलाई हिनामिना भएकै बराबर बिगो कायम गरिएको छ। श्रेष्ठ सहसचिव हुन्। उनी हाल शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रमा महानिर्देशक छन्। त्यस्तै, जनस्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक डा. श्रवणकुमार मिश्रविरुद्ध १९ करोड ४६ लाख १३ हजार १२० बिगो छ। मिश्र हालै मधेश प्रदेशको स्वास्थ्यसचिवमा नियुक्त भएका छन्। प्रयोगशालाका वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्दप्रसाद साह, मेडिकल ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक रामउदगार साहविरुद्ध पनि संयुक्त बिगो छ।

प्रयोगशालाकै माइक्रोबायोलोजिस्ट (अधिकृत नवौँ)द्वय जितेन्द्रकुमार साह र अमरेन्द्रकुमार मिश्र, नवौँ तहकै उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिस्ट दीपेन्द्रकुमार मिश्र, ल्याब असिस्टेन्ट (चौथो तह) रमेशकुमार मण्डल, लेखा अधिकृत अमरदीप महतो, ल्याब असिस्टेन्ट कर्मशीलप्रसाद गोप र वरिष्ठ ल्याब अधिकृत उमेश चौधरीविरुद्ध संयुक्त बिगो छ। हस्पिटेक र त्यसका सञ्चालक पण्डितविरुद्ध पनि १९ करोड ४६ लाख १३ हजार १२० रुपैयाँ बिगो छ।

७२ पालिकाका लागि भएको ठेक्कामा २१ करोड ८९ लाख ३९ हजार ७६० हिनामिना

७२ पालिकाका लागि भएको अर्को ठेक्कामा २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ हिनामिना भएको अख्तियारको दाबी छ। सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको व्यवस्थाबमोजिम लाभ लागत विश्लेषण र खरिद गुरुयोजना तयार र पूर्वतयारी नगरी खरिद कार्य अघि बढाएको अख्तियारको दाबी छ।

स्पष्ट आधार, कारण र औचित्यविना एउटा कार्यक्रमलाई दुईवटा ठेक्कामा टुक्र्याएर खरिद कार्य गरेको, प्रयोगशालाहरूमा सामग्री सर्तअनुसार स्टलेसन नभएको, रिएजेन्टहरू प्रयोग हुनुपूर्व नै म्याद गुज्रिसकेको अवस्थामा रहेको र प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट मौखिक आदेशबमोजिम तिनै म्याद गुज्रिसकेका रिएजेन्टहरूको प्रयोग गरेको आरोपपत्रमा उल्लेख छ। हस्पिटेकका सञ्चालक पण्डितको मिलेमतोमा कस्तुरी ट्रेड लिंक प्रालि, लाइफलाइन ट्रेड इन्टरनेसनल प्रालि, मेडिसोलुसन इन्टरनेसनल प्रालि र ट्रिनिटी फर्मास्युटिकल्सले दररेट पेस गरेका थिए। तर, यी कम्पनीले स्वतन्त्र रूपमा दररेट पेस नगरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ। आफैँ ठेक्का हालेको हस्पिटेक र सञ्चालक पण्डितको संलग्नतामा स्पेसिफिकेसन मिल्ने गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले खरिदसम्बन्धी सर्त तयार गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

दैनिक १० जनाभन्दा बढी बिरामी नहुने पालिका भएका स्थानका प्रयोगशालामा खरिद गरिएकोभन्दा कम क्षमताका उपकरण खरिद गर्दा उपयुक्त हुने अवस्था थियो। तर, यसविपरीत आवश्यकता र कारण पुष्टि नहुने गरी अस्वाभाविक रूपमा अधिक संख्यामा र बढी क्षमताका उपकरण खरिद भएको छानबिनबाट भेटिएको छ। उपकरण खरिद गर्नुपूर्व त्यसको आवश्यकता रहे-नरहेको र पालिकामा ती उपकरणको सदुपयोग हुने अवस्था भए-नभएको पहिचान नगरिएको, कुन आवमा कुन-कुन पालिकाका लागि खरिद गरिएको भन्ने नछुट्याई खरिद गरिएको, खरिद भएका उपकरण सञ्चालन गर्ने जनशक्ति र स्थान व्यवस्थापन नै नगरी खरिद गरिएको, सम्झौताबमोजिमको कार्य सम्पन्न नै नभएको अवस्थामा कार्य सम्पन्न भएको भनी गलत पोस्ट डेलिभरी इन्स्पेक्सन (पिडिआई) प्रतिवेदन तयार गरेको पनि अख्तियारको आरोपपत्रमा उल्लेख छ।

यसरी ठेक्काबमोजिम कार्य सम्पन्न नहुँदै बदनियत राखी २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ भुक्तानी गरेको पुष्टि भएको अख्तियारको दाबी छ। भ्रष्टाचारजन्य कसुरमा संलग्न रहेको भन्दै अख्तियारले मन्त्रालयका तत्कालीन सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नवीन दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साहविरुद्ध संयुक्त रूपमा २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ बिगो कायम गरिएको छ।

त्यस्तै, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक मिश्रविरुद्ध पनि २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ नै बिगो कायम छ। यसैगरी, प्रयोगशालाकै वरिष्ठ ल्याब टेक्निसियन गुणानन्दप्रसाद साह, ल्याब टेक्नोलोजिस्ट मनमोहन मिश्र र ल्याब टेक्नोलोजिस्ट रामउदगार यादवलाई पनि त्यति नै बिगो छ। प्रयोगशालाकै माइक्रोबायोलोजिस्ट (अधिकृत नवौँ)द्वय जितेन्द्रकुमार साह र अमरेन्द्रकुमार मिश्र, नवौँ तहकै उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिस्ट दीपेन्द्रकुमार मिश्र, ल्याब असिस्टेन्ट (चौथो तह) रमेशकुमार मण्डल, लेखा अधिकृत अमरदीप महतो, ल्याब असिस्टेन्ट कर्मशीलप्रसाद गोप र वरिष्ठ ल्याब अधिकृत उमेश चौधरीविरुद्ध संयुक्त बिगो २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ कायम गरिएको छ।

हस्पिटेक इन्टरप्राइजेज प्रालि तीनकुने काठमाडौँ र त्यसका सञ्चालक विशाल पण्डितविरुद्ध पनि २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ बिगो कायम भएको छ।

बालुवाटारमा ओली-देउवा समझदारी

सातबुँदे सहमति अक्षरशः पालना गर्ने



● **रमेश लेखक**, गृहमन्त्री

उहाँहरू (प्रधानमन्त्री ओली र सभापति देउवा) बिच समसामयिक राजनीतिक परिस्थितिबारे छलफल बढी केन्द्रित भयो। हामीबिच खेल्ने प्रयास भइरहेका छन्, तर त्यस्ता कुराको कुनै अर्थ छैन भन्ने निचोडमा दुवै नेता पुग्नुभएको छ।



● **राजेन्द्र गौतम**

प्रचार विभाग प्रमुख, एमाले

ओली र देउवाबिच सरकारविरुद्ध भइरहेको चलखेलप्रति सचेत भएर सातबुँदे सहमतिलाई अक्षरशः पालना गर्दै सरकारलाई प्रभावकारी ढंगले अगाडि बढाउने समझदारी भएको छ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबिच सरकारविरुद्धको चलखेल प्रतिवाद गर्दै अघि बढ्ने समझदारी भएको छ। थाइल्यान्ड भ्रमणबाट फर्किएपछि देशको पछिल्लो परिस्थितिबारे शनिबार मध्यरातसम्म साढे दुई घण्टा लामो छलफल गर्दै दुवै नेताले नेपालमा स्थिरता नचाहनेहरूले सरकारविरुद्ध चलखेल गर्न खोजेको निष्कर्ष निकाल्दै सत्ता समीकरणलाई थप बलियो बनाउने समझदारी गरेका हुन्।

देउवा थाइल्यान्ड भ्रमणमै रहेका वेला प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डले सत्ता समीकरणमै अविश्वास सिर्जना हुने गरी निरन्तर सरकार फेरिन लागेको अभिव्यक्ति दिएको विषयमा केन्द्रित रहेर उनीहरूबिच लामो संवाद भएको प्रधानमन्त्रीनिकट स्रोतले जनाएको छ। प्रचण्डले निरन्तर सरकार ढल्छ भन्दै अभिव्यक्ति दिनुको कारण, शिक्षक आन्दोलन, गभर्नर नियुक्ति र कांग्रेसका नेताहरूको पछिल्ला अभिव्यक्तिमा केन्द्रित रहेर उनीहरूले संवाद गरेका थिए। स्थायित्वमाथि नै प्रश्न उठ्ने गरी हल्ला चलेपछि सातबुँदे सहमतिको स्पिरिटअनुसार अघि बढ्ने र सबै चलखेललाई प्रतिवाद गर्दै अघि बढ्ने समझदारी भएको नेताहरूको भनाइ छ।

'उहाँहरूबिच विकसित परिस्थितिबारे लामै संवाद भयो, खासगरी स्थायित्वमाथि प्रश्न उठ्ने गरी सरकारविरुद्ध भइरहेको चलखेलप्रति सचेत भएर सातबुँदे सहमतिलाई अक्षरशः पालना गर्दै सरकारलाई प्रभावकारी ढंगले अगाडि बढाउने समझदारी भएको छ,' एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले संवाद उद्धृत गर्दै नयाँ पत्रिकासँग भने, 'सरकारको स्थायित्वबारे अफवाह फैलाउनेहरूको स्वतः टोन डाउन हुँदै छ, सरकार प्रभावकारी ढंगले अगाडि बढ्छ।'

गृहमन्त्री रमेश लेखकले पनि दुई नेताबिचको छलफल कांग्रेस-एमालेलाई फुटाउने प्रयासबारे केन्द्रित रहेको र त्यस्तो चलखेलको कुनै अर्थ नरहेको निष्कर्षमा दुवै शीर्ष नेता पुगेको बताएका छन्। 'उहाँहरूबिच समसामयिक राजनीतिक परिस्थितिबारे छलफल बढी केन्द्रित भयो', लेखकले आइतबार सञ्चारकर्मीहरूसँग भने, 'हामीबिच खेल्ने प्रयास भइरहेका छन्, तर त्यस्ता कुराको कुनै अर्थ छैन भन्ने निचोडमा दुवै नेता पुग्नुभएको छ।'

गभर्नर नियुक्ति प्रक्रियाका सन्दर्भमा बनेको सिफारिस समितिका सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएकाले रिक्त स्थानमा पूर्ति गरेर छिटो नियुक्ति गर्ने उनीहरूबिच समझदारी बनेको छ। उनीहरूबिच शिक्षक आन्दोलनको माग सम्बोधन गर्ने विषयमा पनि छलफल भएको थियो। सरकार क्याबिनेटबाटै पूरा गर्न सकिने शिक्षकहरूको कतिपय महत्त्वपूर्ण मागलाई निर्णय गर्ने तयारीमा रहे पनि दुई पक्षबिच सहमतिमा हस्ताक्षर पनि नगर्ने, विद्यालय नफर्की ऐन नआएसम्म आन्दोलन जारी राख्ने शिक्षकहरू अडानमै रहँदा समस्या भएको ओलीले देउवालाई अवगत गराएका थिए।

शिक्षकहरूको मागभित्र विपक्षीहरूको राजनीतिक दाउपेच घुसेका कारण उनीहरूकै सहमतिमा शिक्षा मन्त्रालयले क्याबिनेटबाट निर्णय गर्न तयार पारेको मस्यौदामा पनि शिक्षक महासंघले हस्ताक्षर नगरेको प्रधानमन्त्रीको भनाइ थियो। जवाफमा देउवाले क्याबिनेटबाट पूरा गर्ने विषयमा निर्णय गरेर उनीहरूलाई स्कुलमा फर्काउने र बाँकी मुद्दा ऐनबाटै सम्बोधन गर्ने गरी वार्ताबाट समाधान गर्न आफूले पनि पहल लिने बताएका थिए।

त्यस्तै, कांग्रेसकै पदाधिकारी तहका नेताहरूले सरकारको कार्यशैलीमाथि बाहिर प्रश्न उठाउँदा पनि अस्थिरता चाहने शक्तिहरूले खेल्ने मौका पाएको विषयलाई पनि प्रधानमन्त्रीले छलफलमा उठाएका थिए। जवाफमा सभापति देउवाले आगामी दिनमा त्यस्तो हुन नदिन पहल लिने जवाफ दिएका थिए। 'मैले पदाधिकारी र पूर्वपदाधिकारीहरूको बैठकमा पनि सरकारमा रहेर बाहिर असन्तुष्टि पोख्दै हिँड्नु राम्रो होइन, अब त्यस्तो नहोस् भनेर सचेत गराइसकेको छु, अब पनि त्यसबारेमा सचेत गराइनेछ,' देउवाको भनाइ उद्धृत गर्दै बालुवाटार स्रोतले भन्यो। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत र प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने, दुई शीर्ष नेताहरूको भेटघाट र संवादका विषयमा उपत्यकाबाहिर रहेका कारण विस्तृत रूपमा जानकारी नभएको बताए।

७ वैशाखमा उपचारका लागि थाइल्यान्ड गएका देउवा १२ वैशाखमा फर्किएका थिए। उनी त्यहाँ रहँदा माओवादी अध्यक्ष प्रचण्डले देउवा फर्किएपछि अर्को सरकार गठनबारे भेटघाट र छलफल हुने बताएपछि सरकार ढल्न लागेको चर्चा चलेको थियो। तर, देउवाले भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएलगत्तै सत्ता समीकरणमा कुनै खटपट नरहेको र सरकार परिवर्तनको कुनै सम्भावना नभएको बताएका थिए।

त्यस्तै, देउवापत्नी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सरकार परिवर्तन नेपालमा मनोरञ्जनका लागि गरिएको हल्ला मात्रै भएको भन्दै खण्डन गरेकी थिइन्। देउवा भ्रमणबाट फर्किएसँगै सरकार परिवर्तनको हल्ला चलेको विषयमा सञ्चारकर्मीहरूले उनीसँग जिज्ञासा राखेका थिए।

प्रधानमन्त्रीको बेडमा बिचौलिया पुगेको पुष्टि गर्न गगनलाई ओलीको चुनौती

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले आफ्नो बेडरुमसम्म बिचौलियाको पहुँच भएको प्रमाणित गर्न चुनौती दिएका छन्। मदन भण्डारी फाउन्डेसनले आइतबार आयोजना गरेको कार्यक्रममा उनले त्यस्तो चुनौती दिएका हुन्। सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै केही दिनअघि कांग्रेस महामन्त्री गगन थापाले प्रधानमन्त्रीको बेडरुमसम्म बिचौलियाको पहुँच रहेको र उनीहरूले नै सरकार चलाउने गरेको अभिव्यक्ति दिएका थिए। उनको त्यही अभिव्यक्तिलाई लक्षित गर्दै ओलीले धतांगिँदै बोलेको भन्दै प्रमाणित गर्न चुनौती दिएका हुन्।

'कोही व्यक्ति यसरी धतंगाएर बोल्छन् प्रधानमन्त्रीको बेडरुमसम्मै बिचौलियाको पहुँच पुगेको छ भनेर। त्यस्तो कुरा सुनेर दया लाग्छ, के बोलेको त्यो। के त्यस्ता कुरा प्रमाणित गर्न सक्छन् ?' प्रधानमन्त्रीले चुनौती दिँदै भने। त्यस्तै, अफवाहबाट हौसिएका नाम मात्रका कम्युनिस्ट भनिनेहरूले सरकार बिहानै ढल्यो, दिउँसै ढल्यो भन्दै अफवाह फैलाइरहेको उनको टिप्पणी थियो। 'त्यसलाई हतियार बनाएर, उद्धरण गरेर विभिन्न प्रतिगामी शक्तिहरू उफ्रिएका छन्। पहिले विष्णुबहादुर मानन्धरहरूको समूहले केशरजंग समूहलाई नावाकाद भन्थ्यो। नामका वामपन्थी, कामका दक्षिणपन्थी। नावाकादाहरू अहिले पनि छन्। एकथरीहरू कम्युनिस्ट आन्दोलन ध्वस्त बनाउन हाम्राविरुद्ध विभिन्न लाञ्छना लगाउने, अर्को सरकार अहिले ढल्यो, भरे ढल्यो, ढल्यो... ढल्यो भोलि बिहानै ढल्यो भन्दै गीत गाउने,' उनले भने।

सरकार ढल्यो भन्दै प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डले अफवाह फैलाइरहेको संकेत गर्दै उनले थाइल्यान्डबाट कांग्रेस सभापति शेरबहादुर देउवा फर्किनेबित्तिकै त्यस्ता अफवाह फैलाउनेहरू आश्चर्यमा परेका उनीहरूले फेरि पनि भ्रम फैलाउने प्रयास गर्ने उनको भनाइ थियो। 'शेरबहादुरजी फर्किनेबित्तिकै ढल्यो भन्दै थिए। शेरबहादुरजीले टाउकोबाट चिसोपानी खन्यादिएपछि फेरि ती छक्क परेका छन्। शेरबहादुरजी फर्किनेबित्तिकै नढलेर के गर्ने दुई-चार दिनमा ढलिहाल्छ भनेर फेरि अर्को गीत सुरु गरेका छन्। यिनीहरू नावाकादहरू हुन्। हामी हरेक कुराबाट सतर्क छौँ,' प्रधानमन्त्री ओलीले भने।

सरकारले बिस्तारै लय समातेको दाबी गर्दै प्रधानमन्त्री ओलीले अघिल्लो सरकारका अर्थमन्त्री वर्षमान पुनमाथि पनि प्रहार गरे। 'अघिल्लो सरकारले भताभुंग पारेको अर्थतन्त्र सम्हाल्दै छौँ। आउनुपर्ने ठाउँ कहीँ बाँकी नराखेको, ढुकुटीमा पैसा थोपो नराखेको। तिर्नुपर्ने मात्र बनाएको। ऋणैऋणमा फसाइदिएको अर्थतन्त्र सम्हालेर अगाडि बढाउँदै छौँ,' ओलीले भने, 'त्यहाँ पुऱ्याउने लाज छैन फेरि, अस्तिको दिन मात्र संसद्मा बोलेको सुन्दा अचम्म लाग्यो। लाज लाग्नुपर्ने, कस्तो सरम नलागेको ? यस्तो पार्ने बजेट प्रस्तुत गर्ने मान्छे, देश बर्बाद पार्ने मान्छेलाई अप्ठ्यारो लागेको छैन उसलाई। उही पण्डित, उही जान्ने !'

संक्षेप

टिआरसीका दुई आयोगको पदाधिकारीका लागि ३४ जना सर्टलिस्टमा

काठमाडौं/ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको पदाधिकारीका लागि संक्षिप्त सूची सार्वजनिक गरिएको छ। दुवै आयोगमा १० जना पदाधिकारी छनोट गर्न पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा गठित सिफारिस समितिको आइतबार बसेको बैठकले ३४ जनाको नाम संक्षिप्त सूचीमा राखेको छ। 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष र सदस्य पदका लागि प्राप्त १११ आवेदनमध्ये ३४ जना संक्षिप्त सूचीमा समावेश गर्ने गरी निर्णय भएको छ,' समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ। अध्यक्षमा अग्निप्रसाद थपलिया, अच्युतप्रसाद भण्डारी, डिल्लीराज आचार्य, महेश थापा, लीलादेवी गड्तौला, विजयसिंह सिजापति, विश्वराज कोइराला र शेरबहादुर केसीको नाम सर्ट लिस्टमा परेको छ। यीमध्ये दुई आयोगमा दुईजनालाई अध्यक्षमा छनोट गर्नुपर्नेछ। दुवै आयोगमा ८ जना सदस्यका लागि २६ जना सर्ट लिस्टमा परेका छन्।

कांग्रेस महामन्त्री थापाविरुद्ध अवहेलना निवेदन दर्ता



काठमाडौं/ कांग्रेस महामन्त्री गगन थापाविरुद्ध अदालतको अवहेलनामा कारबाहीको निवेदन परेको छ। आइतबार तीनजना अधिवक्ताले संयुक्त रूपमा निवेदन दर्ता गराएका हुन्। निवेदनको पेसी मंगलबारका लागि तोकिएको अधिवक्ता एवं निवेदकमध्येका एक अनन्तराज लुइँटेलले बताए। उनीसँगै अधिवक्ताहरू प्रतिभा उप्रेती र विशाल थापाले निवेदन दर्ता गराएका हुन्। ११ वैशाखमा नेता थापाले भनेका अभिव्यक्ति सञ्चारमाध्यममा आएपछि त्यसले अदालतको अवहेलना भएको दाबीसहित निवेदन दर्ता गरिएको हो। लोकतन्त्र दिवसको दिन पारेर आयोजित एक कार्यक्रममा महामन्त्री थापाले अध्यादेशका आधारमा झन्डै चार वर्षअघि नियुक्त भएका संवैधानिक पदाधिकारीहरूको विचाराधीन मुद्दाबारे बोलेका थिए। अदालतले 'तँलाई हान्दिउँ' शैलीमा मुद्दा झुलाइरहेको उनको भनाइ थियो। पदाधिकारीहरूको कार्यकाल सकिने वेला भइसक्दा पनि नियुक्तिको वैधता परीक्षण नभएको उनले बताएका थिए।

निर्घात कुटपिट गर्ने पाँचजनाविरुद्ध जातीय भेदभाव र कुटपिटसम्बन्धी जाहेरी

लहान/ सप्तरीको सुरुंगा नगरपालिका-५, बनिगामा टोलमा दलितमाथि कुटपिट गर्ने पाँचजनाविरुद्ध प्रहरीमा आइतबार जाहेरी परेको छ। पुरानो रिसइबी, स्थानीय डिहबार थानको पूजा तथा भोजभतेरका विषयमा चार दिनअघि दलित बस्तीमा पसेर कुटपिट गर्नेविरुद्ध घाइते हरि रामका दाजु रामचन्द्र रामले प्रहरीमा जातीय भेदभाव र कुटपिटसम्बन्धी कसुरमा किटानी जाहेरी दर्ता गराएका हुन्। इलाका प्रहरी कार्यालय कडरबोनाका प्रमुख, प्रहरी निरीक्षक गजेन्द्र रायले पाँचजनाविरुद्ध किटानी जाहेरी दर्ता भएको र आरोपितको खोजी भइरहेको बताए। तर, किटानी जाहेरीमा आरोपितको खोजी भइरहेकाले नाम बताउन नमिल्ने उनले बताए।

राजावादी समूहको प्रदर्शन आज

काठमाडौं/ राजावादी पार्टी र समूहले सरकारलाई दबाब दिन राजधानीमा प्रदर्शन गर्ने भएका छन्। राप्रपा नेपालको आयोजना र समन्वयमा सोमबार रत्नपार्कस्थित शान्ति बाटिकामा प्रदर्शनसहित विरोधसभाको तयारी छ। सभामा राप्रपा नेपालका अध्यक्ष कमल थापासहित राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी र राष्ट्रिय शक्तिका अध्यक्ष केशरबहादुर विष्टले सहभागी हुने प्रतिबद्धता जनाएको राप्रपा नेपालका प्रवक्ता राजाराम बर्तौलाले बताए।

चरा घट्दा किसान चिन्तित

खेतबारीमा बढे किराफट्यांग्रा

बर्दियामा **प्रकाश पौडेल**

मानवीय गतिविधिका कारण पछिल्लो समय बर्दियामा चराहरूको संख्या कम हुन थालेको छ। चराको संख्या कम हुँदै गएपछि किसानहरू चिन्तित बनेका छन्। चराले खेतबारीमा पाइने किराफट्यांग्रा, मुसा, धमिरा खाने भएकाले चराले कृषि उत्पादनलाई बढाउन मद्दत गर्छ। गुलरिया नगरपालिका- ४ का ७२ वर्षीय कालु थारूले विगत वर्षको तुलनामा अहिले चरा धेरै कम भएको बताए। 'म सानो छँदा घरवरिपरि, खेतबारीमा धेरै चरा देख्न पाइन्थ्यो। तर, अहिले चरा पाइनै छोडेको छ,' उनले भने, '२० वर्षअगाडि हलो जोत्दा होस् वा धान-गहुँबारीमा जाँदा होस्, धेरै चरा आउने गर्दथे। खेतबारी पाइने धमिरा, कमिलालगायतका किराफट्यांग्रा खान्थे। तर, अहिले खेतमा चरा देख्नै पाइँदैन। पहिला चरा आएर खाने किरा मार्न अहिले विषादी प्रयोग गर्नुगरेको छ।'

चराको संख्या घट्दै गएपछि किराफट्यांग्रा बढ्दै गएको छ। राजापुर नगरपालिका- ७ भिम्मापुरका ४७ वर्षीय पहाडी थारूले चराको संख्या घट्दै गएपछि किराफट्यांग्रा बढ्दै गएको बताए। विगत वर्षमा जताततै पाइने चरा अहिले छिटपुट रूपमा मात्र देख्न पाइने उनले बताए। 'पहिलाजस्तो बालबालिका गुलेली लिएर चरा मार्न गएको पाइँदैन, तर चराका संख्या घट्दै गएको छ। खेतबारीमा विषादी प्रयोग गर्न थालेपछि नै चराको संख्या घटेको हो। पहिला जति मात्रा विषादी प्रयोग गरेर किराफट्यांग्रा मर्ने गर्थे, अहिले त्यति मात्राले पुग्दैन। खेतबारीमा प्रयोग भएका विषादीकै कारण चराको संख्या कम हुँदै गएको हो,' उनले भने।

पछिल्लो समय नेपालमा पाइने चराको प्रजाति बढे पनि चराको संख्या घट्दै गएको छ। चराको संख्या घट्दै गएकोमा पन्छीविज्ञहरू चिन्तित बनेका छन्। बर्दियामा २६ वर्षदेखि निरन्तर रूपमा जलपक्षी तथा हिउँदे आगन्तुक चरा गणना गर्दै आएका नेपाल पक्षीविद् संघका केन्द्रीय सदस्य चराविज्ञ एवं पानी चरा गणना बर्दिया संयोजक रामबहादुर शाहीले चराहरूकको संख्या घट्दै जानु चिन्ताको विषय भएको बताए।



'मानवीय गतिविधिका कारण पनि चरा घट्दै गइरहेको छ,' उनले भने, 'चालू आर्थिक वर्ष ०८१/८२ को हिउँदमा ९३ प्रजातिका तीन हजार ८८९ जलपक्षी गणना गरिएको छ। आव ०८०/८१ मा ९० प्रजातिका तीन हजार २०४ जलपक्षी गणना गरिएको थियो भने ०७९/८० मा ९४ प्रजातिका दुई हजार १२६ जलपक्षी गणना गरिएको छ।' दुई वर्षयता हिउँदे आगन्तुक चराको संख्या बढे पनि अन्य चराको संख्या घटेको उनले बताए।

नेपालमा आठ सय ९७ प्रजातिको चरा पाइन्छ। बर्दियामा मात्र पाँच सय १३ प्रजातिको चरा फेला परेको तथ्यांक बर्दिया राष्ट्रिय निकुञ्जसँग छ। तर, पछिल्लो समय जलवायु परिवर्तन, चराको प्राकृतिक वासस्थानको विनाश आहाराको कमी र विषादीको बढ्दो प्रयोग, डिजेबाजा र पर्यावरणमा परेको असरका कारण चराको वासस्थान संकटमा पर्दै गएकाले चराको संख्या घटिरहेको शाहीले बताए। पछिल्लो समयको विकास निर्माण वातावरणमैत्री हुन नसक्दा चराहरूको वासस्थान संकटमा परेको छ। नदीले धार परिवर्तन गर्ने, बिजुलीका तारले चराहरू संकटमा पार्दै गएका छन्। 'चराको महत्त्व नबुझ्दा धेरैले चरालाई शत्रुका रूपमा लिने गर्छन्, तर किसानको साथी हो भनेर बुझाउन जरुरी छ,' उनले भने, 'चराको संरक्षण गरे खेतबारीमा लाग्ने किराफट्यांग्रा मार्न विषादी प्रयोग गर्नुपर्दैन।'

नेपाल पन्छीविद् संघका कार्यकारी निर्देशक लक्ष्मण पौड्याल चराले किराफट्यांग्रा खाएर तथा पराग सेचन गरेर किसानलाई सहयोग गर्ने गरेको बताउँछन्। परापूर्वकालदेखि मानिस र चरा सँगसँगै बस्दै आएको उनको भनाइ छ। 'घडीको आविष्कार नहुँदासमेत चराको चिरबिर र कुखुराको डाँकसँगै मानिसहरू उठ्ने गर्दथे। काफल पाकेको संकेत इयिनन कुकु चरीले गर्दछ। कन्याङकुरुङ चरा बसाइँसराइ गरेर आउँदा तरकारी लगाउने समय भएको मानिसले थाहा पाउने गर्थे। यसरी जानेर वा नजानेर मानिसले चराबाट धेरै ज्ञान आर्जन गरेको छ,' उनले भने। चराले खेतबारीमा लाग्ने किराफट्यांग्रा खाने, खेतबारीमा पराग सेचन गर्न सहयोग गर्ने, एक ठाउँमा पाइने बोटबिरुवा अर्को ठाउँमा लैजान पनि चराले मद्दत गर्ने गरेको पौडेलले बताए।

बस दुर्घटनामा तीनजनाको मृत्यु

राजविराज/ उदयपुरको गाईघाटबाट सप्तरीको फत्तेपुर हुँदै काँकडभिट्टा जाँदै गरेको यात्रु बस दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। गाईघाटबाट काँकडभिट्टा जाँदै गरेको प्र१-०१-००१ ख ३४२० नम्बरको यात्रुवाहक बस अनियन्त्रित भई दुर्घटना हुँदा दुईजनाको घटनास्थलमै मृत्यु भएको हो। मृत्यु हुनेमा झापा गौरादह नगरपालिका- ५ का अनिल राई छन्। एक महिलाको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका सप्तकोशी नगरपालिका- १ का ७५ वर्षीय रत्नबहादुर मगरातीको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

ससुराको हत्यामा संलग्न ज्वाइँ २० वर्षपछि पक्राउ

काठमाडौं/ ससुराको हत्यामा संलग्न दाङ तुलसीपुर नगरपालिका ६ बरुवागाउँका ४२ वर्षीय वीरबहादुर गुरुङ २० वर्षपछि पक्राउ परेका छन्। गुरुङले १४ साउन ०६२ मा ससुरा ३५ वर्षीय काशीराम विकको हत्या गरेका थिए। उनलाई इलाका प्रहरी कार्यालय दाङ तुलसीपुरले शुक्रबार तुलसीपुर उपमहानगरपालिका १२ टरिगाउँस्थित शुभलक्ष्मी पोल्टीफार्मबाट पक्राउ गरेको हो। फार्मका सञ्चालक बहालवाला प्रहरी हवल्दार हुन्। गुरुङ चार वर्षदेखि उक्त फार्ममा सवारीचालकका रूपमा काम गर्दै आएका थिए। सूचनापछि इप्रका तुलसीपुरको टोली घटनास्थल पुगेको थियो। सोही क्रममा पक्राउ परेको इप्रका तुलसीपुरका प्रमुख डिएसपी अनिल ठकुरीले बताए। 'काशीराम विकको हत्यामा संलग्न वीरबहादुर लुकिछिपी बसेको सूचना आयो। घटनाको अनुसन्धानमा प्रहरी सक्रिय भयो। सोहीक्रममा उनी एक पोल्टिफार्ममा कार्यरत रहेको देखियो। भेरिफाई गर्दा सूचना सही रहेको खुल्यो। त्यसपछि उनलाई पक्राउ गरिएको हो,' उनले भने।

कानुनअनुसार कर्तव्य ज्यानसम्बन्धी कसुरमा पीडितले जाहेरी दिने हदम्याद २० वर्षसम्मको छ। उनीविरुद्ध जाहेरी दिने हदम्याद आगामी १४ साउनमा सकिँदै थियो।

UAE मा बैदेशिक रोजगार | कम्पनी : AL BARRAK ELECTRICAL CONTRACTING COMPANY W L L शहर : UAE

पूर्व स्वीकृत मिति : २०८२/१/१२ चलानी नं. ६०२३६७२७ LT. No.: 322279

सि.न.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/बस्ने सुविधा	करार अवधि
1.	Labour	150	0	स. काममा दक्ष	900	३३,८६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ बैशाख २२ गते (5 May 2025) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पिङ कति लाग्ने र कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहचलमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd. QSI

Nepal Govt. Labour Lic No 352/ 059/060, **Mitrapark-07, Chabahil** KTM, Nepal

Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

दरभाउपत्र आव्हान

सूचना प्रकाशित मिति : २०८२/०१/१५

यस चन्द्रागिरि हिल्स लि.लाई आ.व २०८२/०८३ का लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामाग्रीहरूको सप्लाई गर्न सक्ने फर्म/कम्पनीले सप्लाई गर्न सक्ने दर, परिमाण, डेलिभरीको समय र भुक्तानीको प्रक्रुया सहित कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ.व २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि संलग्न गरी दरभाउपत्र आव्हान गरिन्छ।

Description

- Grocery Items/ Packed/ Canned Food Items
- Dairy /poultry product
- Fresh vegetables and fruits
- Stationary items
- Bakery Raw items
- Scrap Materials
- Chemical/ Cleaning /General Store Supply
- Kerosene / Diesel /Petrol Oil/LP Gas
- Garments / Souvenir Items
- Electrical/ Hardware And Plumbing items
- Packed/ Canned Food items
- Meat and Fish item
- Out Fresh Flowers
- Laundry Services
- Water Jar/ Bottle Supply
- Pooja Samagri
- Room Amenities
- Imported/Domestic Alcoholic Beverage

कोटेशन आई पुग्नु पर्ने अन्तिम मिति : २०८२ बैशाख २८ गते भित्र।

आवश्यक मालसामानको विस्तृत सुची तथा अन्य विवरणहरू संलग्न कागजपत्रको प्रति सेट रु १००/ पछि फिर्ता नहुने गरि दाखिला प्राप्त गर्न सकिनेछ।

नोट : कोटेशन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ साथै छनोट भएका सप्लायरहरूको करार अवधि आर्थिक वर्ष २०८२/०८३ को आषाढ मसान्तसम्म हुनेछ।

CHANDRAGIRI HILLS WHERE WISHES COME TRUE

चन्द्रागिरि हिल्स लि.
थानकोट काठमाडौं, फोन नं ०१-५९७०७९६
ई-मेल : sunil.shakya@chandragirihills.com

Invitation for Bids
for the Premises Maintenance Works

Date of Publication: 28th April, 2025

Citizens Bank International Ltd. (hereinafter referred as the Bank) invites sealed Bid from registered Nepalese contractors for the Premises Maintenance Works of its Office Building located at Nepalgunj, Banke, Nepal under the terms & conditions outlined below:

1. Scope of Job: Premises Maintenance Works
2. A complete set of Bid documents may be purchased during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Kathmandu upon payment of NPR 1,000.00 (Nepalese Rupees One Thousand only), nonrefundable; latest by 11:00 hours latest May 4, 2025. No joint venture (JV) is allowed.
3. Sealed tender should be submitted to Head Office of the Bank by 17:00 hours latest May 4, 2025 and the sealed tenders will be opened on 11:00 hours, May 5, 2025.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. Required Eligibility Criteria of the Bidder in order to participate in the bid: -
   a) Must submit copies of Firm's Registration, PAN Certificate and Tax Clearance Certificate (2080/81).
   b) Must be in existence for a minimum period of last 5 (Five) years;
   c) Must have latest annual turnover of NPR 20 Million; must have interior work conduction experience of at least two Nepali Commercial Bank with individual project worth of minimum NPR Three Million within last two years;
   d) Must be a financially sound and profit making firm and should be in profit for past one years;
6. All other information is mentioned in the bid documents.
7. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977-01-5970068/01-4527044
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

www.ctznbank.com

साबल सहकारी संस्था लिमिटेड

धुम्बाराहीचोक, काठमाडौं, फोन नं. ४३७६६९५, ४३७०७२५

डाक बढाबढ बारेको ३५ दिने सूचना

(प्रकाशित मिति : २०८२/०१/१५ गते, सोमबार)

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा डाक बढाबढद्वारा बिक्री गरिने हुँदा यो डाक बढाबढ को सूचना प्रकाशित गरिएको छ। उक्त अचल सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरूले देहायका शर्तहरूको अधिनमा रही मिति २०८२/०२/१९ का दिन का.जि.का.म.पा. वडा नं.४ धुम्बाराही चोक स्थित संस्थाको कार्यालय भवनमा बिहान १०:०० बजेबाट डाक बढाबढ गरी गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गरिने हुँदा डाक बढाबढमा भाग लिन इच्छुक महानुभावहरूलाई यसै सूचनाद्वारा सूचित गरेका छौं। गैह्र बैंकिङ्ग सम्पत्तिको कागजातहरू हेर्न चाहानु हुने महानुभावहरूले संस्थाको कार्यालय समयमा सम्पर्क राख्नुहुन समेत यसै सूचनाबाट जानकारी गराएका छौं।

सम्पतिको विवरण

धितोको विवरण: यस साबल सहकारी संस्था लिमिटेडको नाउँमा मालपोत कार्यालय भक्तपुरमा दर्ता स्रेस्ता कायम रहेको भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. वडा नं. २, नक्सा नं.२घ, कि.नं. २७१, ४३९ र २७० को क्रमशः क्षेत्रफल १-६-०-० (६९९.४८ व.मि), ०-१०-०-० (३४१.७५ व.मि) र १-६-०-० (६९९.४८ व.मि) जग्गा।

लिलाम बिक्रीका शर्तहरू:

१. डाक बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको रकमको १० प्रतिशत नगदै वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट चेक/बैंक ग्यारेन्टी वा बैंक ड्राफ्टको सक्कल सो डाक सकार गरेकै दिन यस संस्थामा बुझाउनु पर्नेछ।
२. डाक बढाबढ हुने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बिहान १०:०० बजेबाट डाक बढाबढ गरिने छ।
३. डाक सकार गर्ने व्यक्तिले संस्थाबाट अचल सम्पत्ति बिक्री गर्ने निर्णय भई सूचना पाएको १५ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति सकार गरी रजिष्ट्रेशन पारित गरी नलिएमा धरौटी वापतको रकम स्वत: जफत हुनेछ। यस बारेमा कुनै उजुर बाजुर लाग्ने छैन।
४. डाक बढाबढ कार्य गर्दा सम्पूर्ण कित्ताको लागि दिनु पर्नेछ। एक कित्ताको लागि मात्र डाक बोल्न पाइने छैन। सबैभन्दा बढी अङ्क कबोल गर्ने व्यक्तिलाई उक्त अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।
५. डाक बिक्री हुने अचल सम्पत्ति (जग्गा) सम्बन्धी कागजातहरू हेर्न चाहनुहुने महानुभावहरूले यस सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।
६. डाक सकार गरी लिने व्यक्तिले सो अचल सम्पत्ति (जग्गा) रजिष्ट्रेशन, नामसारी आदि गर्दा लागेको रजिष्ट्रेशन दस्तुर तथा अन्य खर्च जो जे गर्नुपर्ने हो सो सम्पूर्ण खर्च डाक सकार गर्ने स्वयम्ले नै व्यहोर्नु पर्नेछ।

शैक्षिक रूपान्तरणमा खोजिएको संघीय शिक्षा ऐन

संविधान संशोधन गरेर शिक्षालाई तीनै तहको साझा सूचीमा राखी तहगत सरकारलाई गुणस्तरीय शिक्षा विकासमा जिम्मेवार बनाउनुपर्छ



● किरण कोइराला

अग्रलेख


नेपालको संविधान २०७२ अनुसार संघीयता कार्यान्वयन भएको नौ वर्ष बित्यो। संविधानअनुसार संघीय नयाँ शिक्षा ऐन जारी गर्नुपर्नेमा अझै पनि शिक्षा ऐन २०२८ कार्यान्वयनमा छ। पटक-पटक राजनीतिक परिवर्तन भए पनि शिक्षा प्रणालीमा भने रूपान्तरणकारी परिवर्तन भएन। निजी र सामुदायिक विद्यालयबिच व्यावहारिक, वैज्ञानिक र सीपमूलक शिक्षामा प्रतिस्पर्धा हुन सकेन। जसले गर्दा शैक्षिकभन्दा पनि राजनीतिक गतिविधिले प्राथमिकता पायो। विशेषतः सामुदायिक विद्यालयमा शिक्षक राजनीति, विद्यालय व्यवस्थापन समितिको राजनीति, विद्यार्थी राजनीति, अभिभावकको राजनीति घुसाइयो। यसरी सम्पूर्ण शैक्षिक पृष्ठभूमिमै राजनीति घुसेपछि शिक्षाविद् वा विज्ञसमेत राजनीतिक रूपमा बाँडिएर शैक्षिक बहस चलाइरहँदा शैक्षिक समस्या समाधान हुने देखिएन। अहिलेसम्म संघीय शिक्षा ऐन पूर्ण कार्यान्वयन भएर यसका कमीकमजोरी हटाउन संशोधनका लागि संघर्ष गर्नुपर्नेमा शिक्षा ऐन जारी गर्न शैक्षिक आमहडताल गर्नुपर्ने अवस्थाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हाम्रो शैक्षिक अवस्थाको कसरी मूल्यांकन गरिएला ?

आवधिक चुनावबाट संघीय र प्रदेश तहमा स्थायी सरकार बन्ने अवसर र सम्भावना कम भएकाले सरकार परिवर्तनका खेल चलि नै रहनेछन्। सम्झौता गर्ने, तर कार्यान्वयन नगर्दै सरकार परिवर्तन हुने वा हुन सक्ने भएकाले सरकारका तर्फबाट समयमै जिम्मेवारी पूरा गरिएन। यसकारण पनि २०७५ सालमा केपी ओलीको कार्यकालमा तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलबाट शिक्षक महासंघसँग सम्झौता गरियो। ०७८ मा शेरबहादुर देउवाको कार्यकालमा शिक्षामन्त्री देवेन्द्र पौडेलसँग र ०८० मा पुष्पकमल दाहालको कार्यकालमा शिक्षामन्त्री अशोक राईसँग सम्झौता गरियो। तीन शीर्ष दलका प्रधानमन्त्री र शिक्षामन्त्री भएका वेला सम्झौता गरिएका छन्। सम्झौता कार्यान्वयनमा तीनै दल प्रतिबद्ध हुनुपर्नेमा लामो समयसम्म पनि सम्झौता कार्यान्वयन नभएपछि नेपाल सरकार र शिक्षक महासंघबिच भएका विगतका सम्झौता कार्यान्वयन हुने गरी संघीय शिक्षा ऐन जारी गरिनुपर्ने माग राखी २० माघ, ०८१ देखि चरणबद्ध आन्दोलनमा रहेको शिक्षक महासंघ २० चैतदेखि काठमाडौंकेन्द्रित सडक आन्दोलन र २५ चैतदेखि अनिश्चितकालीन शैक्षिक आमहडतालसहित सडक संघर्षमा छ। शिक्षक आन्दोलनका कारण देशभरिका विद्यालय बन्द छन्। कक्षा १२ को बोर्ड परीक्षा सरेको छ। विद्यालय भर्ना अभियान प्रभावित छ। एसइईको उत्तरपुस्तिका परीक्षण हुन सकेका छैनन्।

सम्मानित सर्वोच्च अदालतले आन्दोलनको २३औँ दिन शिक्षकलाई तीन दिनभित्र विद्यालयमा फर्काउन आदेश दिएको छ। सो फैसला कार्यान्वयनको प्रगति प्रतिवेदन चौथो दिनमा अदालतमा पेस गर्न शिक्षा मन्त्रालयलाई आदेश दिएको छ। शिक्षकका मागमा टसमस नदेखिएको सरकारलाई सो आदेशले दबाब सिर्जना गरेको छ।

शिक्षक आन्दोलन तथा संघर्षको अवस्था : ०३६ को १० महिने आन्दोलन, ०३८ को १०४ दिने शिक्षक हडताल, ०४१ को ६ महिने असहयोग आन्दोलन तथा काठमाडौं जाऔँ आन्दोलनजस्ता आन्दोलनले शिक्षकको एकताबद्ध संघर्षका कारण शिक्षकले सामाजिक सम्मान र व्यावसायिक सुरक्षाको अनुभूति पाएका हुन्। ०४७ देखि सुरु भएको शिक्षक संगठनको फुटका कारण शिक्षकले जायज माग पनि पूरा हुन सकिरहेको छैन। शिक्षकले आजसम्म पाएका उपलब्धि आन्दोलन र संघर्षकै उपज हुन्। शिक्षकहरू शैक्षिक नीति-निर्माणमा संलग्न नगराइँदा र शैक्षिक अनुसन्धान र विकासमा शिक्षकलाई महत्त्व नदिँदा शिक्षाक्षेत्रका समस्या बढ्दै गएको छ। नेपालको संविधान २०७२ ले विद्यालय शिक्षालाई अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारमा सूचीकृत गरिएको छ। यसलाई तीनै तहका सरकारका अधिकार सूचीमा रहनुपर्ने मागसहित ९ फागुन, ०७८ मा नेपाल सरकारले शिक्षक महासंघसँग विद्यालय शिक्षासम्बन्धी ५१ बुँदे सहमति गरेको थियो। ०८० भदौमा संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयक सम्झौताअनुसार नभएपछि असोजमा शिक्षक महासंघको आह्वानमा काठमाडौंकेन्द्रित सडक प्रदर्शनमा उत्रिएका शिक्षकको सरकारले माग पूरा गर्ने सहमति गरेसँगै शिक्षकहरू तीनदिने प्रदर्शन स्थगित गरी विद्यालय फर्किएका थिए।

छिमेकी देशहरूमा शिक्षाको तहगत अधिकार : भारतको संविधानको सातौँ अनुसूचीअनुसार शिक्षा समवर्ती सूचीमा पर्छ। केन्द्र र राज्य दुवैले शिक्षासम्बन्धी कानुन बनाउन सक्छन्। स्थानीय निकाय (पञ्चायत र नगरपालिका) लाई पनि ११औँ र १२औँ अनुसूचीमार्फत स्कुल सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिइएको छ। भारतमा सन् २००२ मा संविधानको ८६औँ संशोधनमार्फत धारा २१ए थपियो र ६ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षाको मौलिक अधिकार प्रदान गरियो। संविधानको धारा २१ए कार्यान्वयन गर्ने शिक्षाको अधिकार ऐन २००९ ले केन्द्र र राज्यसरकारलाई संयुक्त रूपमा यो अधिकार कार्यान्वयन गर्ने जिम्मेवारी दिएको छ। चीनको शिक्षा प्रणाली केन्द्रीकृत छ। चीनको संविधानको धारा ४६ ले प्रत्येक नागरिकलाई शिक्षा प्राप्त गर्ने अधिकार र कर्तव्य दुवै प्रदान गर्छ। शिक्षा मन्त्रालयले राष्ट्रिय नीति, पाठ्यक्रम र मापदण्ड निर्धारण गर्छ। प्रान्तीय र स्थानीय तहलाई स्कुल सञ्चालन, बजेट वितरण र शिक्षक व्यवस्थापनको जिम्मेवारी दिइएको भए पनि तिनले केन्द्रीय नीतिको कडाइसाथ पालना गर्नुपर्छ। स्थानीय तहले स्कुलहरूको दैनिक व्यवस्थापन र समुदायकेन्द्रित शैक्षिक कार्यक्रम सञ्चालन गर्छन्। शिक्षालाई समाजवादी मूल्य, नैतिकता र देशभक्तिको विकाससँग जोडिएको छ। चीनको संविधानको धारा ४६ अनुसार शिक्षाको मौलिक अधिकार र कर्तव्य कार्यान्वयन गर्ने अनिवार्य शिक्षा कानुन १९८६ अनुसार ६ वर्षदेखि १५ वर्षका बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्न केन्द्रीय नीति र स्थानीय कार्यान्वयनको संयोजन गरिएको छ। नेपाल र भारतमा जस्तो चीनमा विद्यालय व्यवस्थापन समिति छैन। चीनमा विद्यालय व्यवस्थापन स्थानीय शिक्षा ब्युरो र प्रान्तीय शिक्षा विभागमार्फत हुन्छ। राष्ट्रियतालाई महत्त्व दिने व्यावहारिक र गुणस्तरीय शिक्षाले चीनलाई विज्ञान, प्रविधि र सञ्चार क्षेत्रमा विश्वमा प्रतिस्पर्धात्मक बनाएको छ।



विश्वका दुवै उदीयमान महाशक्ति राष्ट्रले शिक्षामा तीनै तहको सरकारलाई विद्यालय शिक्षा व्यवस्थापनमा उल्लेखनीय भूमिका प्रदान गरेका छन्। त्यसैले, हामीकहाँ पनि विद्यालय शिक्षालाई एकल अधिकारबाट शिक्षकले बुझेको राष्ट्रिय शिक्षालाई सम्बोधन गर्ने संघीय शिक्षा ऐन जारी गर्न सरकारलाई सकस नहुनुपर्ने हो। आवश्यक भए नेपालको संविधान संशोधन गरेरै भए पनि शिक्षालाई साझा सूचीमा राखेर तहगत सरकारलाई गुणस्तरीय शिक्षा विकासमा जिम्मेवार बनाउनुपर्छ।

संविधान संशोधन प्रक्रिया र शिक्षकको माग : अधिकांशको बुझाइमा संविधान शिक्षकले माग गर्दैमा संशोधन गर्नुहुन्न भन्ने छ। यो गलत बुझाइ पनि हुन सक्छ। संविधान गतिशील दस्तावेज हो भने शिक्षा गतिशील प्रक्रिया हो। शिक्षालाई गतिशीलता दिन आवश्यकताअनुसार संविधान संशोधन पनि गरिनुपर्छ। शिक्षक नियुक्ति, शिक्षण प्रक्रिया, पाठ्यक्रम, परीक्षा र मूल्यांकनसम्मका कार्य परम्परागत, सैद्धान्तिक र अव्यावहारिक छन्। विद्यालय प्रशासन र व्यवस्थापनमा अनेक रूप छन्। देशैभरि नक्सांकनअनुसार विद्यालय स्थापित र सञ्चालित छैनन्। दरबन्दी वितरणमा एकरुपता छैन। दरबन्दी मिलान गर्न स्थानीय तहले सक्ने अवस्था छैन। शिक्षकको बढुवा प्रणाली निष्पक्ष भएन। विद्यालयमा विषयगत दरबन्दी अभाव हुँदा गुणस्तरीय शिक्षामा प्रश्न उठिरहेको छ। स्थानीय तहले मात्र यी र यस्ता शैक्षिक समस्या समाधान गर्न सक्ने अवस्था नदेखेर अनुसूची ९ अनुसार साझा सूचीमा विद्यालय शिक्षा हुनुपर्ने माग असान्दर्भिक छैन। यसका लागि आवश्यक भए संविधान संशोधन गरिनुपर्छ। शिक्षक महासंघको मागअनुसार संविधान संशोधन अनुसूची ६ अन्तर्गत नपर्ने भएको हुँदा प्रदेश सभाको सहमति आवश्यक पर्दैन। यस्तो विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ। शिक्षक महासंघले यही संवैधानिक प्रक्रियाअनुसार संविधान संशोधन गरी स्थानीय तहमा मात्र शिक्षालाई सीमित नराखी तीनै तहगत सरकारको संलग्नता खोज्नु र प्रतिस्पर्धी तथा गुणस्तरीय शिक्षामा तहगत सरकारको सहभागिता बढाउँछौँ भन्नु असान्दर्भिक माग होइन। उपयुक्त सेवा-सुविधा भए आवश्यकताअनुसार संघ वा प्रदेशभित्र जहाँ पनि शिक्षण कार्य गर्न तयार छौँ भन्नु राज्यका लागि शैक्षिक सुधारको सुअवसर हो। सरकार सामुदायिक विद्यालय शिक्षामा सुधार चाहन्छ भने शिक्षकको सडक संघर्षलाई अवसरमा बदल्न सक्नुपर्छ।

> आन्दोलनरत शिक्षकले उपयुक्त सेवा-सुविधा भए आवश्यकताअनुसार संघ वा प्रदेशभित्र जहाँ पनि शिक्षण कार्य गर्न तयार छौँ भन्नु राज्यका लागि शैक्षिक सुधारको सुअवसर हो

निष्कर्ष : विद्यालय शिक्षा विधेयक अहिले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलका क्रममा छ। विधेयकमा विभिन्न दलका १५२ सांसदले १७८५ वटा संशोधन राखेका थिए। शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा हालसम्म आठ संशोधनकर्तासँग मात्र छलफल भएको छ। विधेयकमा यति धेरै संशोधन राखिनु र संशोधन कुन-कुन दफामा गरियो भनी आधिकारिक जानकारी नदिनुले पनि विधेयक विवादमुक्त छ भन्न सकिने अवस्था छैन। संशोधन प्रस्तावका मुख्य विषयमा विद्यालय शिक्षामा तिनै तहका सरकारको साझा अधिकार रहनुपर्ने, शिक्षकको सरुवा, बढुवा र कार्यसम्पादन मूल्यांकनजस्ता अधिकार संघीय तहमा रहनुपर्ने र शिक्षक महासंघ र सरकारबिच सम्पन्न विगतका सम्झौता कार्यन्वयन गरिनुपर्नेलगायत माग छन्।

शिक्षक आन्दोलन यति समयसम्म लम्बिँदा पनि यसअघि नै सम्झौता भइसकेका शैक्षिक मागको सम्बोधन नगरिनुले विद्यालय शिक्षा ऐनका सवालमा सरकारप्रति प्रशस्तै शंका गर्ने ठाउँ छन्। बौद्धिक वर्गले गर्ने शिक्षक आन्दोलन तलब पदस्थापना र अधिकारमा मात्र सीमित हुनुहुँदैन। शिक्षासम्बन्धी नीति-निर्माणमा शिक्षकको भूमिका, शिक्षक पेसाको सम्मान, स्थायित्व, सुरक्षा र शिक्षाको गुणस्तरसँग सम्बन्धित रहनुपर्छ। शिक्षकको पेसागत विकासका सन्दर्भ विद्यार्थीको गुणस्तरीय शिक्षासँग जोडिए मात्र दिगो हुन्छ। विद्यार्थी भए विद्यालय हुन्छन् र विद्यालय भए मात्र शिक्षक रहन्छन्। त्यसैले पेसाप्रति प्रतिबद्ध शिक्षक गुणस्तरीय शिक्षामा जिम्मेबार हुनैपर्छ। विद्यालय शिक्षा विधेयकदेखि नै नीति निर्माताले शिक्षक, शिक्षाविद् र सरोकारवालासँग गहिरो संवाद नगरी बनाएका दस्तावेजले गर्दा वर्तमान संकट उत्पन्न भयो। अब पटक-पटक शैक्षिक आन्दोलन नहुने गरी दिर्घकालीन रूपमा समस्याको समाधान गरी गुणस्तरीय शिक्षाप्रति सम्बन्धित सबै पक्षलाई जिम्मेबार बनाउने गरी सरकार र शिक्षक महासंघबिच सहमति हुनुपर्छ। संविधानको धारा ५१ ज (१) अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने संवैधानिक जिम्मेबारी पूरा हुने गरी संघीय शिक्षा ऐन जारी गर्न सरकारको प्रतिबद्धताले मात्र शैक्षिक क्षेत्रमा रूपान्तरणकारी परिवर्तन गर्न सकिन्छ।

(कोइराला नेपाल शिक्षक महासंघ गोलन्जोर, सिन्धुलीका अध्यक्ष हुन्)

---

३ प्रश्न

अधिवक्ता तथा अधिकारकर्मी **शैलेन्द्र अम्बेडकार**लाई



आजको समयमा पनि दलित समुदायमाथि हुँदै आएका विभेद हट्न नसक्नुको कारण के होला ?

हामीकहाँ राजनीतिक रूपमा सत्ता परिवर्तन भए पनि त्यसलाई सञ्चालन गर्ने व्यक्ति, तिनको सोच र विचार परिवर्तन हुन सकेन। हिजो जोजसले सत्तामा बसेर हालीमुहाली गरे, जसले दलिततलाई मान्छे नै गनेनन्, आज पनि तिनैका छोरा, नाति सत्तामा छन्। जसले गर्दा विभेद 'हेरिडिटी'का रूपमा कायमै छ। शिक्षाको अभाव र चरम गरिबीका कारण दलितहरू अर्थपूर्ण रूपमा सत्तामा पुग्न सकेनन्। सरकारी वकिल, प्रहरी र प्रशासनमा सत्ता राजनीतिको छाया छ। जसले गर्दा उनीहरू शक्तिका पछि लाग्छन्। पीडितको जाहेरी दर्ता गर्नसमेत यहाँ निकै ठुलो संघर्ष गर्नुपर्ने स्थिति छ। अहिले मिडियाले साथ दिएको हुनाले केही घटना बाहिर आएका मात्र हुन्, अन्यथा यहाँ धेरै घटना भित्रभित्रै दबाइन्छन्।

विभेद रोक्न बनेका कानुन कार्यान्वयनको अवस्था कस्तो छ ?

राज्यले विभेद रोक्न कानुन बनाएको छ। तर, तिनको कार्यान्वयनको अवस्था अत्यन्त फितलो छ। सत्तामा गैरदलितको वर्चस्व रहेकाले दलितमाथि अत्याचार गर्नेहरू पक्राउ परिहालेको अवस्थामा पनि राजनीतिक तथा सामाजिक दबाब छिटै छुट्ने अवस्था छ। फेरि तीन वर्षभन्दा कम सजाय हुने घटनामा धरौटीमा छुट्ने कानुनी प्रावधानले गर्दा पीडकहरू सजिलै धरौटीमा छुट्ने र बाहिर निस्केपछि पीडितलाई थप दुःख दिने अवस्था छ। यसमा सुधार हुनुपर्छ।

विभेद रोक्ने विषयमा राजनीतिक दल र तिनका नेता, कार्यकर्ताको रवैया कस्तो छ ?

राजनीतिक दल, तिनका नेता तथा कार्यकर्तालाई कुनै डर छैन। उनीहरूले निर्वाचनमा अत्यन्त गरिब दलित समुदायलाई प्रलोभन देखाएर या धाक, धम्की दिएर भोट पाउने अवस्था भएकाले दलित समुदायको पीडामा कत्ति पनि चासो दिँदैनन्। यसमा झन् मधेसी दलले त वास्तासम्म नगर्नु विडम्बना हो।

प्रेरक प्रसंग

सेरुको सिकार

सेरु नामको सिंह जंगलकै सबैभन्दा कुशल र क्रूर सिकारी मानिन्थ्यो। आफ्नो समूहका साथमा उसले कैयौँ अर्ना, हरिण र अन्य जनावरको सिकार गरेको थियो।

समय क्रममा बिस्तारै सेरुमा आफ्नो क्षमता र बलको घमन्ड बढ्न थाल्यो। एक दिन उसले समूहका साथीहरूसित भन्यो- साथी हो, आजदेखि जुनसुकै जनावरको सिकार गरे पनि सबैभन्दा पहिले म खान्छु, अनि मात्र त्यसलाई तिमीहरूले हात लगाउन पाउनेछौ। सेरुको मुखबाट यस्तो कुरा सुन्दा सबै आश्चर्यचकित भए। एक वृद्ध सिंहले सेरुलाई प्रश्न गऱ्यो- आज अचानक तिमीलाई के भयो ? तिमी के भनिरहेका छौ सेरु ?

सेरुले भन्यो– मैले अनौठो कुरा गरेको होइन। यहाँ जति पनि सिकार हुँदै आएका छन्, तिनमा सबैभन्दा ठुलो योगदान मेरै छ। मेरो शक्ति र हिम्मतले गर्दा नै हामीले सिकार गर्न सकेका हौँ। त्यसैले, सिकारमाथि पहिलो हक पनि मेरै हुनुपर्छ। अर्को दिन सिंहहरूको सभा बोलाइयो। अनुभवी सिंहहरूले सेरुलाई सम्झाउँदै भने– हेर सेरु, तिमी एक कुशल सिकारी हौ। तर, सबैको आ-आफ्नो क्षमताअनुसारको योगदानले गर्दा नै हामी सिकार गर्न सफल भएका हौँ। त्यसैले, सिकारमा सबैको बराबर हक हुनुपर्छ। यसमा जिद्दी नगर।

सेरुलाई यो कुरा मन परेन। उसले भन्यो– ठिक छ, आजदेखि म एक्लै सिकार गर्छु। तिमीहरू मिलेर सिकार गर्नू। यति भनेर सेरु आफ्नो बाटो लाग्यो। केही समयपछि उसलाई भोक लाग्यो। उसले एक्लै सिकार गर्ने मन बनायो र नजिकै देखिएको अर्नाको झुन्डतिर गर्जंदै दौडियो। तर, पहिलेपहिले उसलाई देख्दा थरथर काँप्ने अर्नाले आज एकजुट भएर उसलाई भगाइदिए। त्यसपछि सेरु हरिणको झुन्डतिर अघि बढ्यो। तर, उसले फुर्तिला हरिणलाई फेला पार्नै सकेन। अब भने सेरुलाई आफू शक्तिशाली भए पनि समूहको साथविना सिकार गर्न सम्भव नभएको अनुभव भयो। उसलाई आफ्नो निर्णयमा पछुतो भयो। ऊ आफ्नो समूहमा फर्कियो र गल्ती स्विकारेर सबैसँग माफी माग्यो। समूहले पनि उसलाई माफी दियो। फेरि एकपटक जंगल सेरुको गर्जनबाट काँप्न थाल्यो।

युएसएडमार्फत इजरायली औपनिवेशिकताको सामान्यीकरण

प्यालेस्टाइनमा युएसएडको सहयोग ठुलो मात्रामा त्यस्ता परियोजनामा लगानी गरियो जसले इजरायली औपनिवेशिकतालाई सामान्यीकरण गर्ने प्रयास गऱ्यो



देश / विदेश

● समेर जबेर

अमेरिकाको अन्तर्राष्ट्रिय विकास एजेन्सी युएसएडले सन् १९९४ मा प्यालेस्टाइनमा आफ्नो कार्यालय खोलेर चार लाख प्यालेस्टिनीलाई स्वास्थ्य र उत्पादनशील जीवनमा मद्दत गरेको दाबी गरेको छ। र, ट्रम्प राष्ट्रपति चुनिएलगत्तै एजेन्सी बन्द भएपछि शिक्षा, स्वास्थ्य र मानवीय सहायतामा ठुलो असर पऱ्यो, विशेषतः विश्व खाद्य कार्यक्रमजस्ता संस्था प्रभावित भए। एजेन्सी बन्द हुँदा छोटो अवधिमा नकारात्मक प्रभाव देखिए पनि ठुला राजनीतिक सन्दर्भमा हेर्दा युएसएडको भूमिका जटिल देखिन्छ। वर्षौंसम्म युएसएड कार्यक्रमको मूल्यांकनमा संलग्न एक शोधकर्ताका नाताले मैले यी कार्यक्रमले प्यालेस्टिनी जनजीवन सुधार गर्नुको साटो इजरायली कब्जालाई बलियो बनाउन मद्दत गरेको पाएको छु।

प्यालेस्टिनी जनतालाई स्वतन्त्र राज्यको आश्वासन दिएको ओस्लो सम्झौतापछि अमेरिकी प्रयासको हिस्साका रूपमा युएसएडले सन् १९९४ मा वेस्ट बैंक र गाजापट्टीमा कार्यालय खोलेको थियो। तर, इजरायलले त्यस्तो कुनै सम्झौता गर्न चाहेको थिएन, बरु ओस्लो सम्झौतालाई उसले आफ्नो कब्जालाई ढाकछोप गर्ने संयन्त्र बनायो। प्यालेस्टिनी प्राधिकरण (पिए) स्थानीय शासनका रूपमा स्थापना गरियो, तर अमेरिकी नेतृत्वमा यसलाई प्रशासनिक मामिला हेर्ने निकायका रूपमा विकसित गरियो र यसलाई कब्जामा परेका जनसंख्यालाई नियन्त्रण गर्न प्रयोग गरियो। पिएले इजरायली सुरक्षासँग मिलेर प्रतिरोध दमन गर्नुपर्ने बाध्यता भोग्यो र यसको सुरक्षासंस्था अमेरिकी सहयोगमा गठन गरियो। युएसएडले सन् १९९४ देखि २०१८ सम्म स्वास्थ्य, शिक्षा र पूर्वाधारका लागि ५.२ अर्ब डलरभन्दा बढी सहायता दियो जसले शान्ति प्रक्रियाप्रतिको जनसमर्थन जुटाउने प्रयास गऱ्यो। यसले गैरसरकारी संस्थामार्फत सहयोग पुऱ्याउँदै द्वन्द्वलाई आर्थिक र मानवीय समस्यामा सीमित गराउने र प्रतिरोधलाई अस्थिरता र अराजकतासँग जोड्ने काम गऱ्यो। युएसएडको कठोर छनोट प्रक्रिया र नियन्त्रण प्रणालीले प्रतिरोधसँग सम्बन्धित कुनै पनि गतिविधिमा लगानी हुन नदिने बनायो। त्यसैले युएसएडका कार्यक्रमले सामान्य प्यालेस्टिनी जनताको जीवनमा ठोस सुधार ल्याउन सकेनन्। युएसएडको सहयोग ठुलो मात्रामा त्यस्ता परियोजनामा लगानी गरियो जसले प्यालेस्टिनी र इजरायलीबिच सम्बन्ध स्थापना गरी इजरायली औपनिवेशिकतालाई सामान्यीकरण गर्ने प्रयास गरे।

'द्वन्द्व व्यवस्थापन एवं निराकरण' (सिएमएम) कार्यक्रममार्फत सन् २०१८ सम्म २३ करोड डलरभन्दा बढी खर्च गरिएको थियो जसले किसान, विद्यार्थी र शोकसन्तप्त परिवारलाई लक्ष्य बनायो। तर, प्यालेस्टिनी किसानले भनेझैँ यी परियोजनाले इजरायली कब्जाबाट उत्पन्न समस्यालाई सम्बोधन गरेनन्। रोजगारीका अवसर खुल्ने इजरायली यात्रा अनुमतिपत्र पाउने भएकाले यी किसान कार्यक्रममा सहभागी भएका थिए। त्यसैगरी, 'सिड्स अफ पिस' कार्यक्रमले इजरायली र प्यालेस्टिनी युवालाई अमेरिकी ग्रीष्मकालीन शिविरमा ल्याउने काम गऱ्यो, तर सहभागी प्रायः पिए नेता र धनी परिवारका सन्तान नै हुन्थे। यसले अमेरिकी दृष्टिकोणले (प्यालेस्टिनी प्राधिकरण) पिएको प्यालेस्टिनी नेतृत्वलाई वंशानुगत रूपमा बुझ्थ्यो र त्यसैअनुसार आफ्नो पहल केन्द्रित गरेको देखिन्छ।

सिड्स अफ पिस प्यालेस्टिनी प्राधिकरण (पिए)का अधिकारी र तिनका परिवारलाई लाभ पुऱ्याउनेमा मात्रै सीमित छैन। उच्चपदस्थ अधिकारीका नातेदारले युएसएडका फाइदाजनक ठेक्का प्राप्त गर्दा प्राथमिकता पाएको पाइयो र केहीले युएसएड कोषबाट सञ्चालित गैरनाफामूलक संस्थाको नेतृत्वसमेत गरेका थिए।



तस्बिर : स्यानन स्टेपलटन/रोयटर्स

युएसएडले वासिङ्टनले मन पराएका राजनीतिक पात्रहरूलाई समर्थन गरेर अप्रत्यक्ष रूपमा प्यालेस्टिनी राजनीतिक परिदृश्यमा पनि भूमिका खेलेको छ। सन् २००४ देखि २००६ बिच युएसएडले प्यालेस्टिनी भूमिमा लोकतन्त्र प्रवर्द्धन कार्यक्रम सञ्चालन गऱ्यो। प्रत्यक्ष रूपमा कुनै उम्मेदवार वा पार्टीलाई आर्थिक सहयोग दिएको प्रमाण नभए पनि फताह वा थर्ड वेसँग सम्बन्धित नागरिक समाज संस्थालाई युएसएड कोष प्राप्त भएको देखिएको छ। यद्यपि, ठुलो सहयोग र राजनीतिक समर्थनका बाबजुद यी समूहले हमासको चुनावी जितलाई रोक्न सकेनन्। हमासले गाजामाथि नियन्त्रण गरेपछि पनि युएसएडले प्यालेस्टिनी नागरिक समाज संस्थालाई सहयोग जारी राख्यो कतिपय अवस्थामा थप बजेट पनि वृद्धि गऱ्यो। युएसएडले 'कानुनी शासन' कार्यक्रममार्फत पिएको प्रहरी बललाई पनि सहयोग गऱ्यो। र, पिए दमनकारी सुरक्षा संयन्त्रको मुख्य वित्तीय सहयोग अमेरिकी गुप्तचर निकाय र अमेरिकी विदेश मन्त्रालयको अन्तर्राष्ट्रिय लागुपदार्थ नियन्त्रण र कानुन प्रवर्तन कार्यक्रमबाट आएको थियो।

युएसएड संलग्नताको पछिल्लो र गम्भीर उदाहरणका लागि सन् २०२४ मा गाजामा अमेरिकी सेनाले बनाएको एक कमजोर मैदानी संरचनालाई लिन सकिन्छ जसको लागत २३ करोड डलर थियो। संरचना मानवीय सहायता प्रवाह गराउने उद्देश्यका लागि बनाइएको भनिए पनि वास्तवमा यसले अमेरिकी प्रशासनको गाजामाथिको इजरायली नाकाबन्दीमा संलग्नतालाई ढाकछोप गर्न मात्र काम गऱ्यो। यो संरचना प्रयोग गरी गरिएको इजरायली सैन्य कारबाहीमा दुई सयभन्दा बढी प्यालिस्टिनी मारिए जसले मानवीय सहायता संरचनाको सैन्यीकरण र दुरुपयोगप्रति गम्भीर प्रश्न उठाएको थियो। यो अमेरिकी सहायता कहिल्यै प्यालेस्टिनी जनताको वास्तविक हितमा थिएन।

युएसएड बन्द हुँदा केही गरिब प्यालेस्टिनी प्रभावित त हुनेछन्, तर समग्र परिस्थितिमा ठुलो परिवर्तन ल्याउने सम्भावना भने देखिँदैन। विशेषतः आफ्ना जनताप्रति रहेको नैतिक दायित्वलाई ध्यानमा राखेर बरु प्यालेस्टिनी नागरिक समाजले अमेरिकी सरकारी दातासँगको सम्बन्धलाई पुनर्विचार गर्ने अवसर दिन सक्छ। शान्ति प्रक्रियाका नाममा गरिएको लाखौँ डलरको लगानी असफल भएसँगै अब प्यालेस्टिनी जनताको वास्तविक हितमा काम गर्ने नयाँ दृष्टिकोणको आवश्यकता भएको स्पष्ट छ।

(जबेर राजनीतिक अभियन्ता एवं शोधकर्ता हुन्)
अल जजिराबाट

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आरोपीजति सबैलाई पक्राउ गर

'आठ महिनादेखि 'फरार' कांग्रेस सांसद राई बल्ल पक्राउ, बाँकीमाथि अनुसन्धान कहिले ?' शीर्षकको समाचार पढियो। के यो देशमा ठुलाबडाले जे गरे पनि माफ हुने हो ? के यो देशमा सत्तापक्ष र कथित ठुला नेताहरूको छत्रछायामा बस्ने नेता, कार्यकर्ताले जतिसुकै भ्रष्टाचार, जतिसुकै अपराध या जतिसुकै अनियमितता गरे पनि सरकारले आँखा चिम्लेर बस्ने हो ? होइन भने अब खुरुक्क आरोपीजति सबैलाई पक्राउ गर र अदालती प्रक्रियामा पुऱ्याऊ। तिनीहरू निर्दोष छन् भने अदालतबाट सफाइ पाउनेछन् र दोषी छन् भने कानुनले तोकेबमोजिम अधिकतम कारबाही हुनैपर्छ। यसरी सत्ताको आडमा लुटको साम्राज्य मच्चाउन देशमा गणतन्त्र ल्याइएको हो र ?

● **सुरक्षा कुमाल**, लामबगर, काठमाडौं

शिक्षक आन्दोलन नलम्ब्याऊ

आन्दोलनरत शिक्षक र सरकारबिच सहमति बन्नुभन्दा पनि असहमति र दूरी बढ्दै गएको देखिन्छ। यसरी शिक्षक र सरकारबिच दूरी बढ्नु कसैका लागि पनि शुभ संकेत होइन। यतिखेर सामुदायिक विद्यालयमा भर्नाको समय गुज्रिसकेको छ। विद्यालयहरू बन्द अवस्थामा छन्। विद्यार्थी र अभिभावक शिक्षकको बाटो कुरेर बसिरहेका छन्। यस्तोमा अझै पनि शिक्षक विद्यालयमा फर्किएनन् भने विद्यार्थी र अभिभावकले विकल्पमा निजी क्षेत्रका संस्थागत विद्यालय रोज्ने अवस्था आउने पक्का छ।

● **गौरव परियार**
स्युचाटार, काठमाडौं

महानगरले ठिक गऱ्यो

काठमाडौंको मुटुमा रहेको रानीपोखरीको पुनर्निर्माणपछि काठमाडौं महानगरपालिकाले बुधबारदेखि सर्वसाधारणका लागि खुला गरेर निकै राम्रो काम गरेको छ। खासगरी तिहारको भाइटीकाको दिन मात्र खुल्ने रानीपोखरी यसरी सर्वसाधारणका लागि खुला गर्दा बिहान-बेलुका त्यहाँ घुमफिर गर्न सहज हुने पक्का छ। अब बिहान-बेलुकाको समयमा सर्वसाधारणले रानीपोखरीभित्र प्रवेश गरी शीतल हावामा आराम गर्न, समय बिताउन र शान्त वातावरणमा बस्न पाउनेछन्। त्यसैले, रानीपोखरी खुला गरेर निकै राम्रो काम गरेको छ।

● **सुमन तामाङ**
टोखा– ४, काठमाडौं

भ्रष्टाचारविरुद्ध कारबाही खोइ ?

पटक-पटक मिडियामा 'म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचारीलाई माफी दिन्नँ' भनेर बोलेका प्रधानमन्त्री केपी ओलीकै पालामा सबभन्दा बढी भ्रष्टाचार भएका समाचार आइरहेका छन्। अहिलेको अवस्था हेर्ने हो भने भ्रष्टाचारीलाई संरक्षण गर्ने काम सरकारबाटै भएको छ। देश भ्रष्टाचारको दलदलमा फसेको छ। राजनीतिक दलहरूको रबैया देखेर जनता वाक्कदिक्क छन्। तलदेखि माथिसम्म सेटिङ मिलाएर भ्रष्टाचार गर्छन्। नीतिगत भ्रष्टाचार बढेको छ। स्थानीय, प्रदेश, या संघीय सरकार सबैलाई भ्रष्टाचारको जालोले बेरेको छ। न सरकार जनताको आवाज सुन्छ, न ऊ आफैँ सुध्रिन्छ, यसरी त देश कहिलेसम्म चल्ला र ?

पछिल्लो समयमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भएको भनेर चर्चामा आएको भ्रष्टाचारबारे निष्पक्ष छानबिन गरी त्यसमा संलग्न भ्रष्टाचारीलाई कारबाही गर्नुको साटो उन्मुक्ति दिने काम सरकारले गरेको छ। १० अर्ब भ्रष्टाचार भएको भनेर लेखा उपसमितिको प्रतिवेदनले देखाएको छ। के यो प्रतिवेदन झुटो हो, सरकार ? एकपछि अर्को काण्ड मच्चिएका छन्। सरकार भने मूकदर्शक भएर बसेको छ। जनता सिटामोल किनेरसमेत खान सक्ने अवस्थामा छैनन्। सरकार भने हेरेको हेऱ्यै छ। हिजो प्रधानमन्त्री केपी ओलीलाई जहाँ जाँदा पनि जयजयकार गरिन्थ्यो। अहिले केपी ओली जहाँ गए पनि विरोध गरेको देखिन्छ सुनिन्छ। उनले भ्रष्टाचारीलाई संरक्षण गरेर आफ्नो लोकप्रियता आफैँले घटाउने काम गरेका छन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: सुमिना माछा पोखरी,** प्रोप्राईटर तथा जमानीकर्ता: विनोद तमाङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा लघु उद्यम दर्ता नं. ३२/०७६/०७७, दर्ता मिति: २०७६/०४/०९, ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. २०
	२) ऋणी: विनोद तमाङ स्थायी ठेगाना: चितवन जिल्ला, शारदानगर गा.वि.स. वडा नं. ९, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. २०, बाबु: खड्ग बहादुर तमाङ्, बाजे: इन्द्र सिंह तमाङ्
२)	**ऋणी फर्म: गढीमाई बाख्रा फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: बची देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ८५२३/८०१/१४६/५७ (गढीमाई), दर्ता मिति २०७७/०१/२६, ठेगाना: जिल्ला रौतहट, गढीमाई न.पा. वडा नं. ९
३)	**१) ऋणी फर्म: निशा पशु पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: उमा देवी यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा उद्योग दर्ता नं. ९०५९/१३५९/३१२/११३, (गरुडा), दर्ता मिति २०७७/१२/०८, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. ४
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी : उमा देवी यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बाबु : भिखर राय यादव, ससुरा : रामवृक्ष राय यादव, पति : रामसुवाष राय
	जमानीकर्ता: रामसुवाष राय, स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४, बाबु : रामवृक्ष राय यादव, बाजे : गणेशी राय
४)	**ऋणी फर्म: न्यू दिव्यांशु पोल्ट्री फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: रामबाबु प्रसाद यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, वीरगंजमा घ.तथा.सा.उ.का. प्रा.फ.पर्सा नं. : ८४१७/०७३/०७४, दर्ता मिति २०७३/०७/०९, ठेगाना: जिल्ला पर्सा, सुगौली दा.पु. गा.वि.स. वडा नं. ४
५)	**ऋणी फर्म: जय श्री राम इलेक्ट्रीकल्स एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: श्रीलाल प्रसाद कुशवाहा दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३४३२२/०७३/०७४, दर्ता मिति २०७३/०४/३०, ठेगाना: जिल्ला पर्सा, वीरगंज उ.म.न.पा वडा नं. २७
६)	**ऋणी फर्म: यादव किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: चुनु बाबु यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ११६२१/२५२, दर्ता मिति २०७८/०४/२६, ठेगाना: जिल्ला रौतहट, पिपरिया प. गा.वि.स. वडा नं. ८ (हाल बौधिमाई न.पा. वडा नं. ५)
७)	**१) ऋणी कम्पनी: ए टु जेड इलेक्ट्रोनिक्स प्रा.लि.,** संचालक तथा जमानीकर्ताहरु: १) मोहन विक्रम न्यौपाने, २) रितु न्यौपाने दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: १६१८३९/०७३/७४, दर्ता मिति २०७३/१०/०२, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १५
	२) ऋणी कम्पनी: जय बजरंगवली इलेक्ट्रोनिक्स प्रा.लि., संचालक तथा जमानीकर्ता: कुलेन्द्र दिप विक्रम न्यौपाने दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: १५१८२३/०७२/७३, दर्ता मिति २०७३/०३/२४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४
८)	**१) ऋणी फर्म: जीवन ट्रेड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: संदिप कुमार पटेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं.: ३६८०३/०७४/७५, दर्ता मिति २०७५/०३/१७, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. ९
	२) ऋणी : संदिप कुमार पटेल स्थायी ठेगाना : पर्सा जिल्ला, सुगौली बिर्ता गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बाबु : देवनारायण प्रसाद, बाजे : हिरा राउत कुर्मी
९)	**ऋणी फर्म: जि.एस ईट्टा उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: शे. सफिउल्लाह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ८३२६/६२३/१३३/४४, गढीमाई, दर्ता मिति २०७७/०८/२४, ठेगाना: जिल्ला रौतहट, संग्रामपूर गा.वि.स. वडा नं. २ (हाल गढीमाई न.पा. वडा नं. ४)
१०)	**१) ऋणी फर्म: सातमुले कृषि तथा पशुपंक्षी फार्म,** प्रोप्राईटर तथा जमानतकर्ता: राधिका पोखरेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, धादिङबेसी, धादिङमा प्रा.फ.द.नं ३१७९/०६९/०७०, दर्ता मिति: २०७९/११/१३, ठेगाना: जिल्ला धादिङ, नीलकण्ठ न.पा. वडा नं. ७
	२) ऋणी: राजीव पोखरेल ठेगाना : धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०७, बाबु : नारायण प्रसाद पोखरेल, बाजे : चन्द्र प्रसाद पोखरेल
११)	**१) ऋणी फर्म: सविता कृषि फर्म,** प्रोप्राईटर तथा जमानतकर्ता: दीर्घ बहादुर तामाङ दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग भद्रपुर झापामा प्रा.फ.नं.घ.उ.वि. ३३१/९०४/११६१६, दर्ता मिति : २०७१/०९/२४, ठेगाना: जिल्ला झापा, हल्दिबारी गा.पा. वडा नं.८
	२) कर्जाको किसिम : व्यक्तिगत कर्जा **ऋणी : मंगली तामाङ** स्थायी ठेगाना: पाँचथर जिल्ला, अमरपुर गाउँ पञ्चायत वडा नं.९, हाल ठेगाना: झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं.२, बाबु: नदु वीर लामा, ससुरा: दल बहादुर तामाङ्, पति: दीर्घ बहादुर तामाङ
१२)	**ऋणी: राम कुमारी चौधरी** स्थायी ठेगाना: सुनसरी जिल्ला, इटहरी गा.वि.स. वडा नं. ९, हालको ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८, बाबु: बतरु चौधरी, ससुरा: भेलु चौधरी, पति: दुर्गा चौधरी
१३)	**१) ऋणी फर्म: पुर्वाञ्चल कृषि फार्म,** प्रोप्राईटर तथा जमानतकर्ता: योगेन्द्र कुमार दास मलाह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, विराटनगरमा प्रा.फा.न.घ.मो. ११८५०/०७१/०७२, दर्ता मिति: २०७१/११/२६, ठेगाना: जिल्ला मोरङ, बुधनगर गा.वि.स. वडा नं. ८
	२) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: लक्ष्मी कुमारी सहनी** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: जुगनु सहनी, ससुरा: डमरु दास मलाह, पति: योगेन्द्र कुमार दास मलाह
	जमानीकर्ताहरु: १) डमरु दास मलाह, स्थायी ठेगाना: मोरङ जिल्ला, बुधनगर गा.पं. वडा नं. ८, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : मंगलु दास मलाह, बाजे: ननकुमार मलाह, **२) दनिया देवी मलाह,** स्थायी ठेगाना: मोरङ जिल्ला, बुधनगर गा.पं. वडा नं. ८, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: वासुदेव मलाह, ससुरा: मंगलु दास मलाह, पति: डम्बर दास मलाह, **३) योगेन्द्र कुमार दास मलाह,** स्थायी ठेगाना: मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: डमरु दास मलाह, बाजे: मंगलु दास मलाह
	३) कर्जाको किसिम : व्यक्तिगत कर्जा **योगेन्द्र कुमार दास मलाह** स्थायी ठेगाना: मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : डमरु दास मलाह, बाजे : मंगलु दास मलाह
	जमानीकर्ताहरु: १) लक्ष्मी कुमारी सहनी, स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: जुगनु सहनी, ससुरा: डमरु दास मलाह, पति : योगेन्द्र कुमार दास मलाह, **२) डमरु दास मलाह,** स्थायी ठेगान: मोरङ जिल्ला, बुधनगर गा.पं. वडा नं. ८, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: मंगलु दास मलाह, बाजे: ननकुमार मलाह, **३) दनिया देवी मलाह,** स्थायी ठेगाना: मोरङ जिल्ला, बुधनगर गा.पं. वडा नं. ८, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: वासुदेव मलाह, ससुरा: मंगलु दास मलाह, पति : डम्बर दास मलाह
१४)	**ऋणी : मान सिंह महरा** स्थायी ठेगाना : जिल्ला बैतडी, भुमेश्वर गाउँ पञ्चायत वडा नं. ५, हालको ठेगाना : जिल्ला कञ्चनपुर, भीमदत्त न.पा. वडा नं. १८ बाबु : धर्म सिंह महरा, बाजे : किसन सिंह महरा
१५)	**१) ऋणी फर्म : हिमालयन हार्डवेयर एण्ड सप्लायर्स,** साझेदार तथा जमानीकर्ताहरु : १.नरेन्द्र नेपाली, २.सेतु शाही दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, विरेन्द्रनगर, सुर्खेतमा सा.फ.र.नं : ६-६८-१००/२०७७/७८, दर्ता मिति : २०७८/०३/२१, ठेगाना: जिल्ला सुर्खेत, विरेन्द्रनगर न.पा. वडा नं. ३
	२) ऋणी फर्म : विपना टेलर्स, संचालक तथा जमानीकर्ता : विपना नेपाली दर्ता नं.: विरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेशमा उद्योग दर्ता नं १३/०८०/०८१, दर्ता मिति : २०८१/०३/१४, ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३
	३) ऋणी : कालि बहादुर नेपाली स्थायी ठेगाना : जिल्ला कालिकोट, पाँखा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : जिल्ला सुर्खेत, विरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : धौले सार्की, बाजे : विजय सार्की
	४) ऋणी : महेन्द्रबहादुर शाही स्थायी ठेगाना: जिल्ला कालिकोट, नानीकोट गा.वि.स. वडा नं. ६, हालको ठेगाना: जिल्ला सुर्खेत, विरेन्द्रनगर न.पा. वडा नं. ३, बाबु: गज बहादुर शाही, बाजे : बलजित शाही
१६)	**ऋणी फर्म: ए स्क्वायर स्टोर एण्ड ग्रिल,** प्रोप्राईटर तथा जमानीकर्ता: दिपक बहादुर कुवर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलाली, नेपालमा प्रा.फ.द.नं. १७०३३, दर्ता मिति २०७८/०६/१२, ठेगाना: जिल्ला कैलाली, धनगढी उ.म.न.पा. वडा नं. १९
१७)	**ऋणी फर्म : ईजी लुक्स,** प्रोप्राईटर तथा जमानतकर्ता : आशीश भट्टराई दर्ता नं.: उद्योग विकास शाखा इटहरी सुनसरी प्रा.फ.र.नं.: ६१९३/०७४/०७५, दर्ता मिति : २०७४/१०/०९, ठेगाना: जिल्ला सुनसरी, इटहरी, उ.म.न.पा. वडा नं. ६
१८)	**ऋणी : जयमाला देवी चौधरी** स्थायी ठेगाना : बारा जिल्ला, ककडी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : बारा जिल्ला, कोल्हवी न.पा. वडा नं. ७ बाबु : प्रेमनारायण चौधरी, ससुरा : राम बहादुर चौधरी, पति : रविन्द्र चौधरी
१९)	**ऋणी फर्म: श्री हनुमान ट्रेडिङ्ग एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: शेष नाथ गिरी दर्ता नं.: वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३३६११/०७२/७३, भारत आयात, दर्ता मिति २०७४/११/२७, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १३, आदर्शनगर
२०)	**१) ऋणी फर्म: मनोज जी,** प्रोप्राईटर तथा जमानीकर्ता: मनोज कुमार जयसवाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं.: १२८५/०६७/०६८, दर्ता मिति २०६७/११/३०, ठेगाना: जिल्ला सर्लाही, मलंगवा न.पा. वडा नं. ९
	२) ऋणी फर्म: जयसवाल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: संतोष कुमार जयसवाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.र.नं. १२४३/०६७/६८, दर्ता मिति २०६७/१०/२४, ठेगाना: जिल्ला सर्लाही, मलंगवा न.पा. वडा नं. ९
	कर्जाको किसिम : बिना धितो कर्जा **३) ऋणी: मनोज कुमार जयसवाल** स्थायी ठेगाना: ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०, बाबु : वैद्यनाथ चौधरी, बाजे : महेश चौधरी
	जमानीकर्ताहरु: १) सुनिता कुमारी, स्थायी ठेगाना: सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. १०, हालको ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०, बाबु: कपिलदेव चौधरी, ससुरा: वैद्यनाथ चौधरी, पति: मनोज कुमार जयसवाल, **२) संतोष कुमार जयसवाल,** ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०, बाबु: वैद्यनाथ चौधरी, बाजे: महेश प्रसाद चौधरी, **३) बिनिता कुमारी देवी,** स्थायी ठेगाना: सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. १०, हालको ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०, बाबु: चन्देश्वर चौधरी, ससुरा: वैद्यनाथ चौधरी, पति: संतोष कुमार जयसवाल, **४) राजो देवी चौधरी,** स्थायी ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ९, हालको ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०, बाबु: गोपाल साह कलवार, ससुरा: महेश प्रसाद चौधरी, पति: वैद्यनाथ चौधरी
२१)	**ऋणी : राम नाथ महतो** स्थायी ठेगाना : सिरहा जिल्ला,गोविन्दपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. २४ बाबु : महेन्द्र महतो कोईरी, बाजे : अवध महतो
२२)	**ऋणी फर्म: रिया आयरन स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: पशुपति मण्डल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषामा प्रा.फ.र.नं.: २०९१/१३०/०६७/०६८, स्थानीय व्यापार, दर्ता मिति २०६७/०६/१४, ठेगाना: जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. १६
२३)	**ऋणी फर्म: न्यू काठमाडौं डेकोर,** प्रोप्राईटर तथा जमानीकर्ता: प्रदिप लामिछाने दर्ता नं.: वाणिज्य विभागमा प्रा.फ.र.नं. ९०२७७/०६६/६७, दर्ता मिति २०६६/०७/१२, ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६, बनस्थली

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

प्राकृतिक विपत्तिमा पनि दमनलाई निरन्तरता दिइरहेको म्यानमार

भूकम्प प्रभावित क्षेत्रमा युद्धविराम घोषणा गरिए पनि सशस्त्र समूहविरुद्ध सेनाको अभियान तीव्र





● लोरचन लोभेट

पत्रकार, सम्पादक तथा दक्षिणपूर्वी एसिया क्षेत्रमा आधारित लोभेट मुख्यतः म्यानमारमाथि केन्द्रित भएर लेख्छन्

गत मार्च २८ तारिखमा म्यानमारलाई एक शक्तिशाली भूकम्पले हल्लायो । मध्य सागाइङ क्षेत्रमा केन्द्रविन्दु रहेको ७.७ म्याग्निच्युडको भूकम्पबाट मृत्यु हुनेको संख्या पचपन्न सय पुग्यो । थप हजारौँ घाइते छन् । आममानिस बिस्तारै भूकम्पको प्रभावबाट बाहिरिँदै छन् । तर, देशवासी प्राकृतिक विपत्तिबाट बाहिरिँदै गर्दा देश भने अझ ठुलो मानवीय विपत्तिमा फस्ने डर बढेको छ । म्यानमार विगत चार वर्षदेखि गृहयुद्धमा छ । पछिल्लो समय सैन्य शासक चारैतिरबाट घेरिँदै छ । अहिले आएको भूकम्पले यस गृहयुद्धको गतिशीलतालाई थप प्रभावित बनाउन सक्छ ।

भूकम्पले हजारौँ घर, पूर्वाधार, पुल र सडक भत्किएको र सेनाको हतियार उत्पादन गर्ने कारखानाको बिजुली आपूर्तिसमेत अवरुद्ध भएको सेनाका पूर्वमेजर टिन लिन आङले बताउँछन् । लिन आङ सन् २०२२ मा प्रतिरोध आन्दोलनमा भाग लिन म्यानमार सेना परित्याग गरेका केही शीर्ष सैन्य व्यक्तित्वमध्ये एक हुन् । सैन्य आपूर्तिमा अभावको संकेत देखिन थालेको उनको भनाइ छ । लिन आङका अनुसार सरकारी सेनाबाट पछिल्लो समय कब्जा गरिएका गोलीगठ्ठाका खोलमा यसै वर्षको उत्पादन मिति छ । 'म सेनामा हुँदा केही गोली हामी जन्मनुभन्दा अघि बनेका भनेर ठट्टा गर्थ्यौं । अहिले त भर्खरै बनेका गोलीगठ्ठा प्रयोगमा ल्याउन थालेको देखिएको छ,' उनले भने ।

सेनाको गोलाबारुद उत्पादनमा अवरोध आएको समाचार आएकै समयमा सेनाको नियन्त्रणमा रहेका क्षेत्र लगभग चारैतिरबाट पुराना जातीय सशस्त्र समूहदेखि नयाँ सशस्त्र प्रतिद्वन्द्वी सेनाको घेराबन्दीमा पर्न थालेका छन् । प्रभाव क्षेत्र गुमाउँदै गएपछि देशका मुख्य सहर र पूर्वाधारमा भने अझै सेनाको पकड बलियो छ । सहरी क्षेत्रमा सीमित हुँदै गएपछि सेनाले पुरानो भूमि फिर्ता गर्ने प्रयासमा अन्धाधुन्ध हवाई आक्रमण र गाउँबस्ती जलाउने कामलाई उग्रता दिएको छ । यस्ता कदमलाई युद्ध अपराध मान्न सकिने संयुक्त राष्ट्र संघले चेतावनी दिएको छ ।

रोकिएन सैन्य अभियान

भूकम्पले ध्वस्त बनाएको सागाइङ सहर अझै पनि सेनाको नियन्त्रणमा छ । जबकि, वरपरका ग्रामीण इलाका भने विद्रोही मिलिसियाले कब्जामा लिएका छन् । कैयौँ गुट-उपगुटमा विभाजित विद्रोहीलाई विपक्षी राष्ट्रिय एकता सरकार (एनयुजी)ले समन्वय गर्ने प्रयास गरिरहेको छ । एनयुजीले भूकम्प प्रभावित क्षेत्रमा अप्रिल २० सम्म युद्धविराम घोषणा पनि गर्‍यो । तथापि, सेनाले भने सैन्य अभियानलाई रोकेको छैन । सागाइङमा सक्रिय 'पिपुल्स डिफेन्स फोर्स (पिडिएफ)'का एक महिला लडाकुले आफूहरू राहतको काममा खटिएको र अप्रिलको युद्धविराम अन्त्य भएपछि लडाइँ तीव्र हुने जानकारी दिइन् । यस भेगमा सेनाकोभन्दा पिडिएफ लडाकुको गति तीव्र रहेको र एनयुजीले जातीय सशस्त्र संगठनसँग पहलेभन्दा राम्ररी समन्वय गरिरहेको ती लडाकुले बताइन् ।

क्षेत्रीय सुरक्षा विश्लेषक एन्थोनी डेभिसका अनुसार भूकम्पले म्यानमार सेनालाई उसको रणनीतिक उद्देश्यबाट विचलित गरेको छैन । उनका अनुसार अधिकांश सैनिक राहत वितरणमा खटिनुको सट्टा ब्यारेकमै तैनाथ छन् । 'सेनाले पीडितहरूको उद्धारमा पर्याप्त ध्यान दिएको छैन । उनीहरूले हवाई आक्रमणलाई निरन्तरता दिएका छन् । सम्भव भएसम्म छिटै पिडिएफविरुद्ध स्थल हमला सुरु हुने संकेत देखिन्छ,' डेभिसले भने ।

म्यानमारमा अहिले गृहयुद्धको मुख्य युद्धभूमि पश्चिमी राखाइन राज्य बनेको छ, जुन भेग भूकम्पबाट धेरै हदसम्म बच्न सफल रह्यो । त्यहाँ, विद्रोही अराकान आर्मी (एए) र सेनाबिच राज्यको राजधानी सिट्वे र त्यसवरपर बारम्बार झडप हुने गरेको छ । अराकान राज्यको क्याक्फ्युमा पनि छिटपुट झडप हुन्छ । त्यो सहर म्यानमारभरिबाट चीनमा ग्यास ढुवानी गर्ने प्रमुख पाइपलाइन रहेको क्षेत्र हो । अराकान आर्मीले एकै साथ देशको पश्चिमस्थित आफ्नो गृहभूमिबाट बाहिर निस्केर म्यानमारको केन्द्रीय भूभाग मग्वे, बागो र अ□यार्वाडी क्षेत्रहरूमा फैलिएको डेभिसले बताए । तिनले द्वन्द्वलाई एक वा अर्को तरिकाले उल्लेखनीय रूपमा प्रभावित बनाउन सक्ने देखिएको डेभिसले बताए । अनुमानित ४० हजार लडाकु रहेको आराकान आर्मीसँग सैन्य शासकलाई पराजित गरेको प्रमाणित रेकर्ड छ ।

उत्तर र उत्तर-पश्चिममा सेना पछाडि हटेको छ । काचिन स्वतन्त्रता सेनाले भूकम्पपछि युद्धविराम घोषणा गरेको थियो । तर, युद्धविरामबिच नै आठ महिनाको घेराबन्दीपछि ऊ अप्रिल ७ मा उत्तरी सागाइङ क्षेत्रमा रहेको 'इनड' सहर कब्जा गर्न सफल भयो । जातीय चीन प्रतिरोध सेनाले पनि हालै पश्चिमी म्यानमारको फालाम आवास क्षेत्रमाथि नियन्त्रण प्राप्त गर्‍यो ।

सुरक्षा विश्लेषक एन्थोनी डेभिसका अनुसार भूकम्पले म्यानमार सेनालाई उसको रणनीतिक उद्देश्यबाट विचलित गरेको छैन । सेना राहत वितरणमा खटिनुको सट्टा विद्रोहीविरुद्धको युद्धमा तैनाथ छ ।

राजनीतिक विश्लेषक क्याव सान ह्लाइङका अनुसार सेना अझै पनि भूकम्पको परिणामसँग जुधिरहेको छ । परिणामस्वरूप अराकान आर्मी र अन्य सशस्त्र समूहलाई थप सहर कब्जा गर्ने मार्ग खुला हुन सक्छ । 'तर, यस्ता लाभ एकैपटकभन्दा पनि बिस्तारै हासिल हुने सम्भावना छ । किनकि, बागो र मग्वेजस्ता क्षेत्रमा संकटको समयमा पनि टिकेर सेनाले आफ्नो क्षमता देखाइसकेको छ । दीर्घकालीन रूपमा, भूकम्पले म्यानमारमा शक्ति सन्तुलनलाई मौलिक रूपमा परिवर्तन गर्ने सम्भावना छैन,' ह्लाइङले भने ।

सैन्य नेतृत्वविरुद्धको दैवी श्राप !

भूकम्पले सैन्य शासनविरुद्ध निर्णायक धक्का दिन नसके पनि जनरलहरूलाई भने मानसिक झट्का दिएको छ । ज्योतिष तथा तन्त्रमन्त्रमा अत्यधिक विश्वास राख्ने देश भएकाले धेरैले प्राकृतिक प्रकोपलाई म्यानमारको सैन्य नेतृत्वविरुद्धको दैवी श्रापका रूपमा व्याख्या गरिरहेका छन् । 'तिनीहरूले यो भूकम्पलाई ईश्वरीय हस्तक्षेपको रूपमा हेरेका छन् । अर्थात्, शासकको गल्तीविरुद्ध ईश्वरले दिएको दण्ड । मैले सुनेअनुसार जनरलहरूले समेत सैन्य प्रमुख मिन आङ ह्लाइङलाई प्रत्यक्ष रूपमा दोष दिइरहेका छैनन् । तर, उनको नेतृत्व र क्षमताबारे प्रश्न उठ्न थालेको छ,' सैन्य प्रतिष्ठानभित्र गोप्य सम्पर्क रहेको बताउने पूर्वमेजर टिन लिन आङले भने ।

टिन लिन आङका अनुसार भूकम्पपछि सैन्य नेतृत्वले देशभरका निजामती कर्मचारीलाई लगातार नौ दिनसम्म दैनिक नौपटक सुरक्षात्मक बौद्ध मन्त्र पढ्न आदेश दिएका थिए । बौद्ध परम्परामा नौ नम्बरको शुभ मानिन्छ । इन्टरनेसनल क्राइसिस ग्रुपमा म्यानमार विषयका वरिष्ठ सल्लाहकार रिचर्ड हर्सीका अनुसार म्यानमार सेनाका कमान्डर-इन-चिफ वरिष्ठ जनरल मिन आङ ह्लाइङले यी अलौकिक व्याख्यालाई खारेज गरेका छन् । तर, उनीनजिकका भित्री घेराले भने यसलाई गम्भीरतापूर्वक लिएकाले उनीमाथि जोखिम बढेको छ । भूकम्पलाई उच्च सैन्य पदाधिकारीले अशुभ संकेतको रूपमा लिँदा मिन आङ ह्लाइङको अधिकारको क्षय हुने र उनको खुला आलोचना बढ्न सक्ने उनको अनुमान छ ।

द्वन्द्वमा सेनाका निर्णयलाई आकार दिने विभिन्न कारकमध्ये अन्धविश्वास एउटा कारक हो । भूकम्पले 'म्यानमारको आधारभूत संरचनामा ठुलो क्षति पुर्‍याएको' हर्सीले बताए । जस्तो, आवास क्षेत्रमा भएको भयावह क्षतिका कारण मन्डेलाका बासिन्दालाई सम्भावित रूपमा अन्यत्र स्थानान्तरण गर्नुपर्ने हुन्छ । भूकम्पको विकराल अवस्थालाई हेर्दा यसले गृहयुद्धलाई असर गर्ने सम्भावना छ । 'तर, कस्तो असर पार्छ भन्ने कुरा भने भन्न सकिने अवस्था छैन,' हर्सीले स्विकारे । भूकम्पपीडितको उद्धारमा सेनाको उदासीनताका कारण सर्वसाधारणको नजरमा सेनाको प्रतिष्ठा अझ खस्किएको छ ।

अल जजिराबाट

इतिहासमा आज अप्रिल २८



सन् २००१ : डेनिस टिटो इतिहासमा पहिलो अन्तरिक्ष पर्यटक बनेको दिन । एउटा रुसी रकेटले क्यालिफोर्नियाका अर्बपतिलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस)मा लगेको थियो ।

सन् १९३७ : इराकका तत्कालीन तानाशाह सद्दाम हुसेनको जन्मदिन ।

सन् १९६९ : चार्ल्स डी गालद्वारा फ्रान्सको राष्ट्रपतिबाट राजीनामा । गालले सन् १९५८ मा फ्रेन्च फिफ्थ रिपब्लिक स्थापना गरे । त्यसको अर्को वर्ष उनी त्यसको पहिलो अध्यक्ष बने ।

सन् १९९४ : अमेरिकी गुप्तचर निकाय सिआइएका पूर्वअधिकारी एल्ड्रिक एम्सद्वारा अमेरिकी गोप्य कागजात सोभियत युनियनलाई पठाएको स्वीकारोक्ति । सो बदनीयतपूर्ण कार्यका लागि एम्सलाई आजीवन कारावासको सजाय सुनायो । उक्त घटना अमेरिकी गुप्तचर निकायलाई बदनाम गराउने इतिहासकै एक कुख्यात कार्य थियो ।

सन् २००४ : इराक युद्धको प्रारम्भिक चरणमा अमेरिकी सेनाका सदस्य र केन्द्रीय गुप्तचर निकायले इराकको अबु घरएब कारागारमा शृंखलाबद्ध ढंगले मानवअधिकार उल्लंघन र युद्ध अपराधका घटना गरेको थियो । बन्दीमाथि यातना दिएका दृश्यलाई सन् २००४ मा अमेरिकी टेलिभिजन कार्यक्रम ६० मिनेटले सार्वजनिक गरेको थियो ।

भारत-पाकिस्तान सीमामा तेस्रो रात पनि गोली हानाहान

कस्मिर / पाकिस्तान र भारतका सेनाबिच विवादित कास्मिरमा लगातार तेस्रो रात पनि गोली हानाहान भएको छ । दुई देशबिच तनाव बढ्दै जाँदा सीमामा तेस्रो रात पनि गोली हानाहान भएको हो । चार दिनअघि (२२ अप्रिल)मा भारत प्रशासित कास्मिरको पहलगाममा बन्दुकधारीहरूले अन्धाधुन्ध गोली हानेर २६ जना पर्यटकको हत्या गरेपछि दुई देशबिचको सम्बन्ध बिग्रिएको छ । भारतले आक्रमणका लागि पाकिस्तानलाई दोष लगाएको छ भने इस्लामाबादले यसलाई अस्वीकार गरेको छ ।

भारतले पाकिस्तानमाथि विवादित मुस्लिम बहुल कास्मिरमा सर्वसाधारणमाथि भएको सबैभन्दा खराब आक्रमण गर्ने बन्दुकधारीलाई 'सीमापार आतंकवाद'ले समर्थन गरेको आरोप लगाएको छ । इस्लामाबादले कुनै पनि संलग्नतालाई अस्वीकार गरेको छ र पाकिस्तानलाई आक्रमणसँग जोड्ने प्रयासलाई 'तुच्छ' भन्दै कुनै पनि भारतीय कारबाहीको जवाफ दिने प्रतिज्ञा गरेको छ । भारतीय सुरक्षा बलले अप्रिल २२ मा पहलगाममा पर्यटकीयस्थलमा २६ पुरुषको हत्या गर्नेहरूको व्यापक खोजी अभियान सुरु गरेका छन् र प्रहरीले फरार बन्दुकधारीमध्ये दुई पाकिस्तानी नागरिकको नाम दिएको छ । भारतीय सेनाले दुई देशलाई विभाजन गर्ने नियन्त्रण रेखा (एलओसी)मा गोली हानाहान भएको जनाएको छ । 'हाम्रा सेनाले गोलाबारीसहित प्रभावकारी ढंगले जवाफ दिए,' भारतीय सेनाले भनेको छ । पाकिस्तानले पनि जवाफी फायर गरेको प्राप्त विवरणमा जनाइएको छ । आक्रमणपछि नयाँदिल्लीले पानी बाँडफाँड सन्धि स्थगित गरेको छ, पाकिस्तानसँगको मुख्य भूमि सीमा क्रसिङ बन्द गर्ने घोषणा गरेको छ, कूटनीतिक सम्बन्ध कम गरेको छ र पाकिस्तानीका लागि भिसा फिर्ता लिएको छ । जवाफमा इस्लामाबादले भारतीय कूटनीतिज्ञ र सैन्य सल्लाहकारलाई निष्कासन गर्न आदेश दिएको छ, सिख तीर्थयात्रीबाहेक भारतीय नागरिकका लागि भिसा रद्द गरेको छ र आफ्नोतर्फबाट मुख्य सीमा क्रसिङ बन्द गरेको छ ।

■ लगानी बोर्डको पाँचवर्षे रणनीतिक योजनाको अन्तिम मस्यौदा स्वीकृत

निजी क्षेत्रसहित ४२ परियोजनासँग २४ खर्ब लगानी सम्झौता गर्ने लक्ष्य

प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको बैठकले १४ खर्ब लगानी स्वीकृत गर्ने लक्ष्यसहितको रणनीतिक तथा व्यावसायिक योजनाको मस्यौदा स्वीकृत गरेको छ



● **प्रद्युम्नप्रसाद उपाध्याय**
प्रवक्ता, लगानी बोर्ड

बोर्ड बैठकले योजना कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न निर्देशनालयसहितको संगठन संरचनाको खाकाअनुरूप कार्यान्वयन प्रक्रिया अघि बढाउने र उक्त खाकालाई आधार मानी संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यलाई छिटो सक्न निर्देशन दिने निर्णय गर्‍यो ।



नयाँ पत्रिका

लगानी बोर्ड नेपाल (आइबिएन)को रणनीति तथा व्यावसायिक योजना (०८१/८२-०८४/८५)को अन्तिम मस्यौदा स्वीकृत भएको छ । आइतबार बसेको बोर्डको ६१औँ बैठकले झन्डै २४ खर्बको परियोजना सम्झौता र १४ खर्ब लगानी स्वीकृत गर्ने लक्ष्यसहितको रणनीतिक तथा व्यावसायिक योजनाको मस्यौदा स्वीकृत गरेको हो ।

बोर्डअध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले कार्यालयले तयार परेको योजनाको अन्तिम मस्यौदा स्वीकृत गरेको हो ।

बोर्डले तयार गरेको रणनीतिक तथा व्यावसायिक योजनाको अन्तिम मस्यौदामा अमेरिकी डलर १७.९२ अर्बबराबरका ४२ वटा परियोजनाको परियोजना सम्झौता गर्ने, अनुमानित लागत अमेरिकी डलर ५.५५ अर्बबराबरका अधिकतम १४ परियोजना निर्माण, अनुमानित लागत अमेरिकी डलर ८.९५ अर्बबराबरका अधिकतम ११ परियोजना सञ्चालन र अनुमानित लागत अमेरिकी डलर १०.९ अर्बबराबरका ९२ वटा निजी लगानीका परियोजनाको लगानी स्वीकृत गर्ने लक्ष्य राखेको छ ।

उक्त बोर्ड बैठकले सो योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न निर्देशनालयसहितको संगठन संरचनाको खाकाअनुरूप कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए ।

बैठकले उक्त खाकालाई आधार मानी लगानी बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यलाई यथासक्य चाँडो सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गर्‍यो ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, मुख्यसचिव एकनारायण अर्याल, राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठलगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारीको उपस्थिति रहेको थियो ।



आयल निगम प्रमुख भट्टले कार्यसम्पादन मूल्यांकनमा दाबी गरे १०० अंक

मासिक अर्ब नाफा कमाएर उपभोक्तालाई सहुलियत नदिएको निगमले चुहावट नियन्त्रण, डिपो अटोमेसन र व्यवसाय विविधीकरणका क्षेत्रमा एक वर्षयता गरेन सुधार

अजित अधिकारी/नयाँ पत्रिका

सन्तोषजनक कार्यसम्पादन नभएको आरोप खेप्दै आएका आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले एक वर्षमा गरेका कामबाट १०० अंक पाउनुपर्ने दाबी गर्दै कार्यसम्पादन मूल्यांकन विवरण बुझाएका छन् ।

६ फागुन ०८१ मा निगमको कार्यकारी निर्देशकमा नियुक्त भएका भट्टले गत चैतसम्मको कार्यसम्पादन विवरण मन्त्रालयलाई बुझाएका छन् । ७ वैशाखमा बुझाएको विवरणमा पूर्वाधार निर्माण तथा विकासमा ५० अंक, पेट्रोलियम पदार्थको आपूर्ति, बिक्री-वितरण तथा सुशासनमा ३५ अंक र विविधि शीर्षकमा १५ अंक पूर्णांक रहेकोमा सबैमा उनले शतप्रतिशत कार्यप्रगति भएको दाबीसहित आफूले आफैँलाई १०० अंक दिएर विवरण बुझाएका हुन् ।

'मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा उल्लेख भएबमोजिम प्रप्तांकहरूको जम्मा योगलाई जोडेर समष्टिगत प्राप्तांक कुल योग निकाल्ने उल्लेख छ । यसअनुसार मूल्यांकन गर्दा कुल योग १०० अंक प्राप्त भएको छ,' भट्टले बुझाएको विवरणमा भनिएको छ ।

कागजमा उनले शतप्रशित अंक दाबी गरे पनि एक वर्षयता उनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चुहावट नियन्त्रण गर्ने, डिपो अटोमेसनमा लैजाने, नवीन सुरक्षा मापदण्ड लागू गर्नुपर्ने, व्यवसाय विविधिकरण गर्ने, डिपोको नोक्सानी दर घटाउने, उपभोक्तामैत्री मूल्य निर्धारण गर्नेलगायतका विषयमा दिएको निर्देशन पालना नगरेको भन्दै आलोचित छन् भने निगमभित्रबाटै पनि प्रतिबद्धता गरेका काम लागू नगर्ने स्वभावका कारण भट्ट खेदिने गरेका छन् । निगमका उच्च व्यवस्थापन तहका कर्मचारी र टेड युनियनका प्रतिनिधिसँग पनि उनको वेला-वेला नोकझोक हुने गरेको छ ।

भट्टले एक वर्षभित्र काम गर्नुपर्ने गरी कार्यसम्पादन सम्झौतामा उल्लेख भएका बुँदामा उत्कृष्ट काम गरेको दाबी गरे । 'सबै काम भएका छन्, ५-६ वर्षदेखि हुन नसकेका केही काम पनि मेरै पालामा भएका छन्,' उनको जिकिर छ । नियुक्ति लिएको तीन महिनापछि सम्झौता गरेर भट्टले कार्यसम्पादनमा उच्च अंक ल्याउन बढ्याइँ पनि गरेका छन् ।

६ फागुन ०८० को मन्त्रिपरिषद्बाट नियुक्त भएका भट्टले १ जेठ ०८१ मा मन्त्रालयका तत्कालीन वाणिज्य सचिव दिनेश घिमिरेसँग कार्यसम्पादन सम्झौता गरेका थिए । तीन महिनापछि कार्यसम्पादन गर्दा प्रगति धेरै भएका आयोजनालाई बढी अंकभारमा राखेको पाइएको छ । उनी नियुक्ति हुँदा नै सकिन लागेको अमलेखगन्जस्थित १० हजार किलोलिटर क्षमताको भण्डारणगृह एक वर्षभित्र सक्ने लक्ष्य राखियो । यसबापत उनले ३ अंक प्राप्त गर्नेछन् ।

त्यस्तै, अमलेखगन्जमा सकिन लागेको पेट्रोलियम परियोजनाको दोस्रो चरणको काममा एक वर्षभित्र ९० प्रतिशत प्रगति गर्ने भनेर सम्झौता गरे । यो कार्यप्रगतिबापत उनले ५ अंक प्राप्त गर्नेछन् । सुदूरपश्चिममा नयाँ इन्धन डिपो बनाउन जग्गा खोज्ने कार्यदललाई कार्यसम्पादन विवरण बुझाउनुअघि ठीक दुई दिनअघि ५ वैशाखमा प्रतिवेदन दिन लगाए ।

■ एक वर्षयता आयल निगममा के भयो, के भएन ?



● १५ अंक पूर्णांकको भण्डारणगृह निर्माणमा भट्टले शतप्रतिशत प्रगतिको दाबी गरेका छन् । यस शीर्षकअन्तर्गतको अमलेखगन्जमा दोस्रो चरणको पाइपलाइन विस्तारमा ९० प्रतिशत प्रगति हुने उल्लेख छ । यो परियोजनामा भने शतप्रतिशत प्रगति भएको छ ।

● पाइपलाइन विस्तार गरी भण्डारणगृह बनाउने योजना रहेको चितवन र झापाको जग्गा तारबार गरी संरक्षण गर्नुपर्ने जिम्मेवारी भए पनि चितवनमा तारबारको कुनै काम भएको छैन भने अधिग्रहण गर्नुपर्ने जग्गाका लागि गत मंगलबार मात्रै सूचना निस्केको छ । झापाको जग्गा भने तारबार भए पनि अदालतमा मुद्दा परेकाले निगमको स्वामित्वमा आएको छैन ।

● भण्डारणगृह निर्माणतर्फ अमलेखगन्जमा १० हजार किलोलिटर क्षमताका दुईवटा भर्टिकल ट्यांकी निर्माण भइसकेका छन् । विराटनगरमा पेट्रोलमा रूपान्तरण भएको ट्यांकीलाई गत माघमा सञ्चालनमा ल्याइएको छ । नेपालगन्जमा पेट्रोल रूपान्तरण भएका दुईवटा ट्यांकीलाई दुई र तीन वर्षअघि नै सञ्चालनमा ल्याइएको थियो । तर, गत वर्ष सञ्चालनमा ल्याउने भनेर कार्यसम्पादन सम्झौतामा राखिएको छ ।

● भैरहवास्थित निगमको डिपोलाई रोहिणी नदी-किनारस्थित पुरानो जग्गामा सार्न उक्त जग्गाको तारबार गर्ने र थप जग्गा अधिग्रहणको प्रक्रिया सक्ने भनिए पनि जग्गा सम्याउने काम मात्र भएको छ ।

● सुदूरपश्चिमको धनगढीस्थित साँघुरो डिपो नयाँ ठाउँमा सार्न जग्गा खोजी गर्नुपर्ने कार्यसम्पादन सम्झौतामा उल्लेख छ । मन्त्रालयले २१ चैतमा कार्यसम्पादन विवरण मागेपछि हतारमा कैलालीको गोदावरी नगरपालिकामा रहेको जग्गामा डिपो सार्नुपर्ने प्रतिवेदन दिइएको छ । तर, सो जग्गा हाइटेन्सन लाइनमुनि रहेकाले डिपोका लागि अनुपयुक्त रहेको अध्ययन टोलीका एक सदस्यले बताए ।

● सर्लाहीमा ग्यासको पाइपलाइन विस्तार गरेर ग्यास भण्डारण निर्माणका लागि भारतसँग बैठक गर्नुपर्ने सर्त भए पनि यो विषयमा प्रगति शून्य छ ।

● हवाई इन्धन डिपोहरूको सुरक्षा मापदण्ड अध्ययन गराई अन्तर्राष्ट्रियस्तरको बनाउन कुनै अध्ययन भएको छैन ।

● पोखरा विमानस्थलमा निर्माणाधीन हवाई इन्धन डिपोको काम ५० प्रतिशत सकिनुपर्ने उल्लेख भए पनि ८० प्रतिशतसम्म भौतिक प्रगति भइसकेको छ ।

● हवाई इन्धन डिपोमा प्रशोधन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउन अध्ययन गर्ने भनिए पनि प्रगति भएको छैन ।

● इन्धन डिपो सुरक्षा मापदण्ड तयार गर्नुपर्ने सर्त भए पनि निगमको विनियमावलीमा रहेको पुरानै व्यवस्थाअनुसार सञ्चालन भइरहेको छ । केही समयअघि अमलेखगन्ज र नेपालगन्जमा 'स्पार्क'का कारण डिपोभित्रै आगलागी भए पनि नयाँ मापदण्ड बनाउन कर्मचारीले समेत पहलकदमी लिएका छैनन् ।

● दुर्गम जिल्लामा पेट्रोलपम्प निर्माणका लागि प्रस्ताव आह्वान गर्नुपर्ने बुँदामा भने प्रगति भएको छ । खासगरी मध्यपहाडी राजमार्ग क्षेत्रलाई लक्षित गरी नयाँ पेट्रोलपम्प सञ्चालनका लागि लाइसेन्स खोलिएको छ ।

● भिडभाडका पेट्रोलपम्प हटाउन अध्ययन गर्ने तथा निगमको स्वामित्व रहने गरी प्रत्येक प्रदेशमा नमुना पम्प खोल्न डिपिआर बनाउनुपर्ने बुँदा कागजमै सीमित छ ।

● डिपोको नोक्सानी दरको अध्ययन गरी १० प्रतिशत घटाउनुपर्नेमा अहिलेसम्म अध्ययन नभए पनि डिपोहरूको मर्मत र प्राविधिक जनशक्ति तयार गर्ने बुँदामा सामान्य प्रगति भएको छ ।

● ५० वटा पेट्रोलियम ट्यांकरमा बटम लोडिङ जडान हुनुपर्ने बुँदामा भए पनि करिब ८० वटा ट्यांकरमा बटम लोडिङ जडान भइसकेको छ ।

● व्यावसायिक र घरायसी प्रयोजनको ग्यास सिलिन्डर वितरण गर्न अध्ययन भएको छ ।

● गुणस्तर नियन्त्रण र प्रयोगशालाको क्षमता वृद्धि कार्यमा कुनै ठोस काम भएको छैन ।

● ५ अंकभार रहेको सुशासन प्रवर्द्धनतर्फ निगमको विनियवमाली संशोधन गर्नुपर्ने, प्रशासनिक र व्यवस्थापकीय कामलाई डिजिटलाइज गर्नुपर्ने, कर्मचारीलाई तालिम दिनुपर्ने र ओ एन्ड एम सर्भे गर्नुपर्ने बुँदामा कुनै काम भएको छैन ।

● प्रशासनिक तथा आर्थिक गतिविधिलाई सूचना प्रविधिमैत्री बनाउन सञ्चालनमा ल्याइएको इआरपीलाई पूर्ण उपयोगमा ल्याउनुपर्ने भनिएको छ । तर निगमले प्राप्ति गर्नुपर्ने रकम अनलाइनमार्फत भए पनि भुक्तानी चेकमार्फत नै हुने गरेको छ । अनलाइन हाजिरीमा बेथिति बढ्दो छ ।

● डिपोलाई अटोमेसनमा लैजान अध्ययनसमेत भएको छैन ।

● संस्थागत सामाजिक उत्तरदायित्वको काम गर्ने, व्यापार विविधीकरण गर्ने, सौर्य ऊर्जा र विद्युतीय सवारीबारे अध्ययन गर्ने, ग्रिन हाइड्रोजनको अनुसन्धानलाई व्यवस्थित गर्ने विषयमा कुनै काम भएको छैन । तर, १५ अंकभार रहेको विविधतर्फ पेट्रोलमा इथानोल मिसाउने, स्वचालित मूल्य प्रणालीलाई निरन्तरता दिने र इन्डियन आयल कर्पोरेसनसँगको सम्झौता कार्यान्वयन गर्ने बुँदामा प्रगति भएको छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०१/१५)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : अमिरका राउत कुर्मी (व्यक्तिगत कर्जा) -शाखा कार्यालय : वीरगंज,** (ना.प्र.नं. ३६१२०३०४, मिति २०३४/०२/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको) ठेगाना : हरिहरपुर ०२, पर्सा, बाबु: बालदेव राउत कुर्मी, बाजे: रघुनन्दन राउत कुर्मी **व्यक्तिगत जमानीकर्ताहरु :** १. **सुखादी प्रसाद पटेल -जमानीकर्ता** (ना.प्र.नं. ३४३०३३/१४३, मिति २०६३/१२/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अमिरका राउत कुर्मी, बाजे : बालदेव राउत कुर्मी २. **कुन्दन प्रसाद पटेल -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७३-१३६३६, मिति २०७३/१२/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अमिरका राउत कुर्मी, बाजे : बालदेव राउत कुर्मी ३. **रामपती कुर्मीन -जमानीकर्ता** (ना.प्र.नं. ३६१३०३०५, मिति २०४५/०१/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : अमिरका राउत कुर्मी, ससुरा : बालदेव राउत कुर्मी	२.	**ऋणी : क्यापेवल इन्जिनियरिङ्ग फर कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय ईन्द्रावती,** दर्ता नं. : १०७३१८/०६९/०७०, ठेगाना : का.म.न.पा. ०६, सरस्वतीनगर, काठमाडौं **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** १. **देवराज दुलाल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. २४३०५८/१४२, मिति २०६३/११/२० मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : पोष प्रसाद दुलाल, बाजे : देव दत्त दुलाल २. **कुमार भट्ट -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १४२४६३, मिति २०६३/०९/१८ मा जि.प्र.का. गोरखाबाट जारी भएको) बाबु: छबिलाल भट्ट, बाजे: कृष्णलाल भट्ट ३. **पोष प्रसाद दुलाल -जमानीकर्ता** (ना.प्र.नं. २०६४६, मिति २०४२/०६/२४ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : देव दत्त दुलाल, बाजे : रामकान्त दुलाल
३.	**ऋणी : अमित एण्ड सोनी इन्टरप्राइजेज (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** प्रा.फ.र.नं. : ३४१०२२/६३७२, ठेगाना : वीरगंज ०७, पर्सा **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **अनिता देवी चौरसिया -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ३४१०२२/६३७२, मिति २०६५/१२/१० मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : अशोक कुमार चौरसिया , ससुरा : काशी प्रसाद वरै २. **अशोक कुमार चौरसिया -जमानीकर्ता** (ना.प्र.नं. १६०३२२२९८, मिति २०५२/१२/१९ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : काशी प्रसाद वरै, बाजे : चन्दुमनी चौरसिया ३. **अमित कुमार चौरसिया -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७५-०७४६३, मिति २०७५/०६/२८ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अशोक कुमार चौरसिया, बाजे : काशी प्रसाद वरै	४.	**ऋणी : इन्द्रेणी गल्ला भण्डार (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** प्रा.फ.र.नं. : १२६८४/१३५५, ठेगाना : रघुनाथपुर ०८, गरुडा, रौतहट **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **पशुराम ठाकुर लोहार -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ८१०४२३३९, मिति २०४०/०९/२० मा जि.प्र.का. रौतहटबाट जारी भएको) बाबु : सहदेव ठाकुर लोहार, बाजे : राम औतार ठाकुर २. **संयोगी कुमारी देवी -जमानीकर्ता** (ना.प्र.नं. ३३९५, मिति २०४५/१२/११ मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : पशुराम ठाकुर लोहार, ससुरा : सहदेव ठाकुर लोहार ३. **बिरजु कुमार ठाकुर -जमानीकर्ता** (ना.प्र.नं. ३२२०८४-१५५९, मिति २०६६/११/०४ मा जि.प्र.का. रौतहटबाट जारी भएको) बाबु : पशुराम ठाकुर लोहार, बाजे : सहदेव ठाकुर लोहार ४. **सन्जु कुमारी शर्मा -जमानीकर्ता** (ना.प्र.नं. ३२२०८४/१५८८, मिति २०७१/०८/२६ मा जि.प्र.का. रौतहटबाट जारी भएको) पति : बिरजु कुमार ठाकुर, ससुरा : पशुराम ठाकुर लोहार
५.	**ऋणी : जानकी माछापालन र पशुपालन फार्म (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** प्रा.फ.नं.घ.उ.वि : ८५२३/१४९/०७७/०७८, ठेगाना : फेटा ०३, बारा **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **जानकी देवी तेलीन -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. १४/२०१६, मिति २०५१/१०/०३ मा जि.प्र.का. बाराबाट जारी भएको) पति : मदन साह तेली, ससुरा : देव नारायण सा तेली २. **मदन साह तेली -जमानीकर्ता** (ना.प्र.नं. १५६८/१३२७, मिति २०४४/११/२२ मा जि.प्र.का. बारावाट जारी भएको), बाबु: देव नारायण सा तेली, बाजे: काली साह ३. **अर्जुन कुमार साह -जमानीकर्ता** (ना.प्र.नं. ३३-०१-७५-०३२३९, मिति २०७५।०३।२८ मा जि.प्र.का. बारावाट जारी भएको) बाबु : मदन साह तेली, बाजे : देव नारायण सा तेली ४. **निभा कुमारी साह -जमानीकर्ता** (ना.प्र.नं. ३३-०१-७४-१०६१७, मिति २०७४/११/२० मा जि.प्र.का. बाराबाट जारी भएको) बाबु : मदन साह तेली, बाजे : देव नारायण सा तेली ५. **सीमा कुमारी साह -जमानीकर्ता** (ना.प्र.नं. ३३-०१-७२-०२१३५, मिति २०७२/०३/१५ मा जि.प्र.का. बाराबाट जारी भएको) बाबु : मदन साह तेली, बाजे : देव नारायण सा तेली	६.	**ऋणी : ॐ गोविन्द सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** प्रा.फ.र.नं. : ३९१४०/०७६/०७७, , ठेगाना : वीरगंज २२, पर्सा **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **सुनरपतिया खुलोटनी -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ६०४८१२२४, मिति २०४०/१२/१९ मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : द्वारीका महतो खुलौट, ससुरा : रामवरण महतो २. **रुद्र प्रताप चौहान -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७२-०७७०८, मिति २०७२/१२/१७ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : लालवावु प्रसाद चौहान, बाजे : द्वारीका महतो खुलौट ३. **राज चौहान -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७१-०१९५१, मिति २०७१/०२/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : लालवावु प्रसाद चौहान, बाजे : द्वारीका महतो खुलौट ३. **द्वारीका महतो खुलौट -जमानीकर्ता** (ना.प्र.नं. ६०४८१२२३, मिति २०३७/०४/१४ मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु: रामवरण महतो, बाजे: तपेशर महतो ४. **अनिता देवी चौहान -जमानीकर्ता** (ना.प्र.नं. ३४१०५१/८२, मिति २०६४/०९/३० मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : लालवावु प्रसाद चौहान, ससुरा : द्वारीका महतो खुलौट
७.	**ऋणीहरु : साह स्टोर्स, शिव भगवान पोलट्रीक प्लाष्टीक इण्डष्ट्रिज तथा दिपेन्द्र प्रसाद साह कानु र धिरेन्द्र प्रसाद साह (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** (क) **साह स्टोर्स** -सा.फ.र.नं. : ४८१/०७४/०७५, ठेगाना: वीरगंज ८, पर्सा (ख) **शिव भगवान पोलट्रीक प्लाष्टीक इण्डष्ट्रिज,** घ.तथा.सा.उ.का. प्रा.फ.पर्सा नं. ६७९/०५४/०५५, ठेगाना : वीरगंज १०, पर्सा (ग) **दिपेन्द्र प्रसाद साह कानु र धिरेन्द्र प्रसाद साह,** ठेगाना : वीरगंज १०, पर्सा १. **दिपेन्द्र प्रसाद साह कानु** (ना.प्र.नं. १६०३१८५९६, मिति २०४४/१२/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु: हिरालाल साह कानु, बाजे: देव नारायण साह कानु २. **धिरेन्द्र प्रसाद साह** (ना.प्र.नं. १६०३२७४६९, मिति २०५८/०२/०३ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : हिरालाल साह कानु, बाजे : देव नारायण साह कानु **साझेदार/व्यक्तिगत जमानीकर्ताहरु :** १. **दिपेन्द्र प्रसाद साह कानु -साझेदार/जमानीकर्ता** (ऐ.ऐ.) २. **धिरेन्द्र प्रसाद साह -साझेदार/जमानीकर्ता** (ऐ.ऐ.) ३. **प्रतिमा साह -साझेदार/जमानीकर्ता** (ना.प्र.नं. ७७६८, मिति २०६३/१२/०९ मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : दिपेन्द्र प्रसाद साह कानु, ससुरा : हिरालाल साह कानु ४. **बबिता साह -जमानीकर्ता** (ना.प्र.नं. ७७६७, मिति २०६३/१२/०९ मा जि.प्र.का. पर्सा बाट जारी भएको) पति : धिरेन्द्र प्रसाद साह, ससुरा : हिरालाल साह कानु	८.	**ऋणी : महल इट्टा उद्योग (विविध कर्जा) -शाखा कार्यालय वीरगंज,** उ.द.प.प.नं.: ७९५३/४७२/०७६/७७, ठेगाना : कलैया १२, बारा **साझेदार/व्यक्तिगत जमानीकर्ताहरु :** १. **अशोक कुमार चौरसीया -साझेदार/जमानीकर्ता** (ना.प्र.नं.२०२८७, मिति २०५६/०८/१३ मा जि.प्र.का. बाराबाट जारी भएको) बाबु : किशुनदेव राउत, बाजे : रामदयाल राउत बरै २. **अमेरिका प्रसाद चौरसीया -साझेदार/जमानीकर्ता,** (ना.प्र.नं.२१८७/२०८०, मिति २०६१/०४/०८ मा जि.प्र.का. बाराबाट जारी भएको) बाबु : राम औतार राउत बरै, बाजे : रामदयाल राउत बरै ३. **राम औतार राउत बरै -जमानीकर्ता** (ना.प्र.नं.२५८/११०८, मिति २०४५/०१/३० मा जि.प्र.का. बाराबाट जारी भएको), बाबु : रामदयाल राउत बरै, बाजे : विहारी राउत बरै ४. **इन्दु देवी चौरसीया -जमानीकर्ता** (ना.प्र.नं.३३१०८०/२८१५०, मिति २०६६/०४/१७ मा जि.प्र.का. बाराबाट जारी भएको) पति : अशोक कुमार चौरसिया, ससुरा : किशुनदेव राउत

अर्थतन्त्रमा बाह्य क्षेत्रको चुनौती जोखिम : कामु गभर्नर



काठमाडौं/ नेपाल राष्ट्र बैंकको कायममुकायम गभर्नर डा. नीलम ढुंगाना तिम्सिनाले अर्थतन्त्रमा बाह्य क्षेत्रको चुनौती बढ्न सक्ने बताएकी छिन् । राष्ट्र बैंकको ७०औँ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । 'पछिल्लो समय विश्व अर्थतन्त्रमा विभिन्न नयाँ आयामहरू देखापरेका छन् । एकातिर जारी रुस-युक्रेन युद्ध अन्त्य हुने ठोस आधार हालसम्म नदेखिँदा आपूर्ति व्यवधान हट्ने सम्भावना अनिश्चित हुँदै गएको छ भने मध्यपूर्वमा जारी द्वन्द्वको अन्त्य अनिश्चित रहेको छ,' उनले भनिन्, 'यसका साथै, संयुक्त राज्य अमेरिकाले विभिन्न मुलुकका लागि नयाँ भन्सारदर घोषणालगायत व्यापार नीतिमा परिवर्तन गरेकाले विश्व अर्थतन्त्रमा अनिश्चितता बढेको छ । यस्ता बाह्य कारणले गर्दा मुद्रास्फीति, वैदेशिक सहायता एवं बाह्य क्षेत्र व्यवस्थापनमा चुनौती थपिने देखिएको छ ।'

उनले अहिले अर्थतन्त्र लयमा आए पनि आन्तरिक माग कमजोर हुँदा चुनौती कायमै रहेको बताइन् । उनले आन्तरिक अर्थतन्त्रमा संरचनागत एवं व्यवस्थापनजन्य विषयहरूको सम्बोधन अत्यावश्यक भएको बताइन् ।

उनले अर्थतन्त्र बिस्तारै लयमा आउन थालेको छ र मुद्रास्फीति लक्षित सीमाभित्रै रहेको, आयात तथा निर्यात व्यापारमा सुधार भएको एवं बैंकिङ क्षेत्रबाट प्रवाहित कर्जा विस्तारले समेत गति लिन थालेको बताइन् ।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले अमेरिकाले विभिन्न देशमा बढाएको शुल्कको प्रभावबारे जुझ्न प्रभावकारी नीति अवलम्बन गर्नुपर्ने बताए । उनले भने, 'पछिल्लो समय अमेरिकाले शुल्क बढाएकाले त्यसले अर्थतन्त्रमा पार्ने प्रतिकूल असरबारे अध्ययन गर्नुपर्छ । अहिले भइरहेको भटमास र सूर्यमुखी तेलको निर्यातलाई लिएर गर्व गर्न सकिँदैन । हामीले मूल्य अभिवृद्धि हुने खालको वस्तु निर्यातमा ध्यान दिनुपर्छ ।'

पूर्वगभर्नर क्षेत्रीले मुलुकको वित्तीय नीति लोकरिझ्याइँ र कुनै व्यक्ति तथा समूहको फाइदाका लागि केन्द्रित हुँदा समस्या देखिएको बताए । शिथिल अवस्थामा रहेको अर्थतन्त्र सुधारका लागि राज्यका सबै निकाय र पक्ष जिम्मेवार भएर लाग्नुपर्नेमा उनले बताए । वार्षिकोत्सवको अवसरमा २० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई पनि सम्मान गरिएको छ ।

■ हवाई सेवा प्राधिकरण विधेयक संसद्मा

'हवाई क्षेत्रलाई सुरक्षित र सुदृढ पार्न विधेयक ल्याइएको हो'



पर्यटनमन्त्री बद्री पाण्डे

काठमाडौं/ नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई विभाजन गरेर नियामक र सेवाप्रदायक निकाय बनाउने नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि संसद्मा छलफल सुरु भएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, २०८१ संस्था टुक्र्याउनुभन्दा पनि प्रणालीलाई बलियो बनाउन ल्याएको बताए । विधेयकको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै उनले नेपालको हवाई क्षेत्रलाई सुरक्षित, प्रणालीलाई बलियो र अन्तर्राष्ट्रिय छविलाई सुदृढ पार्न विधेयक केन्द्रित रहेको स्पष्ट पारे ।

'यो विधेयक प्रणाली कसरी बलियो बनाउने, दक्ष जनशक्ति कसरी निर्माण गर्ने, प्रभावकारी कार्यान्वयन कसरी सुनिश्चित गर्ने र हाम्रो अन्तर्राष्ट्रिय छविलाई कसरी सुदृढ पार्ने भन्ने विषयमा केन्द्रित छ,' मन्त्री पाण्डेले भने, 'आज नेपाल हवाई सेवा प्राधिकरण र नागरिक उड्डयनसँग सम्बन्धित विषयमा छलफल भइरहेको छ, भोलि नियामक निकायको विषयमा पनि छलफल गर्नेछौँ ।'

बैठकमा कांग्रेस सांसद उदयशमशेरले धेरै समयसम्म अड्किएको विधेयक मन्त्री पाण्डेले पुनः जीवित तुल्याएको बताए । सन् २०१२ देखि अड्किएको विधेयकलाई अब निष्कर्षमा पुर्‍याउनुपर्ने उनको भनाइ थियो । एमाले सांसद वासुदेव घिमिरेले हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन ल्याइएको विधेयकलाई सबैले स्वीकार गर्नुपर्ने बताए । रास्वपा सांसद विराजभक्त श्रेष्ठले राजनीतिक नियुक्ति र भ्रष्टाचारले नियामक निकाय र नेपाल वायुसेवा निगम गल्दै गएको बताए । जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झाले विधेयकले क्यानलाई सेप्रेसन गर्ने बताइन् ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नियामक र सेवाप्रदायक निकाय अलग गर्दैमा हवाई क्षेत्रमा सुधार नआउने ठोकुवा गरे । 'नियामक र सेवाप्रदायक निकाय अलग गर्दैमा छुमन्तर हुँदैन, सबैभन्दा पहिला नियत सफा हुनुपर्छ,' उनले भने, 'यहाँ खराब नियत र भ्रष्टाचारले हवाई क्षेत्र थलिएको हो, यो ऐन आउँदैमा भ्रष्टाचार रोकिने पनि होइन, हवाई क्षेत्रको सुधार हुने पनि होइन ।'

माछापुच्छ्रे बैंक र कुवेतको अल मुजैनी एक्सचेन्जबिच रेमिट्यास सम्झौता

काठमाडौं / माछापुच्छ्रे बैंक र कुवेतस्थित अल मुजैनी एक्सचेन्जसँग रेमिट्यान्स सेवासम्बन्धी सम्झौता भएको छ। बिहीबार कुवेतस्थित होटेल मिलेनियम साल्मियामा एक औपचारिक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला र अल मुजैनी एक्सचेन्जका महाप्रबन्धक ह्युज फर्नान्डेजले हस्ताक्षर गरेका हुन्। सम्झौतासँगै सेवा सुरु गरिएको बैंकले जनाएको छ। यो सहकार्यले कुवेतमा रहेका नेपालीलाई नेपालमा रेमिट्यान्स पठाउन सहज हुने अपेक्षा गरिएको छ। उक्त कार्यक्रममा कुवेतका लागि नेपालका राजदूत सुजनी राणा, गैरआवासीय नेपाली संघ कुवेतका अध्यक्ष रणध्वज लामालगायत गैरआवासीय संघका प्रतिनिधिहरू, कुवेतस्थित विभिन्न नेपाली संघ-संस्थाका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।



सोही कार्यक्रममा बैंकले तयार पारेको बैंकको कभर गीत सार्वजनिक गरिएको थियो। बैंकका पूर्वसञ्चालक हरिभक्त सिग्देलले रचना गरेको उक्त कभर गीत बैंकका सञ्चालक समितिका अध्यक्ष रोशन केसी तथा कार्यवाहक राजदूत राणाले संयुक्त रूपमा सार्वजनिक गरेका थिए।

बैंकका अनुसार अब कुवेतमा रहेका नेपालीले कुवेतस्थित अल मुजैनी एक्सचेन्जका सबै शाखाबाट पठाएको रकम माछापुच्छ्रे बैंकका देशभरका शाखा तथा रेमिट्यान्स एजेन्टमार्फत भुक्तानी लिन सक्नेछन्।

आरन्य नेचर रिसोर्टको व्यवस्थापन एटमोसफेर कोरले सम्हाल्ने

काठमाडौं / बनेपास्थित आरन्य नेचर रिसोर्टको व्यवस्थापन दक्षिण एसियाकै प्रसिद्ध एटमोसफेर कोर हस्पिटालिटीले गर्ने भएको छ। योसँगै नेपाल पनि एटमोसफेर कोर हस्पिटालिटीको सञ्जालमा थपिएको हो। लस्ट होराइजन जंगल रिसोर्ट लिमिटेडको साझेदारीमा निर्माण भइरहेको आरन्य नेचर यही वर्षको अन्त्यतिर एटमोसफेर कोरको व्यवस्थापनमा सञ्चालनमा आउने बताइएको छ। दुई पक्षबिच रिसोर्ट सञ्चालन र व्यवस्थापनसम्बन्धी सम्झौता भएको छ। सम्झौतामा एटमोसफेर कोर ग्रुपका प्रबन्ध निर्देशक सलिल पनिग्राही र लस्ट होराइजनका अध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले हस्ताक्षर गरेका छन्।

हस्ताक्षर कार्यक्रममा बोल्दै पनिग्राहीले नेपाल दक्षिण एसियाको विलासी पर्यटकीय गन्तव्यका रूपमा अधि



बढिरहेको बताए। उनले ग्राहकलाई नयाँ गन्तव्यका रूपमा नेपाल ल्याउन पाउनु खुसीको कुरा भएको बताए। त्यस्तै, लस्ट होराइजनका अध्यक्ष प्रधानले आतिथ्यताको दृष्टिकोण, अन्तर्राष्ट्रिय मापदण्डअनुसारको ग्राहक सेवासहितको आरन्य रिसोर्ट सञ्चालन गर्ने परिकल्पना गरेअनुसार नै एटमोसफेर कोरसँग साझेदारी जुरेको बताए।

नमोबुद्धको थ्रान्गु तासी याङ्त्से गुम्बानजिकै रहेको रिसोर्टबाट एउटा इतिहास, अध्यात्म र प्राकृतिक सौन्दर्यलाई नजिकैबाट नियाल्न सकिनेछ।५१ वटा आकर्षक डिजाइनका कटेज र स्विट्स रहने उक्त रिसोर्टमा स्विमिङ पुल तथा बालबालिकाका लागि किड्स क्लब पनि हुने बताइएको छ। २५ एकड जमिनमा फैलिएको रिसोर्टबाट हिमाल र मनोरम पहाडको दृश्य अवलोकन गर्न सकिनेछ।

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०१/१५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०१/१० को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरे को/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युाँट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरे मा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/०६/२७ मा दर्ता नं. ७७०७५/०६७/०६८ अन्तर्गत दर्ता भएको **श्री गणपति सिमेन्ट इन्डष्टिज प्रा. लि.**
ठेगानाः कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स वडा नं. ८, वीरपुर, कपिलवस्तु।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. बलराम गैरेको नाति मुकुन्द प्रसाद गैरेको छोरा स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने ना.प्र.नं. ४७९९/६०५ (जारी मितिः २०४१/०२/२८, स्थान स्याङ्जा) भएका **पिताम्बर गैरे।**
२. समर बहादुर श्रेष्ठकी नातिनी राम प्रकाश श्रेष्ठकी छोरी काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३ बस्ने ना.प्र.नं. ३०-०१-६९-००६३५ (जारी मितिः २०६१/०१/२१, स्थान काभ्रेपलाञ्चोक) भएकी **जेनी श्रेष्ठ।**
३. घनश्याम न्यौपानेकी छोरी मुकुन्द प्रसाद गैरेकी बुहारी, पिताम्बर गैरेकी श्रीमती, स्याङ्जा जिल्ला वालिङ उ.म.न.पा वडा नं ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने ना.प्र.नं. ६०७७ (जारी मितिः २०५८/१२/१९, स्थान स्याङ्जा) भएकी **कृष्ण कुमारी गैरे।**
४. समर बहादुर श्रेष्ठको नाति राम प्रकाश श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३ बस्ने ना.प्र.नं. ३०१०३७/१६७८०१ (जारी मितिः २०६४/१२/१८, स्थान काभ्रेपलाञ्चोक) भएका **रोहित श्रेष्ठ।**
५. मुक्तिनाथ चौलागाईको नाति गंगा प्रसाद चौलागाईको छोरा काभ्रेपलाञ्चोक जिल्ला कात्तीके देउराली गा.वि.स वडा नं ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं ६ बस्ने ना.प्र.नं. ५६५७० (जारी मितिः २०५२/०३/२०, स्थान काभ्रे) भएका **सोम प्रसाद चौलागाई।**
६. बाला बक्श अग्रवालको नाति सत्यनारायण अग्रवालको छोरा कपिलवस्तु जिल्ला कृष्णनगर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं. ३ बस्ने ना.प्र.नं. २१९८/५१४ (जारी मिति २०४०/०२/३१, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु) भएका **सुशिल अग्रवाल।**

धितोमा रहेको घर/जग्गाको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. **श्री गणपति सिमेन्ट इन्डष्टिज प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक जवाभारी गा.वि.स वडा नं ८क हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.९१९ क्षेत्रफल ४-३-७ विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **श्री गणपति सिमेन्ट इन्डष्टिज प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक वीरपुर गा.वि.स वडा नं १ ख हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.३२७ क्षेत्रफल ०-०-१० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सम्बन्धित धितोदिनेको सहमति अनुसार रोक्का रहेको अचल सम्पत्तिको विवरणः

१. स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने **पिताम्बर गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. क्रमशः ५३६, ५४४, ४३१, ४७५, ५४२ र ४३० क्षेत्रफल क्रमशः ०-५-१०-०, ०-५-०-०, ०-३-१९-०, ०-१०-०-०, ०-९-०-० र ०-३-७-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने **कृष्ण कुमारी गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. ४५९ क्षेत्रफल ०-६-०-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/३० गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/३१ गते ३:०० बजे बैंकको **भैरहवा शाखा, रुपन्देही**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग,बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Invitation for Bids

Government of Nepal
Ministry of Health & Population
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal

Invitation of Bids for the Purchase of High End Video Endoscopy System with Bronchoscope for Hospital

Contract Identification No: **GPKNCRD/GOODS/NCB/07/2081-082**
First Date of publication: **2081/10/27**
Second Date of publication: **2082/01/15**

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites ***electronic*** bids from eligible bidders for the procurement of High End Video Endoscopy System with Bronchoscope for Hospital under **NCB – Single Stage Two Envelope.**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal or may visit PPMO e-gp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs. 3000/-(In words three thousand rupees only) in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Ltd. Damauli, Tanahu
   Name of Office : Inland Revenue Office Damauli
   Office Code no. : 305043801
   Office Account no.: 00101000000001001001
   Rajaswa (revenue) Shirshak no. : 14229
5. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in (DHARAUTI KHATA): 06001000002003000001 Nepal Bank Ltd. Damauli, Tanahu , Office Code no.: 370003801, Office Name : KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid.
6. Pre-bid meeting shall not be held.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** noon on **Baishakh 30, 2082 (May 13, 2025)**. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2 pm*** on **Baishakh 30, 2082 (May 13, 2025)** ***at*** the office of GP Koirala National Center for Respiratory Diseases. Bids must be valid for a period of ***120 Days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 210000/- (Two Lakh Ten Thousand Rupees),** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Invitation for Bids

Government of Madhesh Province (GoMP)
Ministry of Land Management, Agriculture and Cooperative
Janakpurdham, Dhanusha

Invitation for Electronic Bids for the 4WD Hardtop Jeep

IFB No. NCB/MOLMACMP/eBQ02/2081-82/Goods

Date of First publication: 28/04/2025 (15/01/2082)

1.Ministry of Land Management, agriculture and Cooperative invites **Electronic bids** from eligible bidders for the procurement of following **items under National competitive bidding procedures** *specified in Public Procurement Act-2063 and Regulations-2064.*

Descriptions	Contract ID	Quantity	Minimum Bid Security	Cost of bid documents
1. Hard top, 2WD, SUV	NCB/MOLMACMP/eBQ02/2081-82/ Goods	1	NRs. 342000.00	3000/-

2. Eligible Bidders may obtain further information and inspect each bidding document at the **Ministry of Land Management, agriculture and Cooperative, Janakpurdham, Dhanusha**, E-mail address mlacprovince2@gmail.com or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Electronic bidding documents are available online and can be downloaded from e-GP system:www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit separate nonrefundable cost of each bidding document as mentioned above in the following bank and electronic scanned copy (pdf format) of deposit voucher must be submitted along with the each electronic bid files.
   Name of the Bank: **Rastriya Banijya Bank LTD, Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative Janakpurdham, Dhanusha**
   Office Code No. : **3120017012**
   Revenue Account No. : **1000200010000**
   Revenue Head No. : **14229**
4. Pre-bid meeting shall be held on **12.00 at 19th May, 2025**
5. Bidders should submit the electronic Bids through www.bolpatra.gov.np/egp to the Ministry of Land Management, agriculture and Cooperative, Madhesh Province, Janakpurdham, Dhanusha on or before **12:00 noon on 27 May, 2025.**
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **14:00 hours on 27 May, 2025,** at the Ministry of Land Management, agriculture and Cooperative, Madhesh Province, Janakpurdham. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security of "A"class commercial Bank or cash deposit, amounting to a minimum of as mentioned above, which shall be valid for **minimum 30 days** beyond the bid validity period **90 days**.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The purchaser reserves the right to accept or reject, wholly, partly any or all bid documents without assigning any reasons, whatsoever. Incase of discrepancies or error in bid notice or any other documents purchaser reserve the right to amend or correct any time.

तेस्रो नेपाल सुपर लिगमा धेरै गोल गर्ने विदेशी खेलाडीको दबदबा

रमेश सुवेदी/नयाँ पत्रिका

तेस्रो नेपाल सुपर लिग (एनएसएल)मा पूर्ण रूपमा विदेशी खेलाडी हाबी हुँदा ललितपुर सिटी एफसीले दोस्रोपटक उपाधि जित्यो । यसपटक फ्रेन्चाइज लिगको सुरुमै स्वदेशीभन्दा विदेशी खेलाडीको दबदबाको पूर्वानुमान थियो । राष्ट्रियस्तरका चार दर्जनभन्दा बढी खेलाडी विदेश पलायन भएपछि अक्सनअगाडि स्वदेशी खेलाडीको अभाव भयो ।

जसका कारण आयोजकले तेस्रो संस्करणमा एकैपटक ६ विदेशी खेलाडीलाई अनुबन्ध गर्न पाउने प्रावधान बनायो । झापा, बुटवल-लुम्बिनीबाहेक पाँच टोलीले समान ६ खेलाडी अनुबन्ध गरेका थिए । फ्रान्स, इंग्ल्यान्ड, ब्राजिल, घाना, कोलम्बिया, मोरक्कोलगायतका १९ देशबाट एनएसएल खेल्न आए । चार खेलाडीले दशरथ रंगशालामा आफ्नो जादुमयी खेल देखाएका थिए । श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ विना विदेशी खेलाडी मैदान उतारेको विषय पनि चर्चा नभएको होइन । लिगमा नाइजेरियाबाट सर्वाधिक ६ खेलाडी अनुबन्ध भए । उज्वेकिस्तानबाट पाँच र सेनेगलबाट चार खेलाडी नेपाल आएका थिए ।

सात टोली सहभागी लिगमा एक सय २० भन्दा बढी नेपाली खेलाडीले रोजगारी पाएका थिए । तर, नेपाली खेलाडीको तुलनामा विदेशी खेलाडी पूर्ण रूपमा हाबी भए । गोल गर्ने सूचीमा पनि विदेशी नै अगाडि रहे । नेपाली खेलाडी जर्ज प्रिन्स कार्की र सुदिल राईले दुई गोल गरे । आदित्य शाक्य, नीरज चौधरी, कृतिशरत्न छुन्जु, समीर तामाङ, मणिकुमार लामा, अनन्त तामाङ, सन्तोष खत्री, आयुष घलान, नवीन लामा, लाकेन लिम्बूले जया गुरुङ पनि गोल गरेका थिए । एनएसएलमा भएका तीनवटै आत्मघाती गोल पनि नेपाली खेलाडीका नाममा रह्यो । झापाका दीपेश धिमाल, धनगढीका अमृत श्रेष्ठ र चितवनका अभिषेक लिम्बूले आत्मघाती गोल गरेका थिए ।

एनएसएलमा १९ देशका ४० भन्दा धेरै विदेशी खेलाडी, ५४ मध्ये नेपाली खेलाडीले मात्र १५ गोल गरे






▸ जोनाथन कान्टिलाना
(ललितपुर एफसी) **गोल : ३**

प्यालेस्टाइनका जोनाथन इडुआर्डो कान्टिलाना जोरिल्ला पहिलोपटक नेपाली फुटबलमा देखिएका हुन् । चिलीमा हुर्किएका उनले सुरुमा प्यालेस्टाइनबाट खेले । ३२ वर्षीय खेलाडीले आफ्नो प्रभाव पहिलो खेलमै काठमाडौंविरुद्ध देखाउन सफल भए । उनले खेलको पाँचौं मिनेटमै गोल गरे । शारीरिक रूपमा बलिया जोनाथनले पोखराविरुद्ध ३-२ को रोमाञ्चक जितमा पनि दुई गोल गरेका थिए । तर, त्यसपछिका अधिकांश खेलमा विश्राम लिएका उनले फाइनलमा भने केही समय खेले ।

▸ स्टेफन विनोङ समीर
(पोखरा थन्डर्स), **गोल : ३**

यसपटक पोखरा थन्डर्सले सरप्राइज नतिजा नै निकाल्यो । सुरुमा दुई खेलमा पराजित भएको टोलीले त्यसपछिका खेलमा अपराजित यात्रा कायम राख्दै फाइनल खेल्यो । सुमन श्रेष्ठको प्रशिक्षणमा रहेको पोखराका लागि २७ वर्षीय स्टेफनको प्रदर्शन अब्बल रह्यो । उनले काठमाडौंविरुद्ध जित्नैपर्ने खेलमा निर्णायक एक गोल गरे । झापा र धनगढीविरुद्ध पनि उनको नाममा समान एक गोल रह्यो । क्यामरुनका बिनोङसँग आधा दशकदेखि नेपाली फुटबलमा खेलेको अनुभव थियो । दशरथ रंगशालामा उनले यसको भरपूर सदुपयोग गरे ।





▸ इमोह इजेकिइल (ललितपुर सिटी), **गोल : ३**

ललितपुरका कान्टिलानासँगै इमोह इजेकिइलले पनि समान तीन गोल गरेका छन् । उनले उपाधि भिडन्तमा पोखराविरुद्ध एक गोल गर्न सफल रहे । उनकै गोलमा ललितपुरले अग्रता बनाएको थियो । त्यसअघि धनगढी र चितवनका लागि उनले समान एक गोल गरेका थिए । इमोहले लगातार दोस्रोपटक ललितपुरलाई च्याम्पियन बनाउन भूमिका खेलेका थिए । पहिलोपटक एनएसएल खेल्न आउँदा उनले सर्वाधिक ६ गोल गरेका थिए । नाइजेरियन इमोहले धनगढी र काठमाडौंविरुद्ध समान दुई तथा वीरगन्ज युनाइटेड र पोखराका लागि समान एक गोल गरेका थिए । यसपटक पनि उनको प्रदर्शन निकै राम्रो देखिएको थियो ।

▸ अमाडोउ डिओप (काठमाडौं रेन्जर्स), **गोल : ४**




पहिलो संस्करण च्याम्पियन भएको काठमाडौंले त्यसपछि राम्रो प्रदर्शन गर्न सकेन । तेस्रो संस्करणमा उपाधि जित्ने योजना बनाउँदा अमाडोउ डिओपलाई विदेशी खेलाडीको कोटाबाट अनुबन्ध गऱ्यो । रोहन कार्की मार्की रहेको काठमाडौंले सेनेगलमा २९ वर्षीय अमाडोउ डिओपले उत्कृष्ट प्रदर्शन गरे । लिगको पाँचौं स्थानमा रहेको काठमाडौंका लागि अमाडोउले चार गोल गरे । उनले पहिलो खेलमा ललितपुरविरुद्ध २-० ले पछि हुँदा पुनरागमन गराएका थिए । त्यस्तै, बुटवल, धनगढी र चितवनविरुद्ध गोल गरे । तर, यसपटक टोली लिग चरणबाट माथि बढ्न सकेन ।

▸ अहमद हिजाजी (धनगढी एफसी), **गोल : ५**

धनगढीका लागि खेलेका लेबनानका अहमद हिजाजीले लगातार आफ्नो प्रभावशाली प्रदर्शन देखाउन सफल भए । यसपटक उनको नाममा एउटा ह्यात्रिक रह्यो । आठ खेल खेल्दा ३० वर्षीय हिजाजीले पाँच गोल गरे । यसपटक उनी नै सर्वाधिक गोलकर्ताको सूचीमा रहे । काठमाडौंविरुद्ध ह्यात्रिक गरेका उनले बुटवल-लुम्बिनीविरुद्ध दुई गोल गरेका थिए । सहिद स्मारक 'ए' डिभिजन लिगमा नेपाल पुलिस क्लबबाट खेल्दै हिजाजी नेपाली फुटबलमा भित्रिएका हुन् । पछिल्लोपटक भएको 'ए' डिभिजन लिगमा पुसिललाई रेलिगेसन क्षेत्रबाट जोगाउँदै हिजाजीले तेस्रो स्थानमा पनि पुऱ्याए । दोस्रो संस्करण पनि धनगढीबाट खेलेका उनले सानदार प्रदर्शन गरे । धनगढी र हिजाजीको लगातार तेस्रोपटक फाइनल खेल्ने सपना पूरा हुन सकेन । इलिमिनेटरमा पोखरासँग पराजित हुँदा धनगढी बाहिरियो । यसअघिका दुवै संस्करणमा धनगढी उपविजेता बनेको थियो । हिजाजीले चितवन एफसीविरुद्ध विश्राम लिँदा सबै खेल खेलेका थिए ।

▸ जोई आइडु (पोखरा थन्डर्स), **गोल : ३**

पोखराले अन्तिम समयमा मात्र जोई आइडुलाई सम्झौता गरेको थियो । पोखराले उनलाई किन भित्र्याएको भनी प्रमाणित पनि गरेको छ । शारीरिक रूपमा निकै बलिया आइडुले टोलीलाई आवश्यकताअनुसार डिफेन्समा सहयोग गर्ने र काउन्टर अट्याकमा पनि उत्तिकै प्रभावशाली प्रदर्शन गर्न सफल भए । विशेषतः उनको प्रदर्शन दोस्रो क्वालिफायर्समा चितवनविरुद्ध रह्यो । टोलीलाई जित्नैपर्ने दबाबबीच दुई गोल गरेका थिए । त्यस्तै, ललितपुरविरुद्ध पहिलो भेटमा ३-२ ले पराजित हुँदा एक गोल उनको नाममा थियो । आइडुकै उत्कृष्ट प्रदर्शनमा पोखराले पहिलोपटक फाइनलमा स्थान बनाएको थियो ।



लन्डन म्याराथनमा सन्तोषीको राष्ट्रिय कीर्तिमान

नयाँ पत्रिका



१३औँ दक्षिण एसियाली खेलकुद (साग)की स्वर्ण पदक विजेता सन्तोषी श्रेष्ठले विश्वचर्चित लन्डन म्याराथनमा राष्ट्रिय कीर्तिमान बनाएकी छिन् । सन्तोषीले आइतबार आफ्नै व्यक्तिगत रेकर्ड भंग गरेकी हुन् । लन्डन म्याराथन दौड पूरा गर्न उनले दुई घण्टा ४२ मिनेट ५० सेकेन्ड लाइन् । यसपटक उनले निर्धारित दूरी तीन मिनेट ३६ सेकेन्डअगाडि पूरा गरी नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन् । नेपाल युके रनको पहलमा सन्तोषीले लन्डन म्याराथनमा भाग लिएकी हुन् ।

सन्तोषीले दुई वर्षअघि बंगलादेशको बंगबन्धु म्याराथनमा राष्ट्रिय कीर्तिमान राखेकी थिइन् । बंगलादेशमा डेब्यु गरेको स्पर्धामै उनले दुई घण्टा ४६ मिनेट २६ सेकेन्डको समयका साथ राष्ट्रिय कीर्तिमान राखेकी थिइन् । सन् २०१९ मा काठमाडौंमा भएको १३औँ सागमा उनले स्वर्ण पदक जितेकी थिइन् । मध्यम दूरीबाट अन्तर्राष्ट्रिय यात्रा सुरु गरेकी सन्तोषीले १३औँ सागपछि घरेलु सबै प्रतियोगितामा स्वर्ण पदक जित्दै आएकी छिन् । सन्तोषीले गत वर्ष फ्रान्समा भएको पेरिस ओलम्पिकको म्याराथनमा समेत सहभागिता जनाएकी थिइन् ।

नेपालले थाइल्यान्डसँग मैत्रीपूर्ण खेल खेल्ने

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले थाइल्यान्डसँग दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्ने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले थाइल्यान्डको मैदानमा दुई खेल हुने जनाएको छ । एन्फाअनुसार एएफसी महिला एसियन कप अस्ट्रेलिया २०२६ छनोटको तयारीस्वरूप मैत्रीपूर्ण खेल हुन लागेको हो । एन्फाले एक खेल अन्तर्राष्ट्रिय र एक अनौपचारिक फुटबल हुने जनाएको छ । पहिलो खेल ३० मे र दोस्रो २ जुनमा हुनेछ । बैंककमा हुने दोस्रो खेलले अन्तर्राष्ट्रिय मान्यता पाउनेछ ।

मुख्य प्रशिक्षक राजेन्द्र तामाङले बन्द प्रशिक्षणका लागि ४८ खेलाडीको प्रारम्भिक टोली घोषणा गरिसकेका छन् । टोलीले ४ मेदेखि बन्द प्रशिक्षण सुरु गर्नेछ । एसिया छनोटको समूह 'एफ'मा रहेको नेपालले लाओस, श्रीलंका र उज्वेकिस्तानसँग खेल्नेछ ।

प्रारम्भिक प्रशिक्षणमा बोलाइएका खेलाडीमा गोलरक्षकमा अञ्जिला तुम्बापो सुब्बा, अन्जना रानामगर, कोपिला खड्का, लीला जोशी, सावित्री किसन र उषा नाथ छन् । डिफेन्डरमा अमृता जैसी, विमला विक, गीता राना, मनमाया दमाई, निशा थोकर, पूजा राना, प्रतीक्षा चौधरी, सबिना चौधरी, सजनी थोकर, समीक्षा घिमिरे, सेमिहाङ्मा लिम्बू, यशोधा शाही छन् ।

मिडफिल्डरमा अनिता बस्नेत, अञ्जली चन्द, विमला चौधरी, बिर्सना चौधरी, हेमा चौधरी, कुशुम खतिवडा, प्रीति राई, रेनुका नगरकोटे, सबिता रानामगर, सहारा लिम्बू, सम्झना लावती, सरस्वती हमाल, सरू लिम्बू, सेनु परियार, सुखरिया सुक्लुकु, सुक्रिया मिया, सुष्मा तामाङ र तुलसा बोहरा छन् । स्ट्राइकरमा अनिता केसी, अनिता लम्जेल, चन्द्रा भण्डारी, जेनिफर राना, ममता पुन, मीना देउवा, पुर्निमा राई, रश्मिकुमारी घिसिङ, रेखा पौडेल, सावित्रा भण्डारी र समीक्षा मगर छन् ।

■ आइपिएल-२०२५

दिल्लीलाई हराउँदै बेंग्लोर शीर्ष स्थानमा

एजेन्सी

रोयल्स च्यालेन्जर्स बेंग्लोर १८औँ इन्डियन प्रिमियर लिग (आइपिएल)को शीर्ष स्थानमा उक्लेको छ । बेंग्लोरले आइतबार आइपिएलको ४६औँ खेलमा दिल्ली क्यापिटल्समाथि ६ विकेटको जित निकाली शीर्ष स्थानमा उक्लेको हो । पहिलो ब्याटिङ गरेको दिल्लीले २० ओभरमा आठ विकेट गुमाएर एक सय ६२ रन बनायो । प्रत्युत्तरमा बेंग्लोरले १८.३ ओभरमा चार विकेटको क्षतिमा एक सय ६५ रन बनायो । बेंग्लोरको ब्याटिङमा विराट कोहलीले अर्धशतकी इनिङ्स खेले । उनले ४७ बलमा ५१ रन जोडे । पन्जाबलाई जित दिलाउन क्रुनाल पाण्ड्याले सर्वाधिक ७३ रनको योगदान दिए । उनले ४७ बलमा पाँच चौका र चार छक्का प्रहार गरेका थिए । टिम डेभिडले अन्तिमतिर पाँच बलमा तीन चौका र एक छक्का प्रहार गरी १९ रन बनाए । बेंग्लोरले १० खेलमा सर्वाधिक १४ अंक जोडेको छ । १२ अंकका साथ दिल्ली चौथो स्थानमा छ । यसअघि पहिलो ब्याटिङ गरेको दिल्लीका लागि लोकेश राहुलले ३९ बलमा ४१ रनको योगदान दिएका थिए । स्टुब्सले १८ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ३४ रनको आक्रामक इनिङ्स खेलेका थिए । ओपनर अभिषेक पारेलले २८ रन तथा फाफ डु प्लेसिसले २२ रनको योगदान दिए । बलिङमा भुवनेश्वर कुमारले ३३ रन खर्चेर सर्वाधिक तीन विकेट लिए । यसैगरी, मुम्बई इन्डियन्सले लखनउ सुपर जायन्टलाई ५४ रनले हराएको छ ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०१।१५)

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यमबाट पेश/दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही रहेको भनी स्वीकृतीका लागि सिफारिस भएअनुसार तपसिलको बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम छनौट भएको बोलपत्र स्वीकृत गर्ने आसयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

क्र.सं.	कामको विवरण	ठेक्का संकेत नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (मू.अ.कर र पि.एस. आइटमबाहेक)
१.	Roshi khola bazar kharkhola sadak upgrade	Uproshi/45/2081/82	Bhugdeu mahakal nirman sewa	१८४७२१२।९८

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/०१/१५)

यस कार्यालयको मिति २०८१/१२/०८ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 18/081/82	Construction of Thopal Khola Corridor	Three Es Construction Pvt Ltd, Kathmandu	31,99,584.41

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८४२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

प्रकाशित मिति : २०८२/०१/१५

यस समितिबाट मिति २०८१/१२/३० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा का.म.पा.वडा नं.६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्यहरू, सडक बत्ती जडान गर्ने र नयाँ सि.सि.टिभी.क्यामराहरू जडान गर्ने कार्यहरूको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलपत्रहरू यस समितिको मिति २०८२/०१/१४ गतेको बोर्ड बैठकले स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	१/०८१/०८२	श्री तीनचुली देविथान गुठीको भवन निर्माण गर्ने कार्य	२५,३२,३६७.४६	श्री रिभर कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बु.न.पा.-१०, कपन, काठमाण्डौ ।
२.	३/०८१/८२	चुच्चेपाटी धर्मदत्त मार्गमा ब्लक बिछ्याउने कार्य	१७,२२,८९६.३१	श्री रिभर कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बु.न.पा.-१०, कपन, काठमाण्डौ ।
३.	४/०८१/८२	खाइवा टोलमा बाटो ढलान गर्ने कार्य	११,५६,२५१.७५	श्री रिभर कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बु.न.पा.-१०, कपन, काठमाण्डौ ।
४.	५/०८१/८२	तीनचुली भूवलडाडामा ३ इन्चको खानेपानी पाइप विस्तार गर्ने कार्य	८,७२,१२८.९२	श्री रिभर कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बु.न.पा.-१०, कपन, काठमाण्डौ ।
५.	६/०८१/८२	का.म.पा.वडा नं. ६ बौद्ध क्षेत्रमा सडक बत्ती जडान गर्ने कार्य	२७,८९,४०५.००	श्री कर्मदा ट्रेड एण्ड सप्लायर्स प्रा.लि., टोखा-८, बानियाटार, काठमाण्डौ ।
६.	७/०८१/८२	का.म.पा.वडा नं. ६ का विभिन्न स्थानहरूमा नँया सि.सि.टिभी.क्यामराहरू जडान गर्ने कार्य	२४,१४,९७२.७२	श्री सेक्यूर नाईट आई.टि. सोलुसन, टोखा-३, काठमाण्डौ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग, ई.पी.एस कोरिया शाखा
ग्वार्को, ललितपुर

आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना

सूचना प्रकाशन मिति : २०८२/०१/१५

यस कार्यालयको मिति २०८१/११/२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं 02/NCB/GOODS/EPS/081/082 कार्यका लागि आव्हान गरिएको बोलपत्रमा रितपुवर्क दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावमा योग्य रहेका तपशिल बमोजिमक बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम तपशिलमा उल्लेख भएको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताब खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कामको विवरण	ठेक्का नं.	प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली
Supply and Delivery of Jacket and Cap	02/NCB/GOODS/ EPS/081/082	1. HORIZON TRADERS 2. SAMRIDDHI TRADE INTERNATIONAL 3. ASIAN INTERNATIONAL BUSINESS PVT.LTD. 4. INDRAYANI ENTERPRISES 5. J.M.B.D. INTERNATIONAL 6. AANCHAL TRADE LINK 7. EVEREST SILAI UDHYOG 8. AVIGHNA TRADE AND SUPPLIERS 9. AARUSHA ENTERPRISES 10. LUCKY A.S. ENTERPRISES

आर्थिक प्रस्ताब खोलिने मिति : २०८२/१/२२ गते, सोमबार
समय : ११:०० बजे, **स्थान :** ई.पी.एस कोरिया शाखा ग्वार्को, ललितपुर

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com